# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ७, अङ्क १५, पूर्णाङ्क २८५ | २०७८ कात्तिक १० गते बुधबार | Wednesday, 27 Oct 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## युवा सङ्गठन नेपाल चौथो राष्ट्रिय सम्मेलनको तयारी पूरा

**काठमाडौँ ।** नेपाल कम्युनिस्ट पार्टीको सहायक सङ्गठन युवा सङ्गठन नेपालको चौथो राष्ट्रिय सम्मेलनको तयारी पूरा भएको संगठनले जनाएको छ । देशभरका विभिन्न जिल्लामा सम्मेलन तथा भेलाहरु सम्पन्न भइसकेको पनि संगठनले जनाएको छ । संगठनको राष्ट्रिय सम्मेलन यही कात्तिक १३, १४ र १५ गते दाङको घोराहीमा सम्पन्न हुँदैछ ।

कात्तिक १३ गते नेकपाका महासचिव विप्लवले सम्मेलन उद्घाटन गर्ने कार्यक्रम रहेको छ । सम्मेलनमा विभिन्न जिल्लाबाट आउने प्रतिनिधिको स्वागतका लागि सङ्गठनले दाङ जिल्लाका विभिन्न ठाउँमा स्वागतद्वारहरू निर्माण गरिरहेको दाङ जिल्ला इन्चार्ज मनोजले बताए । सङ्गठनले सम्मेलन हुने जिल्लाका अधिकांश ठाउँमा भित्तेलेखन कार्यलाई अघि बढाएको छ भने चौथो राष्ट्रिय सम्मेलनका लागि सङ्गठनले हजारौँ झन्डा फहराउने कार्यलाई पनि निरन्तरता दिएको छ । सङ्गठनले सम्मेलनको प्रचारप्रसारलाई पनि तीव्र पारिएको जनाएको छ ।

# जनमतसङ्ग्रह जनताको लोकप्रिय कार्यनीति हो : विप्लव

■ खोमा तरामु मगर/बुटवल

नेकपा महासचिव विप्लवले पार्टीले अगाडि सारेको जनमतसङ्ग्रहको कार्यनीति जनताको लोकप्रिय कार्यनीति भएको बताएका छन् । अखिल नेपाल शिक्षक सङ्गठन केन्द्रीय समितिको छैटौँ पूर्ण बैठकको बुटवलमा उद्घाटन गर्दै महासचिव विप्लवले जनमतसङ्ग्रह मुर्दाहरूले गर्ने नभई क्रान्तिकारीहरूले गर्ने भन्दै यो कार्यनीति एकीकृत जनक्रान्तिको राजनीतिक कार्यदिशाअन्तर्गतको कार्यनीति भएको पनि बताएका छन् ।

महासचिव विप्लवले भने, 'बन्दुक नबोकी र संसद् नछिरी वैज्ञानिक समाजवादमा पुग्ने नयाँ कार्यनीति जनमतसङ्ग्रह हो ।' उहाँले यसका पक्षमा सम्पूर्ण बुद्धिजीवी, शिक्षकहरूले बहस सिर्जना गर्नुपर्ने पनि बताए । उनले शिक्षकहरू समाज रूपान्तरणका अग्रभाग हुनुपर्ने भन्दै शैक्षिक र पेसागत मुद्दाका साथै वैज्ञानिक समाजवादका पक्षमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए । महासचिव विप्लवले पार्टीलाई अनिवार्य श्रमसित जोड्नुपर्ने प्रस्ट पार्दै भने, 'पार्टीलाई आगामी दिनमा आर्थिक दृष्टिले आत्मनिर्भर बनाउने र चन्दा उठाएर पार्टी चलाउने परम्परालाई अन्त्य गर्छौँ ।' महासचिव विप्लवले दलाल संसदीय पुँजीवादी व्यवस्थाबाट जनता आजित भएको भन्दै पुँजीवादी संसदीय व्यवस्था कि वैज्ञानिक समाजवाद भन्ने सवालमा जनतालाई फैसला गर्ने अधिकार दिनुपर्ने बताए । महासचिव विप्लवले आफूहरूले जनयुद्धको सुरुआतदेखि नै नेपालमा संसदीय व्यवस्था असफल भएको बताउँदै आएको र जनमतसङ्ग्रह जनताको तागतमा हुने बताए । उनले जनमतसङ्ग्रहबाट संसदीय व्यवस्था पराजित हुने अवस्था देखेपछि यसका विपक्षमा गलत टीकाटिप्पणी भएको समेत बताए ।




बैठकमा नेकपाका केन्द्रीय सदस्य तथा सङ्गठनका प्रयाक्सन इन्चार्ज भेषराज भुसालले नेपालको विद्यमान शिक्षाप्रणाली दलालहरूको कब्जामा परेको र यसको अन्त्यबिना नेपाली विद्यार्थीले भोग्नुपरेका शैक्षिक र शिक्षकले भोग्नुपरेका पेसागत मुद्दा समाधान नहुनेमा जोड दिए ।

सङ्गठनको पूर्ण बैठकले आगामी माघ २१, २२ र २३ गते चितवनमा सातौँ राष्ट्रिय सम्मेलन सम्पन्न गर्ने निर्णय गरेको छ । बैठकले सम्मेलनको नारा 'दलाल पुँजीवादी शिक्षाप्रणालीको अन्त्यका लागि हाम्रो आन्दोलन, वैज्ञानिक समाजवादी शिक्षाप्रणाली स्थापनाका लागि सातौँ राष्ट्रिय सम्मेलन' तय गरेको छ । बैठकले सङ्गठन सुदृढीकरण र विस्तार अभियानलाई तीव्रता दिने निर्णय गर्दै सम्मेलन सम्पन्न गर्न केन्द्रीय समितिका पदाधिकारीको कार्यविभाजनसमेत गरेको छ । त्यसअन्तर्गत प्रदेश नम्बर १ मा टीकादेवी राई, २ नं. प्रदेशमा लक्ष्मीराम ढकाल, बागमती प्रदेशमा केशव रेग्मी, गण्डकी प्रदेशमा वीरबहादुर गुरुङ, लुम्बिनी प्रदेशमा गुणाखर भट्टराई, कर्णाली प्रदेशमा रुद्रबहादुर केसी र सुदूरपश्चिम प्रदेशमा धनबहादुर बमलाई इन्चार्जको जिम्मेवारी दिएको छ । बैठकले आगामी पुस मसान्तसम्ममा प्रदेश, जिल्लाका बैठक, भेला र सम्मेलन गरिसक्ने निर्णय गरेको छ । सङ्गठनका केन्द्रीय सदस्य तथा सङ्गठनबाट नेपाल शिक्षक महासङ्घमा अर्थ उपमहासचिवको पदमा प्रतिनिधित्व गर्नुहुने शेरबहादुर ... बाँकी पृष्ठ ७ मा

## एमसीए कार्यालय हटाउन नेकपासहित पन्ध्र पार्टी र सङ्गठनले दिए संयुक्त ज्ञापनपत्र

**मकवानपुर ।** मकवानपुरको हेटौँडामा रहेको एमसीए कार्यालय हटाउन नेकपासहित अन्य १० वटा पार्टी तथा ५ वटा संस्थाले संयुक्त हस्ताक्षरित पत्र बुझाएका छन् । मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) अन्तर्गत एमसीसी सम्झौता कार्यान्वयनको पूर्वतयारीका लागि खोलिएको उक्त कार्यालय हटाउन सोमबार कार्यालयकी प्रतिनिधिमार्फत एमसीए कार्यालय हेटौँडालाई नेकपासहित १५ वटा पार्टी र सङ्घसंस्थाले संयुक्त रुपमा ज्ञापनपत्र बुझाएका ... बाँकी पृष्ठ ७ मा

## राष्ट्रिय जागरण मञ्चद्वारा नेता वीरजङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली

**काठमाडौँ ।**

नेकपा निकट राष्ट्रिय जागरण मञ्च नेपालका संयोजक गुणराज लोहनीले श्रद्धाञ्जली तथा समवेदना वक्तव्य जारी गरी नेकपाका वरिष्ठ केन्द्रीय सदस्य, जनयुद्ध एवम् एकीकृत जनक्रान्तिका योद्धा वीरजङ्गप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनले शोकसन्तप्त पार्टी महासचिव विप्लव, आमा, परिवारजन र प्रियजनहरूमा हार्दिक समवेदना पनि प्रकट गरेका छन् ।

मञ्चका संयोजक लोहनीले वक्तव्यमा भनेका छन्, 'नेपाली जनताको प्रिय र क्रान्तिकारी पार्टी नेपाल कम्युनिस्ट पार्टीका ... बाँकी पृष्ठ ७ मा

# नेकपा नेता वीरजङ्गको भावपूर्ण बिदाइ

### तपाईंको सपना साकार हुनेछ, आन्दोलनलाई धोका हुनेछैन : महासचिव विप्लव



■ अशोक सुवेदी/शिवगढी (कपिलवस्तु)

नेकपाका केन्द्रीय नेता चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को भावपूर्ण बिदाइ गरिएको छ । कपिलवस्तु शिवगढीस्थित घरमा श्रद्धाञ्जलीसभापछि स्थानीय चिराई नदीमा नेता वीरजङ्गको अन्तिम संस्कार गरिएको हो । पार्टी नेता, कार्यकर्ता, प्रियजन, आफन्त, विभिन्न पार्टीमा ... बाँकी पृष्ठ ७ मा

## केन्द्रीय जनपरिषद्द्वारा नेता वीरजङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली

**काठमाडौँ ।**

नेकपा सम्बद्ध केन्द्रीय जनपरिषद् नेपालले शोक वक्तव्य जारी गरी नेकपाका केन्द्रीय सदस्य चन्द्रबहादुर चन्द 'वीरजङ्ग' प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेको छ । केन्द्रीय जनपरिषद्का प्रमुख सन्तोष बुढामगरले जारी गरेको वक्तव्यमा महान् जनयुद्धको समयमा जनमुक्ति सेनाका बटालियन कमिसार, सेना र सङ्गठनका कुशल कमान्डर रहेका वीरजङ्गको असामयिक निधनले नेपाली कम्युनिस्ट आन्दोलनले ठूलो क्षति बेहोर्नु परेको उल्लेख छ ।

वक्तव्यमा शान्तिप्रक्रियापछि प्रचण्डको विचलन र आत्मसमर्पणपछि लगातार क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्दै लुम्बिनी ब्युरो इन्चार्ज र मध्यपश्चिम कमान्ड इन्चार्जको भूमिका कुशलतापूर्वक पूरा गर्दै आएका नेता वीरजङ्गलाई केपी ओलीको कथित कम्युनिस्ट सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि एक नम्बरको निशाना बनाएको, ... बाँकी पृष्ठ ७ मा

## नेकपाका प्रवक्ता र गृह एवम् कानुनमन्त्रीबीच सकारात्मक छलफल



**काठमाडौँ ।**

नेकपाका प्रवक्ता प्रकाण्ड र गृहमन्त्री बालकृष्ण खाँड, कानुनमन्त्री दिलेन्द्रप्रसाद बडुसहितको सरकारी टोलीका बीचमा तीनबुँदे सहमति कार्यान्वयनमा भएको प्रगति र बाँकी काम अघि बढाउने विषयमा छलफल भएको छ ।

नेकपा स्रोतका अनुसार अघिल्लो साता नेकपा प्रतिनिधि र सरकारी प्रतिनिधिबीच सहमति कार्यान्वयन र विशेषगरी बन्दी रिहाइ तथा झूट्टा मुद्दा खारेजीका विषयमा सरकारले गर्ने पहल र रिहा हुन बाँकी बन्दी र मुद्दाका विषयमा नेकपाले सूची तयार पार्ने विषयमा भएको समझदारीमा भएको प्रगतिमाथि आजको छलफल केन्द्रित थियो । छलफलमा सरकारका तर्फबाट ... बाँकी पृष्ठ ७ मा

# 'सहिद–बेपत्ता योद्धाका सपना पूरा गर्नेछौँ'



■ रातोखबर संवाददाता/रुपन्देही

**सैनामैना ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले सहिद तथा बेपत्ता योद्धा परिवारजन र जनतासित भेटघाट गरेका छन् । गत शनिबार महासचिव विप्लवले पार्टीको आन्तरिक प्रशिक्षणको सिलसिलामा रूपन्देहीको सैनामैनामा सहिद-बेपत्ता योद्धाका परिवारका सदस्य र जनतासँग भेटघाट गरेका हुन् ।

महासचिव विप्लवले सहिद परिवारसित भेटघाटपछि सङ्क्षिप्त मन्तव्य राख्दै महान् सहिदहरूका अधुरा सपनाहरूलाई पूरा गरिछाड्ने बताएका छन् । उनले आफूहरूले क्रान्तिलाई नयाँ ढङ्गले पूरा गर्ने र कुनै पनि हालतमा संसदीय पुँजीवादी व्यवस्थामा आत्मसमर्पण नगरिने बताए । विप्लवले जनमतसङ्ग्रहको माध्यमद्वारा वैज्ञानिक समाजवादमा पुग्न सम्भव रहेको बताउँदै त्यसले मात्रै जनताका अधुरा सपनाहरू ... बाँकी पृष्ठ ७ मा

# पार्टी एकता विचार र राजनीतिको प्रश्न

**देश/परिवेश**

■ विप्लव



कार्यकर्ताबाट लिइने रिपोर्टहरू ज्ञानका सङ्कलन हुन् । ती नेता, कार्यकर्ता र जनतामा पनि हुन्छ । कहिलेकहीँ नेताको दिमागमा नफुरेका कुरा जनताले गाँठो फुकाइदिन सक्छन् । प्रयोगात्मक र सैद्धान्तिक ज्ञानलाई जोडेर अर्थतन्त्रमा छिटो प्रगति गर्न सकिन्छ ।

विजातीय विचारलाई जीवनको अङ्ग मान्ने प्रचण्डको विचार गलत छ । हामीले सहजातीय विचारलाई मात्र त्यो स्थानमा राखेका छौँ । पुँजीवाद र मार्क्सवाद एकसाथ रहन्छन् भनी त्यसको अस्तित्व स्वीकार गरेर प्रतिक्रान्तिलाई पार्टीभित्र हुर्काउने चिन्तन र प्रवृत्ति गलत छ । पुँजीवादी विचार आयो भने निषेध गर्नुपर्छ तर मार्क्सवादभित्रको बहस रूपान्तरणद्वारा समाधान गर्नुपर्छ ।

कमरेड गोन्जालोको विषयमा नकारात्मक धारणाहरू आए । प्रचण्डहरूले मसिनो स्वरमा त्यही भन्न खोजे । हामीले त्यो कुरा मानेनौँ । गोन्जालोको कुरा अरूले भनेर हुन्छ ? गोन्जालोले नै भन्नुपर्छ । गोन्जालोका विषयमा हाम्रो धारणा सही भयो । गोन्जालोका विषयमा हाम्रो सर्वहारा दृष्टिकोण बनेको थियो । धारणाहरू सिद्धान्तबाट बन्नुपर्छ । व्यक्ति–व्यक्ति निजी चिन्तनका आधारमा होइन । अफगानिस्तानमा तालिबान होइन, प्रतिरोध विजय भएको हो । अफगानी जनताले अमेरिकी आक्रमण मन पराएन । तालिबान त संयोग मात्र हो ।

एकीकृत जनक्रान्ति कार्यदिशा हो । यो सिद्धान्त पनि हो । इतिहासमा नयाँ विचारलाई सुरुमै घाँटी निमोठ्ने प्रयास गरिँदै आएको छ । हामी पनि त्यसको अपवाद भएका छैनौँ । हामीलाई 'माओको भन्दा जान्ने पल्टिने, ठूला कुरा गर्ने ?' भनेर निरुत्साहित गर्न खोजिएको हो । तर अहिले किरणले पनि 'पुरानै तरिकाले हुन्न भन्ने त हाम्रो पनि हो' भन्न थाल्नुभएको छ । वस्तु गतिशील भएपछि ज्ञान पनि गतिशील हुनुपर्छ । अनुसरण मात्रैले क्रान्ति हुँदैन । अनुसरण त जसले पनि गर्न सक्छ । युवाहरूको निरन्तर उत्पादनमा समाजवाद टिक्छ । हाम्रा निर्णयहरूमा त्यो देख्न सकिन्छ । माओवादीको तीव्र विकासमा 'एज फ्याक्टर' पनि एउटा कारण थियो । मजदुर तथा श्रमिकहरूको बौद्धिकीकरण भइरहेको छ । बौद्धिक श्रमिकहरू विश्वविद्यालयमा केन्द्रित भएका छन् । हाम्रो ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# कमरेड वीरजङ्गका सपना

जन्मपछि मृत्यु हुने कुरा सत्य हो । कतिपयले मृत्यु हुनुलाई जीवनको समाप्ति पनि ठान्ने गरेका छन् तर स्रष्टा र क्रान्तिकारी योद्धाको मृत्यु हुँदैन भन्ने भनाइ भावपूर्ण र अर्थपूर्ण छ । दूरद्रष्टाहरूको जीवन भौतिक उपस्थितिसँग मात्र सीमित रहेको हुँदैन । तिनको त्याग, शौर्य, बलिदान र विचारले प्रवाह गरेको तरङ्गले युगलाई डोलायमान बनाउँछ र प्रभावित पारिरहन्छ । त्यसैले आमूल परिवर्तनका वाहक क्रान्तिकारी व्यक्तित्व, सहिद र स्रष्टाहरूको मृत्युलाई भौतिक अनुपस्थितिमा मात्र सीमित राखिँदैन । ती अमर छन् ।

मृत्यु पनि थरीथरीका हुन्छन् । सामान्य जीवको मृत्यु कुनै चर्चा र स्मरण गर्न लायक विषय बन्दैन । आमजीवको मृत्यु सामान्य र स्वाभाविक हुन्छ । समाज र सभ्यता निर्माणमा कुनै भूमिका नरहेका र महान् आन्दोलनहरूमा दमन गर्ने, धोका दिने शासक र गद्दारहरूको मृत्यु बिर्सनलायक र हलुका, प्वाँख वा कपासजस्तो हुन्छ तर सार्थक जीवन बाँच्ने क्रान्तिकारीहरूको मृत्यु ओजपूर्ण, गौरवशाली, गह्रौं र अविस्मरणीय हुन्छ । गौरवशाली मृत्युहरू विरलै प्राप्त हुन्छन् र दीर्घकालीन रूपमा सन्देश छोडेर जान्छन् । दुनियाँ बदल्ने आन्दोलन, विद्रोह र क्रान्तिहरूमा भएका बलिदानहरू यसैप्रकारका गौरवशाली मृत्युहरू हुन् । यसप्रकारका महान् मृत्युहरूमा मृत्यु आफैं पराजित हुन्छ । मृत्यु पनि सम्मानित हुन्छ । सहिदहरूको बलिदान, अग्रज व्यक्तित्वहरूको अवसान यसैप्रकारको स्मरणीय मृत्यु हो अर्थात् कहिल्यै नबिलाउने, नअस्ताउने र सधैँ प्रेरणा दिइरहने मृत्यु हो ।

नेपालको कम्युनिस्ट आन्दोलनका एक इमानदार क्रान्तिकारी व्यक्तित्व नेकपाका केन्द्रीय नेता कमरेड चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को असामयिक निधनले समाजलाई नै प्रभावित पारेको छ । कमरेड वीरजङ्गको असामयिक र दुःखद् निधनले एक महत्वपूर्ण ओज र गरिमा प्राप्त गरेको छ । उच्च बलिदानको कोटामा पर्ने कमरेड वीरजङ्गको बलिदानले नेपालको कम्युनिस्ट आन्दोलनलाई अपूरणीय क्षति पुऱ्याएको छ । एकीकृत जनक्रान्तिको महान् अभियानमा लामबद्ध भइरहेकै समयमा प्रतिक्रियावादी राज्यसत्ताको हिरासत र जेलभित्रै रहेको समयमा मुटुको जटिल रोगले गाँजेर दुईपटकसम्म अपरेसन भइसकेको अवस्थामा कमरेड वीरजङ्गको दुःखद् निधन भएको छ । नेपालको कम्युनिस्ट आन्दोलनका लागि यो अपूरणीय क्षति हो र यसको पूर्ति एकीकृत जनक्रान्तिको सफलता र वैज्ञानिक समाजवाद- साम्यवादको स्थापनाले गर्नेछ ।

आफैँले फाँसीमा झुन्ड्याउनुअघि क्रूर राणाशासकहरूले क्रान्तिकारी युवक गङ्गालाललाई अन्तिम इच्छा सोध्दै जीवनको भिक माग्ने समय उपलब्ध गराएका थिए । त्यो समयको सदुपयोग गर्दै वीर गङ्गालालले भनेका थिए- मलाई निरङ्कुश राणा शासनको अन्त्य भएको र देश र जनता निरङ्कुशताको चङ्गुलबाट मुक्त भएको हेर्न इच्छा छ...। दुस्मनको कालकोठरीमा रहँदै गम्भीर रोगहरूले गाँजेर मृत्युसँग लडिरहेका नेकपाका नेता वीरजङ्गले जीवनको अन्तिम क्षणमा भनेका थिए- देश, जनता र वर्ग अर्थात् मुक्तिकामी आन्दोलनमाथि धोका नहोस् । नेकपाका महासचिव विप्लवले क्रान्तिकारी नेता वीरजङ्गलाई भावपूर्ण बिदाइ गर्दै भनेका छन्- तपाईंको सपना साकार हुनेछ, आन्दोलन र श्रमिक वर्गमाथि धोका हुनेछैन । नेता वीरजङ्गको श्रद्धाञ्जली तथा भावपूर्ण बिदाइका क्रममा महासचिव विप्लवले गरेको यो उद्घोष अत्यन्त अर्थपूर्ण र दीर्घकालीन महत्वको छ । प्रतिक्रियावादीहरू र दलाल संसद्वादीहरूले प्रतिबन्ध फुकुवा गरेपछि नेकपामाथि अनर्गल प्रचार गर्दै आफूजस्तै संसद्वादी बनेको स्यालहुइयाँ मच्चाइरहेका छन् । बिधुवा वा विधुरले 'आशीर्वाद' दिँदा मुखले जे भने पनि मनमनले मजस्तै बनेस् भन्छन् रे भन्ने पुरानो कथनलाई पनि ओभेलमा पार्दै दलाल संसद्वादीहरूले नेकपालाई क्रान्तिकारी धार छोडेर संसद्वादी बनेको गम्भीर र सङ्गीन आरोप/अभियोग लगाउन उनीहरूको पराजय, दुष्टयाइँ र लुच्चोपनको पराकाष्टा हो । दलाल संसद्वादीहरूले समाजमा फैलाएको यस किसिमको प्रदूषित हावालाई धक्का दिँदै वीरजङ्गले पार्टीलाई भनेका छन्- आन्दोलन र वर्गलाई धोका नहोस् । यसै विषयलाई गम्भीरता र जिम्मेवारीबोध गर्दै महासचिवले भनेका छन्- तपाईंको सपना साकार हुनेछ, आन्दोलनलाई धोका हुनेछैन ।

नेता वीरजङ्गको आन्दोलनको भविष्यप्रतिको चिन्ता र महासचिव विप्लवले नेता वीरजङ्गको शवअघिल्तिर उभिएर क्रान्तिलाई धोका हुनेछैन भनेर व्यक्त गरेको प्रतिबद्धताले दुस्मनहरूका सम्पूर्ण षड्यन्त्र र भ्रमहरूलाई खारेज गरिदिएका छन् र नेपालमा जारी एकीकृत जनक्रान्ति वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना नभएसम्म रोकिने वा मोडिनेछैन भन्ने विषयमा अझै उचाइबाट दृढता व्यक्त भएको छ । यी महान् सपना र उच्च प्रतिबद्धताले नेकपाले यो दलाल संसदीय व्यवस्था खारेज गरी यसको चिहानमा वैज्ञानिक समाजवाद स्थापना गर्न प्रगतिशील संयुक्त सरकार निर्माण गरी जनमतसङ्ग्रहमा जाने पार्टीको कार्यक्रमदेखि जनताको सपनामाथि तुसारापात भएमा विद्रोह गर्ने जनताको अधिकारलाई अझ इस्पातिलो बनाएको देखिन्छ । पार्टी महासचिवले कमरेड वीरजङ्गको सपना साकार पार्न दिएको अभिव्यक्ति र प्रतिबद्धता नेपालका सम्पूर्ण आन्दोलन, युद्ध, विद्रोह र क्रान्तिमा बलिदान गर्ने सहिदहरूको सपना साकार पार्ने र देश र जनतालाई मुक्त पार्ने प्रतिबद्धता हो । यसको भाव र सारलाई सबै क्रान्तिकारीहरूले आत्मसात गर्न आवश्यक छ । क्रान्तिकारी नेता एवम् योद्धा वीरजङ्गप्रति हार्दिक श्रद्धाञ्जली !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जवाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# हाम्रो कार्यक्रम : वैज्ञानिक समाजवाद



हेमन्तप्रकाश ओली 'सुदर्शन'

'समाजले उत्पादनका साधनहरू कब्जा गरिसकेपछि माल उत्पादन समाप्त हुनेछ र यसका साथै उत्पादकमाथि उत्पादनको प्रभुत्व पनि समाप्त हुनेछ । सामाजिक उत्पादनमा अराजकताको स्थान व्यवस्थित र सुनिश्चित सङ्गठनले लिनेछ । व्यक्तिगत अस्तित्वका लागि हुने सङ्घर्ष विलोप हुनेछ । त्यसपछि खास अर्थात् मानिसले पहिलोपटक बाँकी पशु जगत्बाट आफूलाई अन्तिम रूपमा अलग गर्नेछ र पाशविक अस्तित्वको परिस्थितिलाई छोडेर वास्तविक मानव अस्तित्वमा प्रवेश गर्नेछ । जीवन परिस्थितिको समग्र क्षेत्र जसबाट मानिसको पर्यावरण तयार हुन्छ र जसले अहिलेसम्म मानिसमाथि शासन गर्दै आएको हुन्छ, त्यो अब मानिसको प्रभुत्व तथा नियन्त्रणअन्तर्गत आउनेछ । त्यो पहिलोपटक प्रकृतिको वास्तविक र सचेत मालिक बन्दछ किनभने ऊ आफ्नो सामाजिक सङ्गठनको सचेत मालिक बनेको हुन्छ । अहिलेसम्म उसको सामाजिक कार्यको नियमले बाह्य प्राकृतिक नियमका रूपमा आमनेसामने भएर उसमाथि शासन गर्ने गर्दथ्यो भने अब उसले स्वयम् त्यसलाई पूर्ण समझदारीका साथ उपयोग गर्नेछ र त्यसलाई आफ्नो नियन्त्रणमा राख्नेछ । अहिलेसम्म मानिसको आफ्नै सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा थोपरिएको एउटा आवश्यकताका रूपमा मानिसकै मुकाबिला गर्दथ्यो भने अब त्यो उसको स्वतन्त्र कार्यको परिणाम बन्नेछ । अहिलेसम्म जुन बाह्य वस्तुगत शक्तिले इतिहासमाथि शासन गर्दै आएको हुन्छ । त्यसपछि मात्र मानिसले स्वयम् पूर्ण चेतनाका साथ आफ्नो इतिहास आफैँ बनाउनेछ- अनि मात्र सामाजिक कारणहरूलाई गतिवान् बनाउनेछ, त्यसपछि नै मूलतः निरन्तर बढ्दो मात्रामा उसद्वारा चाहेको परिणाम हुनेछ । यो मानिसको आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा छलाङ हुनेछ ।'

'सार्वभौम मुक्तिको यो कार्यभार पूरा गर्नु आधुनिक सर्वहारा वर्गको ऐतिहासिक उद्देश्य हो । आजको उत्पीडित वर्गलाई यो परिस्थिति र यो महत्वपूर्ण कार्यभारको अर्थलाई पूर्ण ज्ञान गराउनु नै सर्वहारा आन्दोलनको सैद्धान्तिक अभिव्यक्ति वैज्ञानिक समाजवादको कार्यभार हो ।'

–एङ्गेल्स, ड्युहरिङ मत खण्डन, १८७६–७८, प्रगति प्रकाशन मास्कोद्वारा १९८७ मा प्रकाशित, अङ्ग्रेजी संस्करण, ग्रन्थ २५, पृ २७०–७१

'हामीले विगतमा अर्धसामन्तवाद र अर्धउपनिवेशवाद भएकाले क्रान्तिको कार्यदिशा नयाँ जनवाद निर्माण गरेका थियौं । तर दस वर्षको जनयुद्ध, गणतन्त्रको स्थापना, दलाल पुँजीवादको स्थापना, नवऔपनिवेशिक अवस्था आदि कारणले गर्दा अब नेपालको राजनीतिक कार्यक्रम नयाँ जनवाद मात्र बनाउँदा अपूर्ण हुन्छ र पछि पर्न जान्छ । अर्को कुरा, नयाँ जनवाद कुनै लामो र स्थायी चरण पनि होइन । यो केवल समाजवादमा प्रवेश गर्ने खुड्किलो मात्र हो । कम्युनिस्टहरूको आधारभूत राज्य व्यवस्था भनेको वैज्ञानिक समाजवादी व्यवस्था नै हो । ...यसर्थ हामीले अबको राजनीतिक कार्यक्रम विगतकै जस्तो नयाँ जनवादी भन्नु वस्तुवादी हुँदैन, वैज्ञानिक समाजवादी बनाउनु र वस्तुवादी हुन्छ ।'

–आठौँ महाधिवेशनमा प्रस्तुत एवम् पारित राजनीतिक प्रतिवेदन–२०७३, पृ.४७ ।

हामीले यहाँ एङ्गेल्सद्वारा मार्क्सवादका आधारभूत सिद्धान्तको विश्लेषण तथा विरोधीहरूको आरोपको खण्डन गरिएको प्रसिद्ध कृति 'ड्युहरिङ मतखण्डन' र नेपाली श्रमजीवी तथा उत्पीडित वर्गको अग्रदस्ता नेपाल कम्युनिष्ट पार्टीको आठौं महाधिवेशनद्वारा पारित राजनीतिक प्रतिवेदनबाट केही लामा उद्धरणहरू उद्धृत गरेका छौं । यसको अर्थ हो– हामीले हाम्रो पार्टीको राजनीतिक कार्यक्रमबारे सैद्धान्तिक र व्यावहारिक रूपले हाम्रा कमरेडहरू र आमजनसमुदायलाई सही कुरा बोध गराउने प्रयत्न । हामीले आठौं महाधिवेशनमा नेपाली क्रान्तिको कार्यदिशा एकीकृत जनक्रान्ति र कार्यक्रम वैज्ञानिक समाजवाद प्रस्तुत गरिसकेपछि एउटा ठूलै तरङ्ग आएको छ । यसवारे क्रान्तिकारी माओवादी र यसका महासचिव कमरेड किरणले सबभन्दा बढी बहस चलाउनुभएको छ । उहाँ र उहाँको पार्टीको आलोचनात्मक बहसले हाम्रो पार्टीको कार्यदिशा र कार्यक्रमले अरू क्रान्तिकारीलाई पारेको प्रभावका रूपमा लिनुपर्दछ । क्रान्तिकारी र प्रगतिशील किताबाट सकारात्मक प्रतिक्रियाहरू आएका छन् । संशोधनवादी र प्रतिक्रियावादीहरूचाहिँ कतिपयले खिसीट्युरी गरिरहेका छन् भने खास कुरा बुझेकाहरूचाहिँ भयभीत भइरहेका छन् । अन्तर्राष्ट्रिय रूपमा यसको कति प्रभाव परेको छ भन्ने कुरा एकजना पश्चिमा प्रचार्य हवाईजहाज भाडामै लिएर नेपाल आएबाट स्पष्ट हुन्छ । उनले यो कुरा बुझेर एउटा दैनिक पत्रिकामा अन्तरवार्ता पनि दिएका छन् तर कस्तुरीले आफैँभित्र रहेको बिनाको सुगन्ध नबुझेर यो सुगन्ध कताबाट आयो भन्दै गन्तव्यविहीन बुर्कुसी मार्ला भन्ने चिन्ता छ । यहाँ हामीले त्यो बासनादार बिना हामीभित्रै छ है भनेर आफैँलाई बुझाउनु पर्नेछ ।

दोस्रो कुरा, नेपाली साम्यवादी आन्दोलन र विश्वसाम्यवादी आन्दोलनमा मालेमावादको विकास गर्नुपर्दछ भन्ने कुरालाई बारम्बार दोहोऱ्याइरहने तर त्यसको विकास कहाँबाट गर्नुपर्दछ भन्ने प्रश्नको कहिल्यै पनि जबाफ नदिने परम्पराको हामीले अन्त्य गरेका छौं । हामीले जबाफ दिएका छौं- विचारधाराको विकास कार्यदिशा र कार्यक्रमबाट हुन्छ । नेपालमा हामीले पुष्पलालदेखि पुष्पकमल दाहालसम्मको विचारको विकास त गर्नैपर्दछ भन्ने तर विकास कहिल्यै नगर्ने परम्परालाई तोडेका छौं । हामीले के भनेका छौं भने नेपाल अब २००६ सालदेखि भक्षाउँदै आएको अर्धऔपनिवेशिक तथा अर्धसामन्ती अवस्थामा छैन । खासगरी २०४६-४७ सालको जनआन्दोलनपछि पुनर्स्थापित पश्चिमा संसदीय व्यवस्थासँगै दलाल पुँजीवाद नाङ्गो रूपमा स्थापित भएको छ । त्यसपूर्व राष्ट्रिय अर्थतन्त्रको जगमा विकास हुँदै गएका उद्योग तथा कारखानाहरू विस्थापित गरिएका छन् । आफ्नो उत्पादन निर्यातमुखी अर्थतन्त्र होइन, बरु अरू देशको उत्पादन आयातमुखी अर्थतन्त्र हावी छ । यो अर्थतन्त्रका कारणले स्वतः आत्मनिर्भर राजनीति होइन, बरु परनिर्भर राजनीति रहेको छ । विद्यमान अर्थतन्त्र र राजनीतिको अभिव्यक्तिका रूपमा बाह्य संस्कृति पनि हाबी हुन खोजिरहेको छ । यसले गर्दा नेपाल नवऔपनिवेशिक देश हो । त्यसकारण राष्ट्रिय पुँजीको विकास गर्न र राष्ट्रिय पुँजीको विकासका नाममा पुँजीवादी व्यवस्थालाई लामो समय टिक्न नदिन हामीले वैज्ञानिक समजवादको कार्यक्रम बनाएका छौं ।

तेस्रो कुरा, आज विश्वपुँजीवाद र नेपालजस्ता दलाल पुँजीवादी देशको दर्शन उदारवाद तथा नवउदारवाद बनेको छ । यसको सङ्क्षिप्त अर्थ के हो भने एकजना व्यक्तिभित्र पत्रैपत्रले बेरिएको एउटा निजत्व हुन्छ, त्यो निजत्व पूर्ण रूपमा स्वतन्त्र हुन्छ र व्यक्तिले के चाहन्छ, के मनपराउँछ भन्ने कुरा ऊबाहेक अरूले जान्न सक्दैन । यो सिद्धान्त पुँजीवादले दोस्रो विश्वयुद्धपछि ल्यायो जसबेला पूर्वीयुरोप र पूर्वी एसियामा सामूहिकतामा आधारित वैज्ञानिक समाजवादी क्रान्तिहरू भइरहेका थिए । अमेरिकी र युरोपेली साम्राज्यवादवादले सोभियत सङ्घलाई निशाना बनायो । सोभियत सङ्घ कम्युनिष्ट पार्टी (बोल्सेविक) भित्र जर्मनीका दलालहरू घुसे । अमेरिका र सोभियत सङ्घबीचको शीतयुद्धमा १९९० मा पुगेर सोभियत सङ्घ परास्त भयो । पूर्वीयुरोपका समाजवादी देशहरू पनि पराजयी भए । त्यसपछि पुँजीवादीहरूले उदारवादलाई नवउदारवादमा संश्लेषण गरे । त्यतिबेलै फ्रान्सेस फुकुयामाजस्ता अमेरिकी टट्टुहरूले 'इतिहासको अन्त्य र अन्तिम मान्छे' लेखेका छन् । करिब त्यही सेरोफेरोमा पुनर्स्थापित नेपालको संसदीय व्यवस्थाले नवउदारवादी अर्थतन्त्र स्वीकार गऱ्यो र त्यसबेलाका अर्थमन्त्री रामशरण महतले यसलाई प्रवेश गराए । हाम्रो पार्टीको वैज्ञानिक समाजवादी कार्यक्रम यो उदारवादी निजत्वका विरुद्धको सामूहिक कार्यक्रम हो । आज माओको नयाँ जनवाद वैज्ञानिक समाजवादकै एउटा खुड्किलो वा पाइला बनेको छ । मानिसभित्र रहेको निजत्व प्रकृति र समाजका नियमबाट स्वतन्त्र हुँदैन र मानिसजस्तो सामूहिक प्राणीलाई निजत्वमा सीमित गरेर कहिल्यै पनि राख्न सकिँदैन । त्यसकारण यो उदारवाद सामिर अमिनका शब्दमा 'उदार विषाणु' हो । वैज्ञानिक समाजवाद यो विषाणुविरुद्धको खोप हो ।

उल्लिखित एङ्गेल्सको संश्लेषण वैज्ञानिक समाजवादमा साम्यवादीहरूले बुझ्नुपर्ने र उत्पीडित वर्गलाई बुझाउनुपर्ने कार्यभार हो । वैज्ञानिक समाजवादमा साम्यवादीहरूले साम्यवादमा पुगेपछि उत्पादनका साधनहरू सम्पूर्ण रूपले समाजको हातमा आउँछन् । उत्पादनका साधनहरू समाजको हातमा आएपछि माल उत्पादन हुँदैन । माल उत्पादन हुँदैन भन्नुको अर्थ सामूहिक श्रमबाट उत्पादन हुने वस्तुमाथिको निजी स्वामित्व अन्त्य हुन्छ । त्यसकारण उत्पादनमा अराजकताको स्थान व्यवस्थित र सचेत सङ्घर्षले लिनुको अर्थ व्यक्तिगत अस्तित्वका लागि हुने सङ्घर्ष समाप्त हुन्छ । दोस्रो, त्यसपछि मानिस पशुजगत्बाट पूर्ण रूपले मुक्ति पाएर मानव अस्तित्वमा प्रवेश गरी आफ्नो जीवन परिस्थितिलाई शासक अवस्थाबाट शासित अवस्थामा ल्याउनेछ । त्यसपछि मानिस प्रकृतिको वास्तविक मालिक बन्दछ किनभने ऊ सामाजिक सङ्गठनको नेता बनेको हुन्छ । अहिलेसम्म मानिसको आफ्नै सामाजिक कार्यको नियमले बाह्य प्राकृतिक नियमका रूपमा शासन गर्दै आएकोमा अब भने उसले त्यसलाई पूर्ण बोधका साथ उपयोग गरी आफ्नो नियन्त्रणमा लिनेछ । तेस्रो, अहिलेसम्म मानिस आफ्नै सामाजिक सङ्गठनले प्रकृति र इतिहासद्वारा लादिएको एउटा आवश्यकताका रूपमा मानिसकै मुकाबिला गर्दथ्यो भने अब उसको स्वतन्त्र कार्यको नतिजा हुनेछ । अहिलेसम्म बाह्य वस्तुगत शक्तिले इतिहासमाथि शासन गर्दै आएकोमा अब मानिसले पूर्ण चेतनाका साथ आफ्नो इतिहास आफैँ बनाउनेछ । यसरी मात्र मूलतः र निरन्तर बढ्दो मात्रामा उसले चाहेको परिणाम प्राप्त हुनेछ । यो मानिसको आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा प्रवेश हुनेछ । यी तीनवटा कुराहरू पूर्ण रूपमा पूरा गर्नु साम्यवादी पार्टीको उद्देश्य हो, सर्वहारावर्गको परियोजना हो । यी कुराहरू बुझाउने थलो नै वैज्ञानिक समाजवादको चरण हो । साम्यवादमा गइसकेपछि त यी कुराहरू पूर्ण रूपले जीवन व्यवहारमा लागू हुन्छन् । त्यहाँ हामी आवश्यकताको संसारबाट स्वतन्त्रताको संसारमा प्रवेश गर्नेछौं ।

मार्क्सले सन् १८४८–१८५० को फ्रान्सेली क्रान्तिको समीक्षा गर्दै 'फ्रान्समा वर्गसङ्घर्ष' नामक रचनामा संश्लेषण गर्नुभएको छ :

'समाजवाद स्थायी क्रान्तिको उद्घोषण हो, सामान्यतः सर्वहारा वर्गको अधिनायकत्वले वर्गविभेदको उन्मूलन गर्न, त्यो वर्गविभेद उत्पन्न गर्ने सम्पूर्ण उत्पादन सम्बन्धको उन्मूलन गर्न, त्यो उत्पादन सम्बन्धअनुरूपको सम्पूर्ण सामाजिक सम्बन्धलाई उन्मूलन गर्न, त्यो सामाजिक सम्बन्धबाट उत्पन्न भएका विचारहरूलाई क्रान्तिकारिकरण गर्न आवश्यक सङ्क्रमण बिन्दुका रूपमा काम गर्दछ ।'

मार्क्स, फ्रान्समा वर्गसङ्घर्ष, १८५०, प्रगति प्रकाशन मास्कोद्वारा १९७८ को अङ्ग्रेजी संस्करणमा प्रकाशित ग्रन्थ १०, पृ. १२७ ।

मार्क्सको यो संश्लेषण चीनमा महान् सर्वहारा सांस्कृतिक क्रान्तिको बेला निकै प्रख्यात थियो । वैज्ञानिक समाजवाद अन्ततः थायी क्रान्ति वा निरन्तर क्रान्ति नै हो । यो यसकारणले स्थायी क्रान्ति हो- यसले साम्यवादमा पुग्न वर्गविभेदको उन्मूलन गर्नैपर्छ । यसले गरिब र धनीबीचको वर्गविभेद मात्र होइन, बरु यसअन्तर्गतका सानो जाति र ठूलो जाति, महिला र पुरुष, उत्पीडित क्षेत्र, काला र गोरा, शारीरिक श्रम र मानसिक श्रमबीचका विभेदहरू उन्मूलन गर्दछ । यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा अधिनायकत्वअन्तर्गत त्यो वर्गविभेद पैदा गर्ने निजी स्वामित्व रहेको अत्पादन सम्बन्धलाई नष्ट गरी सामूहिक स्वामित्वमा रूपान्तरण गर्दछ । यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा अधिनायकत्वअन्तर्गत त्यो उत्पादन सम्बन्धअनुरूपका सामाजिक सम्बन्धहरू, आनीबानी, रीतिरिवाज, विरासतलाई सम्पूर्ण रूपमा उन्मूलन गरेर साम्यवादअनुरूप बनाउँछ । यो यसकारणले स्थायी क्रान्ति हो- यसले सर्वहारा अधिनायकत्वअन्तर्गत त्यो सामाजिक सम्बन्धबाट उत्पन्न विचारहरूलाई मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओले जस्तै क्रान्तिकारिकरण गरेर साम्यवादअनुरूप बनाउँछ । यसको अर्थ पुँजीवादी विचारलाई साम्यवादी बनाइन्छ । त्यसपछि सर्वहारा अधिनायकत्वले कहाँ लैजान्छ ? मार्क्सले ५ मार्च १८५२ मा न्युयोर्कमा रहेका जोसेफ पेडेमेयरलाई पत्र लेख्दै भन्नुभएको छ :

'...आधुनिक समाजमा वर्गअस्तित्वको खोजी गर्ने श्रेयको अधिकारी म होइन । वर्गसङ्घर्षको खोजी गर्ने श्रेयको अधिकारी पनि म होइन । मभन्दा धेरै पहिले नै पुँजीवादी इतिहासकारले वर्गसङ्घर्षको ऐतिहासिक विकास र पुँजीवादी अर्थशास्त्रले वर्गीय आर्थिक बनावटको वर्णन गरिसकेका थिए । मैले जे नयाँ कुरा गरेँ, त्यो यो सिद्ध गर्नु थियो : (१) वर्गहरूको अस्तित्व उत्पादन विकासको निश्चित ऐतिहासिक सिलसिलामा जोडिएको हुन्छ; (२) वर्गसङ्घर्षले अनिवार्य रूपमा सर्वहारा अधिनायकत्वको दिशामा लैजान्छ; (३) यो अधिनायकत्व स्वयम् सबै वर्गहरूको उन्मूलन तथा वर्गविहीन समाजतर्फ सङ्क्रमण मात्र हुन्छ ।'

–मार्क्स, सङ्कलित पत्रव्यवहार, प्रगति प्रकाशन मास्कोद्वारा १९८२ मा प्रकाशित हिन्दी संस्करण, पृ.६८।

अन्ततः सर्वहारा वर्गको अधिनायकत्वबाट वर्गविहीन समाजतर्फ सङ्क्रमण हुन्छ । अर्थात् सर्वहारा वर्गको अधिनायकत्वले स्वयम्को अन्त्य गर्दछ र राज्यविहीन, वर्गविहीन र दलविहीन, सचेत तथा सुन्दर वैज्ञानिक साम्यवादको विकास हुन्छ । यसको अर्थ वैज्ञानिक समाजवाद पुँजीवादबाट साम्यवादमा पुग्नका लागि एउटा पुल हो जहाँ वर्गविहीन साम्यवादको आधार तयार हुन्छ । मार्क्सले भनेजस्तै 'साम्यवाद पूर्ण रूपमा प्रकृतिवादमा विकसित भएर मानवतावाद बराबर हुन्छ र पूर्ण रूपले मानवतावादमा विकसित भएर प्रकृतिवाद बराबर हुन्छ ।' यसबाट के बुझिन्छ भने साम्यवाद भनेको मानव समाजको विकासप्रक्रियामा प्राकृतिक पुनर्स्थापना हो तर विकसित रूपमा भने त्यहाँ वास्तविक मानवतावाद र प्रजातन्त्र हुन्छ । व्यक्तिगत स्वामित्वमा आधारित दास प्रथात्मक, सामन्तवादी र पुँजीवादी व्यवस्थामा मुठीभर व्यक्तिहरूले आफ्नो नाफाका लागि मानवको पर्यावरण प्रतिकूल हुने गरी प्रकृतिको नष्ट गर्दछन् भने साम्यवादमा मानिसको सचेत सङ्गठनले आफ्नो अनुकूलको प्राकृतिक वातावरण निर्माण गर्दछ र समाज नै प्रकृतिवादी बन्दछ । मानवतावाद भनेकै प्रकृतिवाद हो र प्रकृतिवाद भनेकै मानवतावाद हो । वर्गीय समाजमा मानवतावाद र पूर्ण प्रजातन्त्रको खोजी गर्नु मूर्खता हो । वैज्ञानिक समाजवादमा पनि वर्ग रहिरहने भएकाले त्यहाँ सत्ताच्युत शोषक वर्गका लागि प्रजातन्त्र कम र अधिनायकत्व बढी हुन्छ किनभने यो वर्गलाई पुनः संस्कार गरेर मात्र साम्यवाद आउँछ । अर्कोतिर सत्तारुढ शोषित- उत्पीडित वर्गका लागि प्रजातन्त्र बढी र अधिनायकत्व कम हुन्छ किनभने उसलाई पुनः संस्कार गर्नुपर्ने अवस्था कमै हुन्छ ।

हाम्रोअगाडि एउटा प्रश्न उठ्छ– पुँजीवादबाट साम्यवादमा पुग्ने सङ्क्रमणकालीन सामाजिक राज्यव्यवस्थालाई किन वैज्ञानिक समाजवाद भनिएको हो ? पहिलो कुरा, मार्क्सपूर्वका

... बाँकी पृष्ठ ३ मा

# धरान हिरासतमा कमरेड वीरजङ्गसँग


अनिल शर्मा 'विरही'

एकजना जुझारु र पाको कमरेड वीरजङ्गको असामयिक निधनले पार्टीपङ्क्ति, नेतृत्व र जनतालाई स्तब्ध र दुःखी बनाएको छ। कमरेड वीरजङ्गका विषयमा स्मृतितत्व र संश्लेषण (कर्म र व्यक्तित्व) भइरहेका छन् । 'बलिदानलाई प्रतिरोधसँग जोड्ने' प्रक्रिया चलिरहेको छ। कमरेड वीरजङ्ग र म केही महिनाअघि मात्र सुनसरी जिल्लाको धरान इप्रका हिरासतमा केही दिन एउटै कक्षमा थियौँ। यो लेखमा त्यही 'स्मृति-तत्व' उधिन्ने प्रयास गरिनेछ।

गिरफ्तार हुनुभन्दा अगाडि नै कमरेड वीरजङ्गलाई मधुमेह र उच्च रक्तचापको समस्या थियो । दाङ जिल्ला अदालतले धरौटीमा रिहा गरेपछि केही समय जेल बसेर उहाँले धरौटी बुझाउनुभयो । त्यसपछि अदालत परिसरबाटै गिरफ्तार गरेर काठमाडौँ लगियो र धुलिखेल हिरासतपछि अड्डासार गर्दै धरान इप्रका पुऱ्याइएको थियो । धरान पुऱ्याउँदा भोजपुर र सङ्खुवासभा जिल्ला हिरासतबाट धरान पुऱ्याइसकेको थियो जहाँ हाम्रो भेट भएथ्यो।

धरान हिरासतमा म एक्लै थिएँ । एक दिन प्रहरी निरीक्षकसहित एउटा टोली आयो । 'सर एक्लै हुनुहुन्छ, साथी ल्याइदिऊँ ?', निरीक्षकले सोधे । मलाई कुनै थप साथीहरू पक्राउ भए कि भन्ने लाग्यो । जिज्ञासा राखेँ । उनीहरूले कसैलाई पनि गिरफ्तार नगरेको बताए । त्यसपछि 'कसैलाई कतैबाट ल्याउँदै हुनुहुन्छ कि ? मेरो प्रश्न थियो । त्यसपछि प्रहरीहरूले को होला अनुमान गर्नुस् त भने । मैले चितवन हुँदै उहाँलाई भोजपुर लगेको थाहा पाएको मात्र होइन, धुलिखेलबाट भोजपुर लगेको समाचार प्रकाशित गर्न ढिलो भएकोमा सम्बन्धित कमरेडहरूप्रति गुनासो पनि गरेको थिएँ। तिनै घटना र सन्दर्भहरू सम्झिएँ । 'वीरजङ्गलाई ल्याउँदै हुनुहुन्छ ?', मेरो जिज्ञासा थियो । 'कसरी थाहा पाउनुभयो ?', हाँस्दै प्रहरी निरीक्षकले भने । अर्को सादा पोसाके प्रहरीले 'आफ्नो मान्छे कता-कता छन्, के हुँदैछ, थाहा भइहाल्छ नि हैन !' भन्यो। अब कैयौँ दिनदेखिको एकान्तपन टुट्ने भयो भनेर एकप्रकारको खुसी भइयो। यता जवानहरूले उहाँका लागि प्रहरीकै खाट ल्याए । प्लास्टिकको गुन्द्री र फल्याक भुइँमा राखिदिए । भुइँमा पानी जमेका कारण बस्न खाट दिएका थिए। जेल र हिरासतमा अपवादबाहेक खाट दिइन्न । अबेर वीरजङ्ग आउनुभयो । आउनुभयो के भन्नु ल्याइनुभयो । त्यसपछि हाम्रा बीचमा भलाकुसारी हुन थाल्यो।

धुलिखेलबाट भोजपुर लग्दा सयौँ प्रहरी चौकीमा ओराल्ने र चढाउने गरेर उहाँलाई हैरान पारिएको थियो । सप्तरीमा त चर्पीको गुहेकीरा यत्रतत्र स्याउँस्याउँ भएको कोठामा रातभरि थुनिएको थियो। त्यहीँ फोहोर थालमा खाना ल्याइदिएछन्। 'के हामी पशु हौँ ? यस्तो कोठा बस्न, खाना खान सकिन्छ ? तेरो भात लात्ताले उछिट्टिने गरी हानौँ ?' भनेपछि अर्को कोठामा लगे। अर्को खाना दिए। त्यो सम्झिँदा अहिले पनि दिग्मिग हुन्छ सर- उहाँले भन्नुभएको थियो। भोजपुर जेलमा उहाँलाई ढाकाटोपी खरिद गर्न बाध्य गरिएको थियो । भोजपुरमा धर्मनिरपेक्ष राज्य भेटिन्न। नेपाली राष्ट्रिय पोसाक पञ्चायतकै निरन्तरता छ। उहाँबाट सूचना लिएर मैले 'भोजपुर जेलमा पञ्चायती भूत' शीर्षकमा समाचार बनाएर बाहिर पठाएको थिएँ । उहाँलाई सङ्खुवासभा जिल्लामा अँध्यारो कोठामा थुनेका थिए र हैरान परिएको उहाँको अनुभूति थियो । सङ्खुवासभाको जिल्ला हिरासत नयाँ भवन भएकाले हामीले भने त्यस्तो अनुभूति गरेनौँ । म वीरजङ्गभन्दा पछि पुगेको थिएँ । वीरजङ्गको त्यस्तो अनुभूतिका कारण छलफल गर्ने अवसर मिलेन।

धरान हिरासतले उहाँको कोभिड १९ परीक्षण गऱ्यो। असई आएर हामीलाई टाढाटाढा भनेर गयो, कारण भनेन। हामी सतर्क थियौँ। खाने कुरा, लुगा, पुस्तक, कलमसमेत अलग-अलग गर्थ्यौँ । धरान हिरासतमा आएको अर्को दिन बिहान 'सर, आज त चौँचे खाने है' भन्नुभयो। हामीले चौँचे मगायौँ। होटेलको केटा 'इलामको कालो बङ्गुर' विज्ञापन गर्दै थियो । 'काठमाडौँमा धराने कालो बङ्गुर भन्छन्, धरानमा इलामे भन्दैछौ नि भाइ ?', मैले भनेँ। 'इलाममा दार्जिलिङ्गे कालो बङ्गुर भन्छन्, सर्दै जान्छ हजूर !', उसले भन्यो। अर्को दिन सुमनकी आमा (झापा) र जमुनासहित दुईजना धराने पत्रकार भेट्न आएका थिए। प्रतिबोध साप्ताहिक हेर्दै उहाँ धरानबाट यत्ति राम्रो पत्रिका निस्कँदो रहेछ है भन्नुहुन्थ्यो। राजनीतिक कुरा हुँदा उहाँ पटक-पटक 'सत्ता कत्ति निर्मम हुनसक्दो रहेछ है ?' भन्नुहुन्थ्यो। यस्तो छलफल चलिरहेको हुन्थ्यो। एक दिन प्रहरी आएर 'दाइ तपाईंलाई कोरोना देखियो । सुविधा सम्पन्न अस्पताल छ, जाऊँ' भन्दै लिएर गए। उहाँले घरतिर खबर गरिदिनू तर आउनु पर्दैन भनिदिनुहोला भन्नुभएथ्यो। उहाँको सुझावअनुसार 'ड्युटी गार्ड' को फोनबाट प्रकाश डुम्रेलाई खबर गरेँ। उहाँलाई सङ्खुवासभामा नै सङ्क्रमण भएको रहेछ। हाम्रो अनुभवअनुसार भोजपुर प्रहरी स्वास्थ्य मापदण्डप्रति सतर्क र गम्भीर थियो। सङ्खुवासभा ल्याङ्फ्याङ रहेछ । सङ्खुवासभा प्रहरी सबैजसो सङ्क्रमित भइसकेका थिए। अस्पताल जाँदै गर्दा 'सर मेरो जे पनि हुनसक्छ। हल्ला गरिदिनुहोला। सरकारले हाम्लाई मार्ने चाहेको छ, मारोस् !' भन्नुभयो। 'जे पनि हुनसक्छ' अर्थात् मारिन पनि सक्छु... यस्तो सुन्दा नरमाइलो भयो। मेरो पालो पनि आउने त होला भन्ने लाग्यो। हिरासतमा फेरि एक्लोपन र तनाव सुरु भयो। प्रहरीहरू आधाजसो सङ्क्रमित थिए। प्रहरीहरू आफ्ना साथीहरूलाई बोलाउँदा 'ए कोरोना' भन्थे।। जति तनाव हुन्छ, म भने त्यत्ति लेख्न बल गर्थेँ। विचारधारात्मक र राजनीतिक रुपले प्रतिरोध कायम राख्थेँ।

उहाँ सायद ५ दिनमै एकान्तबासबाट फर्किनुभयो। फर्काइनुभयो भन्नुपर्ला। 'दाइले त ५ दिनमै कोरोनालाई जितेर आउनुभयो', प्रहरीहरूले भनेथे । वीरजङ्गले सुविधा सम्पन्न भनिएको, त्यसरी प्रचार गरिएको अस्पतालको हृदयविदारक कथा-व्यथा सुनाउनुभयो। 'त्यो त नरक रहेछ सर, त्यहाँ त उपचार होइन, मार्छन् । लालबहादुरको बेहाल छ', उहाँले भन्नुभयो । त्यसपछि मैले 'नकरबाट फर्के वीरजङ्ग' शीर्षकमा समाचार बनाएर सञ्चारलाई पठाएको थिएँ । उहाँ डायरीमा घटनाक्रमहरू टिपिरहनुहुन्थ्यो। मैले रिहा भएपछि 'डायरी लेख्नुपर्छ' भनेको थिएँ। 'मैले किताब लेखेँ भने मान्छे दङ्ग पर्लान् है', उहाँले हाँस्दै भन्नुभयो।

वीरजङ्गको टाउकोदुखाइ बढ्दै थियो । एक दिन फेरि प्रहरीले घोपाक्याम्प अस्पताल लग्यो। आकस्मिक सेवा कक्षमा जाँच गरियो। चिकित्सकहरूले केही छैन भनेर पठाए। उहाँलाई थप समस्या भयो। प्रहरीले केही घन्टाभित्रै दोस्रोपटक अस्पताल लग्यो तर चिकित्सकले 'टिकट काटेर भोलि आउनुस्, अनावश्यक दुःख दिने ?' भनेछ। उहाँ 'म रमाइलो गर्न आएको हो र !' भनेर जङ्गिनुभएछ। हामीलाई अदालतमा पेस गर्ने दिन अर्थात् थुनछेक आदेश हुने दिन नजिकिँदै थियो। हामीलाई कता लग्ने हुन्, थाहा थिएन । 'जता लगे पनि एकैतिर लगे हुन्थ्यो, कता-कता लैजाने हुन्' पटकपटक भन्नुभएको थियो। थुनछेक आदेश भएपछि म भोजपुर, वीरजङ्ग काठमाडौँ र लालबहादुर उदयपुर लगिनुभयो । त्यसपछि हाम्रो कहिल्यै भेट भएन।

अहिले वीरजङ्ग हाम्रा बीचमा हुनुहुन्न। यतैकतै भैरहेझैँ, कार्यक्रममा, बैठकमा किन नआएको होला भनेझैँ लागिरहन्छ। मेरो अनुभूतिमा उहाँले हिरासतमा असुरक्षित अनुभूति गर्नुभएको, रोग नयाँ नदेखिने तर समस्या बढ्दै गएको थियो । आफ्नो स्वास्थ्यप्रति कम ध्यान दिने, सधैँ कामको तनाव हुन्थ्यो । जनताका बीचमा भएको भए आफन्त र साथीहरूले निगरानी राख्थे। उपचारमा मद्दत हुन्थ्यो। खानपान र औषधी-उपचार मिल्थ्यो तर लामो समय हिरासतमा राखियो। समयमा उपचार भएन। बिरामीमैत्री खाना भएन। जतिबेला रिहा हुनुभयो, धेरै ढिला भइसकेको रहेछ। कमरेड गोन्जालो मर्ने निश्चित भएपछि सैनिक अस्पताल लगिएको थियो । त्यस्तै ओली-बादल गिरोहले कमरेड वीरजङ्गलाई मृत्युको मुखमा पुऱ्याएर, उपचार र बिरामीमैत्री खानासमेत नदिएर कमरेड वीरजङ्गको हत्या गऱ्यो। वीरजङ्गको मृत्यु होइन, गृहमन्त्री रामबहादुर थापा 'बादल' ले गरेको हत्या हो।

७ कात्तिक, २०७८

## हाम्रो कार्यक्रम ....

समाजवादीहरूलाई मार्क्सले तीन भागमा बाँड्नुभएको छ– प्रतिक्रियावादी, पुँजीवादी र काल्पनिक । उहाँले सबैभन्दा बढी आदर्श समाजवादी काल्पनिक समाजवादीहरूलाई मान्नुभएको छ तर उनीहरूको कमजोरी के थियो भने उनीहरू वर्गसङ्घर्षद्वारा पुँजीवादी राज्यसत्ता पल्टाएर समाजवाद आउँछ भन्ने पक्षमा थिएनन् । अथवा यसो भन्न सकिन्छ, उनीहरूको ज्ञान त्यहाँसम्म पुगेको थिएन । उनीहरू त मजदुर र उत्पीडित वर्गको गरिबी र उनीहरूमाथि भएको अमानवीय शोषणलाई शासक वर्गसामु वर्णन गर्दै समाजवादको आवश्यकता शासक वर्गलाई बोध गराएर समाजवाद ल्याउन चाहन्थे। यसकारणले यो समाजवाद काल्पनिक थियो। मार्क्स र एङ्गेल्सले के कुरा नयाँ आविष्कार गर्नुभयो भने उत्पादन विकासको एउटा निश्चित ऐतिहासिक प्रक्रियामा वर्गहरूको अस्तित्व जोडिएको छ । शोषक र शोषित वर्गहरूबीचको वर्गसङ्घर्ष हाम्रो मनोगत इच्छाबाट बाहिर छ अर्थात् वर्गसङ्घर्ष अपरिहार्य छ। यसले अनिवार्य रूपमा सर्वहारा अधिनायकत्वको दिशामा लैजान्छ। सर्वहारा अधिनायकत्वले अन्ततः आफ्नै अन्त्य गर्न र वर्गविहीन साम्यवादको स्थापना गर्न सङ्क्रमणकालीन भूमिका निर्वाह गर्दछ। यसलाई मार्क्सले छोटो हुन्छ होला भन्ने सोच्नुभएको थियो तर लेनिनले यो सङ्क्रमणकालीन सामाजिक राज्यव्यवस्था लामो हुने बताउनुभएको छ । यो यसकारणले लामो हुन्छ, यसमा लेनिनले औँल्याएको र माओले व्यवहारमा लागू गर्न सुरु गरेको सांस्कृतिक क्रान्ति लामो हुन्छ। पुरानो विचारधारा, संस्कृति, रीतिरिवाज, आनीबानी र विरासत पल्टाउने सर्वहारा वर्गको कार्यभार निकै कठिन र लामो हुन्छ। दोस्रो, पृथ्वीका सबै देशहरूमा नभए पनि अधिकांश देशहरूमा समाजवाद नआईकन साम्यवाद स्थापना हुन सक्तैन । आज हाम्रो जमानामा विज्ञान र प्रविधिको विकास, उत्पादनको तीव्रता, वित्तीय तथा सञ्चारको विश्वव्यापीकरणले साम्यवादलाई धेरै नजिक ल्याइदिएको छ।

उपरोक्त वैज्ञानिक समाजवादसम्बन्धी समग्र व्याख्यापछि नेपालमा हामीले हाम्रो कार्यक्रम वैज्ञानिक समाजवाद भएको घोषणा किन गऱ्यौं भन्ने विषयमा केही कुरा राख्न जरुरी भएको छ। हामीले माथि आठौं महाधिवेशनको प्रतिवेदनबाट नेपालमा वैज्ञानिक समाजवादी कार्यक्रम किन आवश्यक छ भन्ने कुरा उद्धृत गरेका छौं । २००६ सालदेखि हाम्रो महाधिवेशनको केही समय पूर्वसम्म नेपालका अधिकांश साम्यवादी घटकहरूले नेपाल अर्धऔपनिवेशिक तथा अर्धसामन्ती रहेकाले यसको न्यूनतम् कार्यक्रम नयाँ जनवाद र अकिकतम् कार्यक्रम समाजवाद हो भनी संश्लेषण गरेका थिए। त्यसरी नै यस्तो देशमा दीर्घकालीन जनयुद्धद्वारा देशलाई मुक्त गरी पहिले राष्ट्रिय पुँजीको विकास गर्न नयाँ जनवादी चरण लागू हुन्छ भन्ने मान्यता थियो। अहिले पनि केही साम्यवादी पार्टीको यो मान्यता जारी छ। हामीले यो मान्यताबाट क्रमभङ्ग गरेका छौं। नेपाल अब अर्धऔपनिवेशिक र अर्धसामन्ती अवस्थामा रहेको छैन। यो नवऔपनिवेशिक अवस्थामा पुगेको छ । साम्यवादको नायक राजतन्त्र दश वर्षे ऐतिहासिक जनयुध्द र त्यसबाट उत्पन्न जनआन्दोलनबाट अन्त्य भएको छ। यसकारण अर्धसामन्ती अवस्था पनि हटेको छ। साम्राज्यवाद आज सामन्तवादसँगको साँठगाँठबाट होइन, बरु दलाल पुँजीपति वर्गलाई स्थापित गरेर आएको छ । दलाल पुँजीपति वर्गलाई राज्यसत्तामा राखेर उसले नेपालमा आफैँले उत्पादन गरेको माल पठाई आफ्नो एकाधिकार बजार कायम गरेको छ। परिणामस्वरूप दलाल पुँजीवादी अर्थतन्त्रमाथि दलाल पुँजीवादी र राज्यव्यवस्था खडा भएको छ। त्यसकारण नेपाली शोषित–उत्पीडित जनता र दलाल पुँजीवादका बीचमा प्रधान अन्तरविरोध खडा भएको छ । यो अन्तरविरोध समाधान गर्न नयाँ जनवादले मात्र सक्तैन। यो अब अपूर्ण हुन्छ। त्यसकारण यसको समाधान गर्न हामीलाई वैज्ञानिक समाजवादकै कार्यक्रम आवश्यक हुन्छ। दलाल पुँजीवादी अर्थतन्त्र र राज्यसत्ता कब्जा गरेर पुँजीवादको एउटा पाइला पनि पूरा गर्नुपर्ने हुन्छ। यसका लागि एउटा चरणकै आवश्यकता पर्दैन । यसमा रुसको फब्रुअरी क्रान्तिदेखि अक्टोबर क्रान्तिसम्मको वा त्यसभन्दा केही तल र केही माथिको समय लाग्न सक्छ तर यो समाजवादी क्रान्तिकै एउटा सानो अंश हुन्छ। समग्रमा यो वैज्ञानिक समाजवादी क्रान्ति नै हुन्छ।

यहाँ के कुरा पनि बताउन आवश्यक छ भने नेपालमा र विश्वमा अहिले पनि आफूलाई समाजवादी भन्नेहरू धेरै छन् । भारतले पनि आफूलाई समाजवादी भएको बताउँछ भने चीनले पनि आफूलाई चिनियाँ विशेषतासहितको समाजवादी भनेको छ। नेपाली काङ्ग्रेसले पनि आफूलाई समाजवादी भनेको छ तर उसले आफूलाई प्रजातान्त्रिक समाजवादी भनेर पुँजीवादी कित्ता स्पष्ट पारेको छ। कथित नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) ले पनि आफूलाई समाजवादी बताएका छन् । नेपाली कम्युनिस्ट आन्दोलनमा सबभन्दा पहिले आफूलाई समाजवादी भन्ने त नेपाल मजदुर–किसान पार्टी नै हो । उनीहरू कसैले पनि आफूलाई जता पनि अर्थ लाग्ने द्विअर्थी शब्द समाजवादको प्रयोग गरी शोषित–उत्पीडित वर्गको कित्ता स्पष्ट गरेका छैनन्। यस सन्दर्भमा महासचिव क. विप्लव नेतृत्वको पार्टीले वैज्ञानिक समाजवादलाई आफ्नो कार्यक्रम बनाएर कित्ता स्पष्ट गरेको छ जसले गर्दा जनतालाई कुनै भ्रम पर्दैन । त्यसकारण नेपालमा प्रजातान्त्रिक समाजवादी भनेपछि पुँजीवादी र वैज्ञानिक समाजवादी भनेपछि साम्यवादी भन्ने कुराको रेखाङ्कन भएको छ। जसले आफूलाई समाजवादी मानव बताउँछन् न महिला, न त पुरुष रहेका तेस्रो लिङ्गीहरू हुन् । ती आफ्नो राजनीतिक चरित्रमा अवसरवादी पनि छन्।

वैज्ञानिक समाजवादमा पुग्ने हाम्रो कार्यदिशा भनेको एकीकृत जनक्रान्ति हो । हामीले यसलाई एकीकृत जनक्रान्ति भन्नुका आधारहरू निम्नानुसार रहेका छन् :

(१) आजको सूचना भूमण्डलीकरण, ज्ञानको भूमण्डलीकरण, उत्पादन एवम् वित्तीय भूमण्डलीकरण र विज्ञान तथा प्रविधिको भूमण्डलीकरण भएको युगमा गाउँ र सहरको ठूलो दूरी रहेको छैन । त्यसकारण अब यहाँ हामीलाई लेनिनले विकास गरेको सशस्त्र जनविद्रोह र माओले विकास गरेको दीर्घकालीन जनयुद्धको कार्यदिशामध्ये कुनै एउटा लागू गर्नु अपूर्ण हुन्छ। यो दुवै कार्यदिशाको समायोजन र विकासले मात्र पूर्णता हासिल हुन्छ । त्यसकारण एकीकृत जनक्रान्तिको एउटा महत्वपूर्ण आधार दुवै कार्यदिशाको संयोजन र विकासलाई बनाएका छौं।

(२) एकीकृत जनक्रान्तिको अर्को आधार भनेको मूलतः चार विशेषताहरू भएको विश्वअर्थव्यवस्था हो। यो विश्वअर्थव्यवस्थाको पहिलो विशेषता अति एकाधिकारवादी र अति केन्द्रीकृत रहेको छ । एक प्रतिशत विश्व-धनाढ्यहरूको सम्पत्ति र ९९ प्रतिशत मानिसहरूको सम्पत्ति बराबर रहनु यसको एउटा प्रमाण हो। ९९ प्रतिशत मानिहरूको सम्पत्ति पनि कहीँ न कहीँ ती अति एकाधिकारवादी पुँजीपतिहरूको हातमा रहेको छ । मध्यम वर्गको ठूलो हिस्सालाई पनि यही एकाधिकारी वर्गले चुसेर कङ्गालीकरण गरिरहेको छ। यो विश्व-अर्थव्यवस्थाको दोस्रो विशेषता भनेको विकेन्द्रित उत्पादन र केन्द्रीकृत वितरण हो । माक्स–लेनिन–माओको समयमा यसको विपरीत थियो । अर्थात् केन्द्रीकृत उत्पादन र विकेन्द्रित वितरण । आज पुँजीपतिवर्गले मजदुर वर्गलाई ठूलो सङ्ख्यामा सङ्गठित हुन नदिन विकेन्द्रित उत्पादन प्रक्रिया अपनाएको छ भने मुठीभर मानिस धनी हुन केन्द्रीकृत वितरण व्यवस्था मिलाएको छ । सर्वहारा वर्गले र यस वर्गको पार्टीले मजदुर खोज्न वितरणका केन्द्रमा पुग्न जरुरी छ । आजको विश्व अर्थव्यवस्थाको तेस्रो विशेषता भनेको उत्पादक शक्तिमा विज्ञान–प्रविधिको समायोजन हुनु हो। यसले गर्दा उत्पादमा तीव्रता आएको छ। तर वितरण प्रणाली निजी स्वामित्वमा आधारित भएकाले अमेरिकामा गहुँको अति उत्पादन भए पनि सोमालियाका जनता भोकले कङ्गाल भएर मरिरहन्छन् । आजको विश्व-अर्थव्यवस्थाको चौथो विशेषता भनेको औपचारिक रूपमा अर्थतन्त्रको नियन्त्रण र निर्देशक राजनीति भए पनि अनौपचारिकता र वास्तविकतामा अर्थतन्त्रले राजनीतिलाई निर्देशन गरिरहेको छ । हामी सबैले आफ्नै आँखाअगाडि देखिरहेको छौँ- संसदीय चुनावमा पैसा जसको बढी हुन्छ, त्यसैले जितिरहेको छ। नेपालमा गाउँपालिकाको वडाध्यक्ष जित्न पनि करोडभन्दा कम्ले जित्न गाह्रो छ । ठूलाठूला निगमहरूले देशको राजनीतिमा प्रभाव पार्न थालेका छन्। हरेक पार्टीका राजनीतिक नेताहरू, नोकरसाहीतन्त्रका प्रमुखहरू, न्यायालयका न्यायाधीशहरू, प्रहरी र सेनाका प्रमुख अधिकृतहरू पुँजीपतिहरूको हातमा नाचिरहेका छन् । यसकारण उनिहरू देशको विकास, उत्पीडितहरूलाई न्याय र देश तथा जनताको सुरक्षा गर्नुभन्दा भ्रष्टाचार, भोगविलास र निजी सम्पत्तिको विकासमा लागेका छन् । यो विश्व-पुँजीवादका चार विशेषताहरू नेपालमा पनि लागू भएका छन् । यो चार विशेषता भएको विश्व-पुँजीवादी अर्थव्यवस्थाले किसान, मजदुर, सिपाही मात्र चुसिएका छैनन्, बरु उसका लागि बढी रस प्राप्त हुने वर्ग राष्ट्रिय पुँजीपति र मध्यम वर्ग बनेको छ। मध्यम वर्गको ९० प्रतिशत टाटपल्टिँदै गएर किसान मजदुर सिपाहीको पङ्क्तिमा उभिने स्थितिमा पुगेको छ। यो अर्थ व्यवस्था एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ।

(३)भौतिकशास्त्रका बैज्ञानिक स्टेफिन हकिङले प्रकृति विज्ञानका क्षेत्रमा अल्बर्ट आइन्स्टाइनको सापेक्षताको सिद्धान्त र स्वयम् आइन्स्टाइन, म्याक्स प्लाङ्कलगायतले सुरुआत गरेको तथा सूक्ष्म जगत्मा नयाँ गहिराइमा पुगेको अनिश्चयताको सिद्धान्तलाई मिलाएर एकीकृत भौतिकशास्त्रको आविष्कार गरेका छन् । यस सिद्धान्तको मद्दतले केही वैज्ञानिकहरूले मात्र होइन, बरु आम जनताले ब्रह्माण्डका सम्पूर्ण वस्तुहरू सही तरीकाले बुझ्न सक्ने स्थिति बनेको छ । स्थुल जगत्लाई बुझ्न सक्ने भौतिक शास्त्र सापेक्षताको सिद्धान्त र सुक्ष्म जगतलाई बुझ्न सक्ने क्वान्टम सिध्दान्त तथा अनिश्यताको सिद्धान्तबीचको एकता द्वन्द्वात्मक भौतिकवादी दर्शनमा विपरीतहरूको एकत्त्व पनि हो । त्यसकारण यो प्राकृतिक विज्ञानको सिद्धान्त पनि हाम्रो कार्यदिशा एकीकृत जनक्रान्तिको महत्वपूर्ण आधार बनेको छ।

(४) सैन्य विज्ञानमा उच्च प्रविधि र निम्न प्रविधि, छापामार, चलायमान र मोर्चाबद्ध युद्ध, सहरिया आधारइलाका र गाउँले आधारइलाकाको समायोजन आवश्यक बन्न गएको छ । यो एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ।

(५) सामाजिक विज्ञानमा वर्गसङ्घर्ष र राष्ट्रियताको सङ्घर्षलाई समायोजन नगरी आजको श्रमजीवी तथा सर्वहाराले जित्न सक्दैन। यसमा पनि वर्गसङ्घर्ष राष्ट्रियताहरूको सङ्घर्षलाई नेतृत्व गर्दछ। राष्ट्रियताहरूको एकता र देशको सार्वभौम अखण्डता दुवै राष्ट्रियताका प्रश्नहरू हुन् । त्यसकारण वर्गीयता र राष्ट्रियताको अपरिहार्य समायोजन एकीकृत जनक्रान्तिको आधार बन्न पुगेको छ।

(६) अन्तिम र धेरै महत्वपूर्ण एकीकृत जनक्रान्तिको आधार भनेको राजनीतिक, आर्थिक र सांस्कृतिक क्रान्तिको समायोजन हो। राजनीति अर्थतन्त्रको केन्द्रीय अभिव्यक्ति भएकाले यो स्वतः अर्थतन्त्रसँग जोडिएको छ भने विद्यमान संस्कृति विद्यमान राजनीति र अर्थतन्त्रको अभिव्यक्तिका रूपमा रहेको हुन्छ। तर संस्कृति लामो विचारधारा, रीतिरिवाज, चालचलन र विरासतको परम्परा हो । राजनीतिक क्रान्ति जति छिटो र सजिलो हुन्छ त्यति छिटो र सजिलो सांस्कृतिक क्रान्ति हुँदैन। त्यसकारण लेनिनको उद्घाटन र माओको विकासद्वारा समृद्ध गरिएको सांस्कृतिक क्रान्ति आज साम्यवादी पार्टीका लागि राजनीतिक क्रान्तिको पहलदेखि नै जोडिन पुगेको छ । राजनीति र संस्कृतिको आधार बनेको अर्थतन्त्रलाई पनि तदनुरूप परिवर्तन नगरीकन क्रान्ति सफल हुँदैन।

एकीकृत जनक्रान्तिलाई हाम्रो पार्टीले नेपाली क्रान्तिको कार्यदिशाका रूपमा संश्लेषण गरिसकेपछि हामीले यसका निसानाहरू र त्यो निसानामा प्रहार गर्ने साथीहरू पनि स्पष्ट गरेका छौँ। दलाल पुँजीवादी वर्ग, नोकरशाही पुँजीवादी वर्ग र सामन्तवादका अवशेषहरू यसका प्रमुख निसानाहरू हुन् । यी तीनै निसानाहरूको नेतृत्व दलाल पुँजीवादले गर्दछ । यो क्रान्तिका साथीहरू तथा प्रेरकहरू आजका मजदुर, किसान, सिपाही, सुकुमबासी, राष्ट्रिय पुँजीपति र मध्यम वर्ग हुन् । यसको अलग व्याख्या र विकास आवश्यक छ। आजका मजदुर, किसान, सिपाही, राष्ट्रिय पुँजीपति र मध्यम वर्ग आजकै जस्ता छन् अर्थात् शास्त्रीय व्याख्याले पुग्दैन।

हाम्रो अगाडि गम्भीर प्रश्न छ– यो क्रान्तिको आधारइलाका कहाँ हुन्छ ? अथवा यो कुनकुन अवस्थाबाट विजयी हुन्छ। यहाँ छोटकरीमा भन्दा तयारी–रिहर्सल–निर्णायक क्रान्तिको प्रक्रियाबाट अघि बढ्दछ। यसको आधारइलाका लेनिनको जस्तो सेन्टपिटर्सबर्ग वा माओको जस्तो चिङ्काङ्सान हुँदैन । सेन्टपिटर्सबर्ग र चिङ्काङ्सानको समायोजन हुन्छ । विचारधारात्मक तथा राजनीतिक, आर्थिक, सङ्गठनात्मक, सङ्घर्ष, भौतिक तथा प्राविधिक र अन्तर्राष्ट्रिय सर्वहारा तथा उत्पीडित वर्गसँगको समन्वयजस्ता कुराहरूको तयारी आवश्यक हुन्छ। यसका साथसाथै तयारी परीक्षणका लागि केही पूर्वाभ्यासको आवश्यकता त छँदैछ। तयारी र रिहर्सलको निरन्तरतामा क्रमभङ्ग गर्दै निर्णायक लडाइँमा पुग्नु यो क्रान्तिको प्रक्रिया हो। निर्णायक लडाइँबाट विजयी भएपछि जनताको जनवादी अधिनायकत्त्व भएको वैज्ञानिक समाजवादी गणतन्त्र नेपालको घोषणा हुन्छ। राज्यसत्ताका सम्पूर्ण अङ्गहरूमा क्रान्ति हुन्छ। दलाल पुँजी र राष्ट्र बैङ्कलगायत सम्पूर्ण बैङ्कहरू वैज्ञानिक समाजवादी गणतन्त्रको नियन्त्रणमा जान्छन् । दलाल पुँजीवादी सरकारले लिएको ऋण खारेज गरिन्छ । दलाली तथा भ्रष्टाचार गरेर विदेशी बैङ्कमा थुपारेको सम्पत्ति सरकारलाई बुझाउन सम्बन्धित राष्ट्रहरूलाई आह्वान गरिन्छ। अन्तर्राष्ट्रिय सीमामा कडा निगरानी राख्ने व्यवस्था मिलाइन्छ । राष्ट्रिय पुँजीपति, मध्यम वर्ग र सरकारको साझेदारीमा राष्ट्रिय उद्योग तथा कलकारखानाहरूको सञ्चालन र नयाँ स्थापना गरिन्छ। मन्त्रीदेखि मजदुरसम्मको समान तलब निर्धारण गरिन्छ । निजी विद्यालय तथा विश्वविद्यालय र अस्पतालहरूलाई राष्ट्रियकरण गरिन्छ । जग्गा–जमिन राष्ट्रिकरण गरी भूमिहीन किसानहरूलाई वितरण गरिन्छ । समग्रमा जनताका लागि गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार र सञ्चारको व्यवस्था गरिन्छ । यही नै वैज्ञानिक समाजवादको सुरुआत हुन्छ। अरू कुरा माथि बताइएको सिद्धान्तअनुसार व्यावहारिक मूर्तीकरण हुँदै जान्छ।

# कम्युनिस्ट आन्दोलनमा मेरो अभिभावक कमरेड वीरजङ्ग

मानिस जन्मेपछि मृत्यु अनिवार्य हुन्छ । यो सार्वभौम कुरा हो । यति कुरा बुझ्दाबुझ्दै पनि आफ्नो नजिकको साथी गुमाउँदाको पीडा बढी हुन्छ, किन ? चाहे त्यो जस्तोसुकै पात्र होस् मानिस एकछिन स्तब्ध, पीडाबोध र छट्पटाहट अनिवार्य हुन्छ । हामी दैनिक मृत्युको समाचार सुन्छौँ या देख्छौँ । तर सबैमा यस्तो पीडा हुँदैन । समवेदना आउनु मानिसको एउटा स्वाभाविक गुण हो । तर विशिष्ट पात्र गुमाउँदा हुने पीडा अवश्य पनि विचार वा दृष्टिकोणसित सम्बन्धित हुन्छ । चाहे जस्तो दृष्टिकोण भए पनि दृष्टिकोण मिल्यो भने बढी पीडाबोध हुन्छ । त्यो आफूलाई जन्माउने आमाबुबा गुमाउँदा, छोरा गुमाउँदा, जीवनसाथी गुमाउँदा वा कुनै साथी गुमाउँदा होस्, अवश्य पनि पीडाबोध बढी नै हुन्छ ।

यस्तै पीडा मलाई असोज २९ गते बिहान ६:३० बजे पार्टी सीसीएम कमरेड आस्थाले फोन गरेर 'दाइ, वीरजङ्ग दाइको खबर थाहा पाउनुभयो कि भएन ? दाइ त एक्स्पायर हुनुभयो' भनेर भन्नुभयो । मैले धेरै कुरा सोच्न सकिनँ । कहिले र कसरी भनेर मात्रै सोधेँ । त्यसको लगत्तै कमरेड जुझारुको फोन आयो । उहाँले पनि 'दाइ, वीरजङ्ग दाइको खबर थाहा पाउनुभयो ?' भनेर सोधेपछि मैले 'अँ थाहा पाएँ' भनेर जबाफ दिएँ । त्यत्ति मात्रै बोलेँ, अरू बोल्न सकिनँ । वीरजङ्ग कमरेडको स्वास्थ्य अवस्थाबारे जानकारी मलाई नै हुन्थ्यो तर त्यस दिन घरको वाइफाई बिग्रेको हुनाले नवीन भाइले प्रयास गर्दा पनि सम्पर्क भएको रहेनछ । मैले पछि मोबाइल नम्बरबाट नवीन भाइलाई फोन गरेँ । भाइले फोन उठाए तर रोएर धेरै कुरा बोल्न सकेनन् । मैले पनि धेरै कुरा सोध्न सकिनँ । बोल्ने वाक्य नै रोकिएको थियो । त्यही पनि नआत्तिनू, जे हुने भैहाल्यो भनेँ र फोन राखेँ । त्यसपछि सीधै केन्द्रीय कार्यालयमा गएँ । त्यहाँ जानकारी भइसकेको थियो । सबै स्तब्ध थिए । त्यहाँ हामीले गर्नुपर्ने कामबारे सल्लाह गर्‍यौँ र सोहीअनुसार आफ्नो जिम्मेवारी पूरा गर्न लाग्यौँ । अर्थात् हामी वीरजङ्ग कमरेडको अन्त्येष्टिको तयारीमा लाग्यौँ । मैले माथि उल्लेख गरेझैँ थुप्रै कमरेडहरू गुमाइयो । पीडाबोध भयो । आज आफूसँगैको एउटै मोर्चामा काम गरेका योद्धाहरू सहिद हुँदा पीडा अवश्य भयो । तर वीरजङ्ग कमरेडको दुःखद् निधनले मलाई बढी पीडा भयो । पीडा पनि समान हुँदो रहेनछ भन्ने कुरा मैले प्रत्यक्ष अनुभूत गरेँ । यो अनुभूति पनि मेरा लागि एउटा शिक्षा हो किनकि उहाँ मेरो सहयोद्धा मात्रै होइन, उहाँ अभिभावक पनि हो । कम्युनिस्ट आन्दोलनको मेरो अभिभावक हुनुहुन्थ्यो ।

म यो आन्दोलनमा पाइला राख्दै गर्दा प्रेरणा दिने वा हात समाएर अघि बढाउने एउटा कुशल अभिभावक उहाँ नै हो । मलाई कम्युनिस्ट आन्दोलनको सुरुदेखि अहिलेसम्म निरन्तर अभिभावकत्व प्रदान गर्नुभयो । मलाई प्रेरणा दिने बेला प्रेरणा पाएँ, काम बिगार्दा उहाँले रचनात्मक आलोचनाद्वारा मलाई सच्याउनुभयो । सायद यस्तो प्रक्रिया धेरै कमरेडहरूको जीवनमा भएको छ होला जसले उहाँसँग धेरै सङ्गत गर्नुभयो । आज म जुन ठाउँमा उभिएको छु, त्यसको पहिलो श्रेय कमरेड वीरजङ्ग नै हुनुहुन्छ । मैले उहाँबाट विशेषगरी कम्युनिस्ट शिक्षा प्राप्त गरेँ ।

वीरजङ्ग कमरेडबाट लिएको शिक्षा वैचारिक प्रतिबद्धता हो । उहाँ श्रमिक वर्गका पक्षमा सुरुदेखि अन्त्यसम्म वैचारिक प्रतिबद्धता लिएर बस्ने मात्रै होइन, जीवनव्यवहारमा लाग्नुभयो । खराब चिन्तनका विरुद्ध जहिल्यै पनि सङ्घर्ष गर्नुभयो । मेरो स्मरणमा खराब चिन्तनका विरुद्ध सङ्घर्ष गरेको हुनाले दुईपटक त्यस्ता नेतृत्वको सिकार पनि बन्नुभयो किनकि कम्युनिस्ट आन्दोलनभित्र एउटा यस्तो गलत प्रवृत्ति मौलाइरहन्छ, त्यो भनेको कुनै पनि




नेतृत्वको आलोचना गरेर त्यो नेतृत्वको सोचाइ गलत छ भने त्यसले आफूलाई आलोचना गर्ने सही कार्यकर्तालाई पाखा लगाउने प्रवृत्तिको सिकार धेरै कार्यकर्ताहरू बन्दै आएका थिए । त्यसमा उहाँ पनि पर्नुभयो । तर उहाँ निराश हुनुभएन । गलत प्रवृत्तिका विरुद्ध निरन्तर सङ्घर्ष जारी राख्नुभयो र अरूलाई सङ्घर्ष गर्न प्रेरणा दिनुभयो । यसमा आधारित एउटा घटना प्रचण्डसँग पार्टी विभाजन हुँदै यहाँसम्म आउँदा लुम्बिनी ब्युरोका कमरेडहरू उहाँकै नेतृत्वमा पार्टीले क्रान्तिकारी विचारमा प्रतिबद्ध राख्न सफल भइयो । उहाँको प्रभाव धौलागिरि र गण्डकीमा समेत प्रत्यक्ष रहेको छ । अन्यत्र पनि छ तर जहाँ वीरजङ्ग कमरेडले प्रत्यक्ष नेतृत्व गर्नुभयो, त्यसको प्रभाव बढी नै पर्नु सबैले बुझेको विषय नै हो ।

दोस्रो, सङ्गठनमा उहाँको लगनशीलता पार्टी सङ्गठनको काममा निरन्तर लागिराख्ने उहाँको विशेषता हो । पार्टी समिति मात्रै होइन, जनतासँग नियमित भेटघाट र छलफल चलाइराख्नुभयो । जनताको सामान्य समस्यामा (हाम्रो आँखाले हेर्दा) पनि उहाँको सहभागिता हुन्थ्यो । प्रचण्डसँगको अन्तरसङ्घर्षको बेला पार्टी बिग्रिएको देखेर उहाँले धेरै चिन्ता गर्नुभएको थियो । कुनै रातमा चिन्ताले निद्रा लागेन कृति भन्नुहुन्थ्यो । तर निराश हुनुभएन । गतिशील भएर लाग्नुभयो ।

लुम्बिनी ब्युरोभित्रका तत्कालीन एकीकृत नेकपा (माओवादी) का नेताहरूले आफ्नो स्वार्थअनुरूप एकजना गलत व्यक्तिलाई ब्युरोस्तरीय प्रशिक्षणमा सहभागी गराउन खोज्नुभयो । हामीले त्यसको विरोध गर्‍यौँ । उहाँले प्रचण्ड, बाबुरामलगायत नेताहरूका सामु कमरेड वीरजङ्ग, कमरेड मुनाल (हाल माओवादी केन्द्र) र म गरी ३ जनालाई उपस्थित गराएर सिफारिस गर्न लगाइयो । तर हामीले त्यसको ठाडै अस्वीकार गर्‍यौँ । अन्त्यमा प्रचण्ड रिसाएर ' हामीले के पार्टी बनायौँ ? एकजनालाई सिफारिस गर्न हामीलाई सोध्नुपर्ने ?' भनेर रिसाउनुभयो । हामीले भन्यौँ, 'कस्तो पार्टी बनाउनुभयो ? तपाईं आफैँ बुझ्नुस्, एकजनाका लागि तपाईंले सिफारिस गर्नुपर्ने ? तपाईं आफैँ बुझ्नस्' भनेर हामी उठेर हिँड्यौँ । पछि प्रचण्ड आफैँले यो प्रस्ताव फेरि ब्युरोमा लिएर आउनुभयो । ब्युरोले पनि नकाम गरिदियो । पछि वीरजङ्ग कमरेडले मलाई भन्नुभयो, 'हेर ! कृति, यो एउटा व्यक्ति हो तर यो विष हो । यो हामीभित्र आयो भने हामीलाई लठ्याउँछ । त्यसकारण यस्ता प्रवृत्तिविरुद्ध हामी सजग हुनुपर्छ ।' यदाकदा यो प्रवृत्ति कम्युनिस्ट आन्दोलनमा अहिले पनि देखिन्छ ।

तेस्रो शिक्षा सङ्घर्षका क्षेत्रमा कमरेड वीरजङ्गको दृढता र संयम हो । उहाँले वर्गसङ्घर्षलाई दह्रोसँग पकड्नुभयो । उहाँले कहिल्यै पनि श्रमिक वर्गका पक्षमा सामान्य सम्झौता गरेको इतिहास नै छैन । उहाँको एउटै भनाइ थियो, 'वर्गसङ्घर्षबिना अरू तरिकाबाट श्रमिक वर्गको मुक्ति असम्भव छ ।' मैले देखेको वीरजङ्ग आफ्नो वर्ग र आफ्नो कार्यकर्ताप्रतिको निष्ठावान् नेता हो । मेरो जीवनको पहिलो वर्गसङ्घर्षको घटना जसको नेतृत्व वीरजङ्ग कमरेडले गर्नुभएको थियो । हुनत उक्त घटनामा हाम्रा महासचिव कमरेड विप्लव, माओवादी केन्द्रका नेता बलदेवलगायत अरू पनि थिए । तर त्यो सङ्घर्षको नेतृत्व वीरजङ्ग कमरेडले नै प्रत्यक्ष गर्नुभएको थियो । २०४८ सालको दसैँको अष्टमीको साँझपख मलगायत कलाकार भाइबहिनीहरू सांस्कृतिक कार्यक्रमको तयारीका लागि हाम्रो घरतिरबाट वीरजङ्ग कमरेडको घरतिर जाँदै थियौँ, बीच बाटोमा नै काङ्ग्रेसी भिजिलान्तेहरूले बाटो छेकेर हामीमाथि आक्रमण गरे । मैले तत्काल सूचना दिनका लागि कमरेड सुष्मा र कमरेड धनबहादुर भाइलाई कमरेडहरूको घरतिर पठाएँ । हामी कमरेड वसन्त घर्ती, कमरेड उदयमान, पुने पुन, जयनारायण पुनलगायत साथीहरूले प्रतिवाद गर्‍यौँ तर धेरैबेर हामी टिक्न सकेनौँ ।

हामी बाटोबाटै भाग्दै थियौँ । घटनास्थलदेखि १०० मिटर पर बाटोबाटै जाँदै गर्दा कमरेड वीरजङ्गको नेतृत्वमा साथीहरू आउनुभयो र सोध्नुभयो, 'के भयो ?' मैले घटनाहरूबारे बताएँ । घटना सुनेपछि कमरेड वीरजङ्गले जाऊँ भन्नुभयो । हामी सबै घटनास्थलतिर फर्कियौँ । घटनास्थल पुग्दा जसले हामीमाथि आक्रमण गर्ने योजना बनाएको थियो, त्यसैले कुरा मिलाउने प्रयास गरिरहेको थियो । वीरजङ्ग कमरेडको आक्रोश विस्फोटमा बदलियो । पहिलो प्रहार उहाँबाट भयो र क्षणभरमा नै उक्त स्थान रणमैदानमा बदलियो । उक्त घटनामा भिजिलान्तेतर्फ १४ जना घाइते भए । हाम्रातर्फ महासचिव कमरेड विप्लव, वसन्त घर्ती र पुने पुन गरी ३ जना घाइते हुनुभयो । अन्याय हामीमाथि भएको थियो तर तत्कालीन काङ्ग्रेसी सरकारले हामीलाई दोषी करार गर्‍यो । प्रहरी धरपकड सुरु भयो । हामी ६ महिना वीरजङ्ग कमरेडको नेतृत्वमा भूमिगत अवस्थामा नै पार्टीको काममा जुट्यौँ । त्यतिखेर उहाँको भनाइ अहिले पनि सम्झिन्छु, 'अति भयो, वर्गसङ्घर्षलाई अगाडि बढाउनुपर्छ । नत्र जनताको अधिकार असम्भव छ ।' भन्ने शब्द मेरो सम्झनामा अहिलेसम्म आइरहेको छ । हामी त्यही सौँचबाट प्रशिक्षित भई पछिल्लो चरणमा तत्कालीन नेकपा एकताकेन्द्रले वर्गसङ्घर्षको उद्घोष गर्‍यो र हामीसँगै जनयुद्ध हुँदै यहाँसम्म सहकार्य गर्दै आयौँ ।

चौथो, उहाँको आर्थिक पारदर्शिता हो । उहाँको जीवन अन्त्यसम्म सरल र साधारण रह्यो । आफ्नो निजी सम्पत्तिलाई जनताकै कार्यमा उपयोग गर्नुभयो । उहाँ २०४९ को स्थानीय निर्वाचनबाट संयुक्त जनमोर्चाका तर्फबाट शिवगढी गाविसको अध्यक्षमा निर्वाचित हुनुभयो । उहाँ अध्यक्ष भएको कार्यकाल अवधिभरि जनताको सेवामा आफ्नै खर्च हालेर काम गर्नुभयो । पार्टीभित्रको आर्थिक अराजकतालाई रोक्न निरन्तर सङ्घर्ष गर्नुभयो । कतिपय विवरण यहाँ उल्लेख गर्दा तत्कालीन नेतृत्वलाई आँच आउन सक्छ । म त्यस विषयमा प्रवेश गर्न चाहन्नँ र व्यक्तिगत जीवनका घटनाहरूलाई उल्लेख गर्दछु । उहाँलाई थुप्रै अवसरहरू आए । खासगरी उहाँलाई विचलित बनाउनका लागि तर उहाँले सबै अवसरलाई निषेध गरिदिनुभयो । यसमध्ये केही घटनाक्रम उल्लेख गर्दछु ।

कपिलवस्तुमा पार्टीले कब्जा गरेको जमिन फुकुवा गरिदिनका लागि एक करोडका प्रस्ताव आयो । उहाँले जसले प्रस्ताव ल्यायो, उसलाई उत्तर दिनुभयो, 'जनताको जमिन जसले जोतेर खाएको छ, उसलाई फिर्ता गर, बाँकी आफ्नो जमिन लैजाऊ' उहाँको उत्तर उनीहरूका लागि स्वीकार्य थिएन किनकि उक्त जनताको जमिन उनीहरूले हडपेको थियो । तिहारको बेला थियो, एकजना पूर्वराज्यमन्त्रीले तिहारको कोसेलीका रूपमा मिठाइ र केही रकम खाममा हालेर पठाएका थिए तर उहाँले मिठाइ लिनुभयो र पैसा फिर्ता गरिदिनुभयो । उहाँले उक्त मन्त्रीका स्वकीय सचिवलाई भन्नुभयो, 'मन्त्रीलाई भन्दिनू, उपहारमा पैसा नपठाउनू ।' अर्को प्रसङ्ग छ, नेकपा-माओवादी हुँदा चुनाव बहिष्कारको सन्दर्भ थियो । जतिखेर ग्याँसको सिलिन्डर पड्काउँदा पनि केन्द्रबाट किरण कमरेडले यस्ता आतङ्ककारी क्रियाकलापमा हाम्रो पार्टीको संलग्नता छैन भनेर विज्ञप्ति दिनुभएको थियो । केही समयमा वीरजङ्ग कमरेडलाई ३५ लाखको प्रस्ताव आएको थियो । उहाँले यति मात्रै गरिदिनुपर्‍यो कि त्यो रकम दिने पार्टीलाई चुनावी प्रचारप्रसारमा सहज बनाइदिनुपर्थ्यो । तर वीरजङ्ग कमरेडले उक्त प्रस्तावलाई ठाडै अस्वीकार गरिदिनुभयो । जब चुनावपछि हामी केन्द्रीय समितिको बैठकमा गयौँ । हामीलाई त्यो बैठकले ऊर्जा दिएन । निराश भएर फर्किनुपर्‍यो । त्यहाँ क्रान्तिकारी आदर्शको कुनै मूल्यमान्यता थिएन । त्यहाँ बैठकमा सीसीएमहरूको रिपोर्ट सुन्दा कुनै बुर्जुवा पार्टीको भन्दा फरक लागेन । चुनावमा कुन नेतासित कति ल्याइयो ? र कसलाई कहाँ हराइयो भन्नेमा मात्रै केन्द्रित थियो । हाम्रो योजनाबारे केही थिएन । नेतृत्वबाट पनि तिनैलाई प्रोत्साहन गरियो । आज ती रिपोर्ट गर्ने पात्रहरू कहाँ गुमनाम छन् ? थाहा छैन । तर वीरजङ्ग कमरेड आकाशको चम्किलो ताराझैँ चम्किरहनुभएको छ ।

वीरजङ्ग कमरेडसँगको सहयात्राहरूका क्षणहरू थुप्रै छन् । तर मैले उहाँबाट प्राप्त गरेको शिक्षा मात्र उल्लेख गरेँ । उहाँको सपनालाई विपनामा बदल्नु मेरो पहिलो कार्यभार हो । यसमा म प्रतिबद्ध नै छु । यही नै उहाँप्रतिको मेरो सच्चा श्रद्धाञ्जली हुनेछ । वीरजङ्ग कमरेड नै त बन्न नसकिएला तर उहाँले देखाएको बाटो भने हामीले अवश्य पछ्याइरहेका छौँ । वीरजङ्ग कमरेडको शिक्षा कम्युनिस्टका लागि प्रेरणा हो । हामी सबै कमरेड वीरजङ्गजस्तै बन्न सक्छौँ कि सक्दैनौँ ? यो हामीभित्रको चुनौती हो । उहाँको अन्त्येष्टिको बेला हामीबाट पर पुगेका कमरेडहरू, अन्य वामपन्थी मित्रहरू, देशभक्तहरू, सच्चा लोकतन्त्रवादीहरू सबै आएका थिए । अन्त्येष्टिमा आउन नपाएका साथीहरूले सामाजिक सञ्जाल र फोनमार्फत समवेदना दिनुभयो । यो केन्द्रीकरण कमरेड वीरजङ्गको विचारप्रतिको निष्ठाले गरेको केन्द्रीकरण हो । यो नै एकीकृत जनक्रान्तिका लागि ठूलो शिक्षा हो ।

अन्त्यमा २०४७ को चैतदेखिको हाम्रो सहयात्रा भौतिक भेटको हिसाबले २०७८ असोजको १८ गते दिल्लीको म्याक्स हस्पिटलको आईसीयू वार्डभित्र करिब ४० मिनेटको कुराकानीपछि सदाका लागि बिदा भयो । उहाँसँग ३१ वर्षको सहयात्रामा सहयोद्धा कमरेड, मेरो दाइ, मेरो अभिभावक सबैथोक भौतिक हिसाबले बिछोड भयो । वीरजङ्ग कमरेड सहिद त हुनुभएन तर उहाँको निष्ठा र प्रतिबद्धता बलिदानभन्दा कम छैन । आन्दोलनमा यस्तो पात्र विरलै भेटिन्छ । हामी सबै उहाँको विचार लिएर अघि बढौँ । यही नै सच्चा श्रद्धाञ्जली हुनेछ । कमरेड वीरजङ्ग-लालसलाम !

## पार्टी एकता ....

सङ्गठन त्यहाँ पुग्ने नीति र विधि चाहिन्छ ।

काठमाडौँको सत्ता कहिल्यै ढलेको छैन । निरन्तरतामा छ । राणाको स्थानमा शाहहरू आए । काङ्ग्रेसमा सुरुमा नै सामन्तहरू आएर घेराबन्दी गरे । बीपीले त्यो घेरा तोड्न सकेनन् । गणेशमानलाई सत्ता कब्जा गरेर बसेको वर्गले धुलोपिठो पार्‍यो । जीवनको उत्तरार्द्धमा काङ्ग्रेस नै छोडेर मर्नुपर्‍यो । फ्युजनको सारतत्व ठीक थियो, पछि विकृत पारियो । विषयलाई भावनामा हेर्ने, सारतत्वमा नहेर्ने भएको छ । प्रचण्डको फ्युजन र विद्रोहमा जनमुक्ति सेना विघटन गर्ने र क्रान्तिलाई अन्यत्रै फर्काउने नियत थियो । भक्तपुरको सेनाका कमान्डरसहितको छलफलमा हामीले प्रचण्डको योजनाको प्रतिवाद गर्‍यौं । त्यतिबेला विषयको गम्भीरता धेरैले बुझेनन् । हामीले जनमुक्ति सेना बचाउन जनयुद्धको जगमा जनविद्रोह भन्यौं । त्यो नै पारित भयो तर प्रचण्डले पासाङलाई पार्टीको समस्याले गर्दा भन्नुपरेको हो । जनसेना राख्न सकिन्न भनेछन् । हामीले खरीपाटी भेलामा विद्रोह गर्‍यौं । खरीपाटीमा प्रचण्ड अल्पमतमा परे । ३५ सदस्यीय केन्द्रीय समितिमा आधा-आधा भयो । बादल बीचमा बसे । राती १२ बजे प्रचण्डले बादलसँग सहयोग मागेछन् । बादलले अर्को दिनको बैठकमा राती १२ बजे केही कमरेडहरूले भोट मागेका छन् तर म माग्नेलाई दिन्नँ भनेपछि स्पष्ट रूपमा अल्पमतमा परेका थिए । त्यसपछि प्रचण्ड झुक्न थाले । धोबीघाट प्रचण्ड प्रवृत्तिलाई लगाम लगाउन गरिएको थियो । प्रचण्डसँगको सङ्घर्षमा धोबीघाटलगत्तै गुरुङले प्रचण्डलाई गद्दार भन्ने प्रस्ताव गरे । हामीले त्यसो नभनौं भन्यौं । त्यसपछि प्रचण्डसँग साँठगाँठ छ भन्न थाले । लगत्तै सुशील कोइराला देशभक्त भएकाले कोइरालासहितको सरकारको माग गरे । हामीले प्रचण्डभन्दा कोइराला देशभक्त हुँदैन भन्यौं । नवऔपनिवेशिक चरणमा देश पुगेकाले लड्न सकिन्न भन्न थाले । यसरी सुधारवाद आउन थाल्यो ।

केपी ओली सरकारको बाध्यता, हाम्रो आवश्यकता र सचेतनाले वार्ता भएको हो । सरकार निकै कमजोर भएको, दुईतिहाइको दम्भ समाप्त भएको र सत्ताधारीहरूबीच अन्तरविरोध चर्केको अवस्थामा वार्तामा जाने निर्णय गरियो ।

कार्यनीति आफैँमा क्रान्तिकारी र गैरक्रान्तिकारी हुँदैन । वार्ताअगाडि पार्टीपङ्क्ति र जनता युद्धको मानसिकतामा थिए । ओली हुन्नथे भने वार्ता हुन्थ्यो कि हुँदैनथ्यो, भन्न सकिन्न । देउवा-प्रचण्डको सरकार हुन्थ्यो भने वार्ताको सम्भावना कम थियो । वार्तालगत्तै आएको काङ्ग्रेसको धारणाले त्यही देखिन्छ । प्रहरीको घेराबन्दीमा पनि जनता संयुक्त मोर्चाको सभामा ओइरिए । त्यसको ठूलो प्रभाव पर्‍यो । जनता महान् छन् । जनताले आग्रह-पूर्वाग्रह राख्दैनन् । हामी वार्तामा आयौँ । सरकार र संसद् विघटन भयो । शून्यता भयो र अब के भन्ने बहस चल्यो । संसदीय प्रस्तावहरू आए । हामीले त्यो शून्यतामा प्रगतिशील संयुक्त सरकार, जनमतसङ्ग्रह, वैज्ञानिक समाजवादको नारा प्रस्ताव गर्‍यौँ । कतिपय पार्टीहरूका स्वतन्त्र नारा नै थिएनन् ।

चीनमा वाङमिङले सोभियत सङ्घको अनुसरण गरे । वाङ्मिङको पछाडि स्टालिन थिए । त्यसले चीनमा के भयो ? माओले छुनकिङ वार्तामा सत्ता साझेदारीको प्रस्ताव गर्नुभएको थियो । हामीले पालुङटार भेलामा त्यो विषय उठाएका थियौँ । सरकारमा साझेदारी भएकाले सरकारमा होइन, सत्तामा नै साझेदारी हुनुपर्छ भन्ने अर्थमा त्यो विषयको उठान गरिएको र शान्तिप्रक्रियामा असफल भैसकेको वर्तमान अवस्थामा (सत्ता साझेदारीको बहस पनि असान्दर्भिक भइसकेको भन्ने आशय थियो–सम्पादक) अहिले त्यो नारा पछाडि परिसक्यो । हाम्रो नेतृत्वमा संयुक्त सरकार, त्यसको नेतृत्वमा जनमतसङ्ग्रह र जननिर्वाचित प्रतिनिधिद्वारा जनसंविधान तयार हुनेछ । संविधानपछि व्यवस्थापिकाको चुनाव हुनसक्छ । त्यो प्राप्त नहुन्जेल सङ्घर्ष जारी रहनेछ । हाम्रो शान्ति र प्रगतिको यात्रामा अवरोध भयो भने प्रतिरोध गरिनेछ । त्यसका लागि चौबीसै घन्टा तयार रहनुपर्छ । उपलब्धिको रक्षाका लागि तयारी अवस्थामा रहनुपर्छ ।

हामी आवश्यक पर्दा सबै कदम चाल्न तयार छौँ तर क्रान्ति र जनतालाई धोका दिँदैनौँ । एमसीसीविरुद्धको भदौ २८ गते र अखिल (क्रान्तिकारी) को असोज ६ गते पोखराको सभापछि हाम्रो जनलहर रोक्न सरकारको नेतृत्वमा सेनालाई हाम्राविरुद्ध बोल्न लगाइएको छ तर जनताको परिवर्तनको चाहनालाई कसैले रोक्न सक्दैन ।

पार्टी एकताको विषयलाई सङ्गठनको मात्र मामिला बनाउनु हुँदैन । यो विचार र राजनीतिको मामिला हो । नेतृत्व र विचार एकताको आधार हुन्छ । विचार र राजनीति

... बाँकी पृष्ठ ७ मा

# नेकपा कास्कीको जिल्लास्तरीय प्रशिक्षण सम्पन्न

**पोखरा ।** नेपाल कम्युनिस्ट पार्टी कास्कीले सोमबार पोखराको सहिदचोकस्थित सहिद स्मृति हलमा पार्टी केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज उमा भुजेल 'शिलु' को प्रमुख आतिथ्यमा जिल्लास्तरीय राजनीतिक-वैचारिक प्रशिक्षण सम्पन्न गरेको छ । प्रशिक्षणमा मुलुकको पछिल्लो राजनीतिक घटनाक्रम, पार्टीको कार्यनीति, कार्यदिशा र हालसालै सम्पन्न केन्द्रीय समितिको ११ औँ पूर्ण बैठकको निर्णय जानकारी गराउने उद्देश्यसहित प्रशिक्षण आयोजना गरिएको हो ।

कास्की जिल्लाका नेता-कार्यकर्ताको बाक्लो उपस्थिति रहेको प्रशिक्षण कार्यक्रममा पार्टी केन्द्रीय सदस्य तथा कास्की जिल्ला इन्चार्ज उमा भुजेल 'शिलु' ले प्रशिक्षण दिएकी थिइन् । नेत्री भुजेलले हरेक कुरा सिक्न जरुरी रहेको र आफ्नो वर्गपक्षधरतालाई दह्रोसँग पकडेर समाजवादी क्रान्तिलाई अघि बढाई वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि सबैले पहल गर्नुपर्ने बताइन् । उनले अहिलेका सत्ताधारी दलहरू र यो व्यवस्थाको वरिपरि रहेकाहरूले समाजवादको आत्मा बोकेर पुँजीवादलाई टिकाइरहेको र यसले अन्ततः दलाल पुँजीवादलाई नै पक्षपोषण गरेको बताइन् ।

प्रशिक्षणका क्रममा उनले आफूहरूले यो व्यवस्थाको विकल्पमा प्रगतिशील संयुक्त सरकार विकल्पका रूपमा अघि सारेको र त्यसका लागि अहिले चलिरहेको दलाल पुँजीवादी संसदीय व्यवस्था कि वैज्ञानिक समाजवादी व्यवस्था भन्ने विषयमा जनमतसङ्ग्रह गर्नुपर्ने आफ्नो पार्टीको माग रहेको स्पष्ट पार्दै वैज्ञानिक समाजवादी व्यवस्थाका बारेमा चर्चा गरिन् ।

नेकपाले सरकारसँग गरेको तीनबुँदे सहमति र बाहिर आएको भ्रमका बारेका उल्लेख गर्दै भुजेलले तीनबुँदे सहमति राज्यको बाध्यता र आवश्यकता रहेको र आफ्नो पार्टीले सचेतता अपनाएको बताइन् ।

प्रशिक्षण कार्यक्रममा विशेष समितिका सदस्य प्रकाशले प्रशिक्षणको अर्थ र आवश्यकता प्रस्ट्याएका थिए । कास्की जिल्ला सेक्रेटरी गोकुल पराजुलीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्वागत मन्तव्य पोखरा नगर समिति सदस्य बद्री अधिकारीले राखेका थिए भने कार्यक्रमको सञ्चालन जिल्ला सदस्य एवम् कार्यालय सचिव काजी गुरुङले गरेका थिए ।

# जनगणतन्त्र कोरियाद्वारा शक्तिशाली ब्यालेस्टिक मिसाइल परीक्षण

**काठमाडौँ ।** आफ्नो देश, समाजवादी व्यवस्था र जनताको सुरक्षाका लागि विचारसँगै विज्ञान र प्रविधिको उच्च विकास र प्रयोग गर्दै आएको जनगणतन्त्र कोरिया (उत्तरकोरिया) ले फेरि एक शक्तिशाली आणविक क्षेप्यास्त्र (मिसाइल) प्रदर्शन, परीक्षण र प्रयोग गरेको छ । दक्षिणकोरियाली स्रोतका अनुसार जनगणतन्त्र कोरियाले सोमबार एक आणविक क्षेप्यास्त्र (मिसाइल) प्रहार गरेको हो । कोरिया आफैँले भने यसबारेमा केही बताएको छैन ।

कोरियाले समयसमयमा नयाँनयाँ आणविक परीक्षण गरिरहने गर्छ । उसले अमेरिकासम्म मार हान्नसक्ने आणविक क्षेप्यास्त्रको पनि सफल परीक्षण गरिसकेको छ । यो तथ्य सार्वजनिक भएपछि अमेरिकालगायत साम्राज्यवादी मुलुकहरूले कोरियालाई सीधै हेप्न नसकेर संयुक्त राष्ट्रसङ्घको लोगोमार्फत प्रतिबन्ध लगाइरहेका छन् । कोरियाले संसारकै प्रतिबन्धको सामना गरिरहेको छ ।

दक्षिणकोरियाको सेनालाई उद्धृत गर्दै दिइएको उक्त समाचारमा जनगणतन्त्र कोरियाले फेरि पनि क्षेप्यास्त्र हानेको जनाइएको छ । दक्षिणकोरियाली सेनाका प्रमुखले भनेका छन्- जनगणतन्त्र कोरियाले हानेको उक्त क्षेप्यास्त्र पूर्वी समुद्रको पानीमा खसेको अनुमान छ ।

उक्त क्षेप्यास्त्र दक्षिणकोरियाको पूर्वी सामुद्रिक तटमा खसेको अनुमान दक्षिणकोरियाले गरेको छ । उक्त ब्यालेस्टिक क्षेप्यास्त्र कति टाढासम्म मार हान्नसक्ने क्षमताको हो भन्नेबारेमा भने केही बताइएको छैन ।

कोरियाले बारम्बार यस्ता क्षेप्यास्त्रहरू परीक्षण गर्दै आएको छ । केही समयअघि मात्र पनि कोरियाले अन्तरमहादेशीय क्षेप्यास्त्र परीक्षण गरेको बताइएको थियो । उक्त क्षेप्यास्त्र जापानको समुद्रसम्म पुगेर निस्तेज भई खसेको जापानले जनाएको थियो ।

अमेरिकी साम्राज्यवादले इराकलगायत पश्चिमएसियाली मुलुकहरूमा विभिन्न बहाना बनाएर हवाईहमला गरी देशभक्त सरकारहरू ढालेर कठपुतली सरकार निर्माण गर्न थालेपछि कोरियाले आणविक क्षेप्यास्त्र निर्माण र परीक्षणमा जोड दिँदै आएको छ ।

एजेन्सीहरूको सहयोगमा

# बागमती गाउँपालिकामा व्यापक आर्थिक अनियमितता

**मकवानपुर ।** मकवानपुर जिल्लाका १० वटा स्थानीय तहमध्ये बागमती गाउँपालिका भ्रष्टाचार, कालोबजारी र आर्थिक अनियमितताको केन्द्र बन्दै गएको गुनासो बढेको छ ।

नेपाल कम्युनिस्ट पार्टी बागमती गाउँपालिका सेक्रेटरी भक्त माझी नेतृत्वको अनुसन्धान टोली सोमबार गाउँपालिका पुगेर अध्ययन गर्दा आर्थिक वर्ष ०७६/७७ मा यस गाउँपालिकामा चरम आर्थिक अनियमितता भएको तथ्य फेलापरेको हो । यहाँ आ.व. ०७६/७७ मा विनियोजन भएर आएको लगभग ७ करोड सामाजिक सुरक्षा भत्तामा अनियमितता भएको देखिएको टोलीले जनाएको छ ।

अनुसन्धान टोलीका अनुसार सबै पालिकामा भत्ता वितरण गरिसक्दा पनि बागमती गाउँपालिका चुपचाप बसेकाले आमजनता एकजुट भएर खोजी गर्न थालेपछि उक्त पालिकाले पनि भत्ता वितरण सुरु गरेको तर रकमको स्रोत नखुलेको भेटिएको हो । त्यस्तै यस गाउँपालिकाले यातायातका साधन खरिद गर्दा बिनाबिल-भरपाईको चार करोड खर्च विवरण निकालेको र त्यसमा चार करोड रुपैयाँ नै घोटाला भएको देखिएको टोलीले जनाएको छ ।

त्यस्तै एक आर्थिक वर्षमा प्रत्येक वडामा गाउँपालिकाबाट ५० लाख बजेट पास हुनेमा वडा नं १, २ र ७ ले ८० लाख खर्च गरेको विवरण भेटिएको छ । प्रत्येक वडाको थप ३० लाखका दरले तीनवटा वडाको ९० लाख रुपैयाँ कहाँबाट कसरी आयो भन्ने कुनै स्रोत नखुलेको टोलीको रिपोर्टमा उल्लेख छ ।

त्यस्तै उक्त गाउँपालिकाले सहिद परिवारका नाममा १०१ जनालाई ७ हजारका दरले र २० जनालाई २० हजारका दरले ११ लाख ७ हजार खर्च विवरण निकाले पनि रकम सम्बन्धित सहिद परिवारका हातमा पुगेको नपाइएको पनि टोलीले जनाएको छ ।

अनुसन्धान टोलीले यसरी देश विकास र निर्माणका लागि राज्यको ढुकुटीबाट निकासा भएको बजेट रातारात घोटाला भइरहेको र धारा, पानी, बिजुलीबत्ती, बाटो निर्माणमा लगानी गर्नुपर्ने रकम केही सरकारी कर्मचारी भनाउँदा दलाल र स्वार्थी नेताका महल निर्माणमा खर्च भएको पाइएको पनि अनुसन्धान टोलीको निष्कर्ष छ ।

तथ्याङ्कअनुसार बागमती गाउँपालिकामा १२ करोड १ लाख ७ हजार रुपैयाँ आर्थिक अनियमितता भएको पाइएको टोलीले जनाएको छ । रकम अनियमितता गर्नेमा बागमती गाउँपालिका अध्यक्ष सर्खेस घलान, माओवादी केन्द्र बागमती गाउँ समिति अध्यक्ष अरुण बल, ४ नं वडा अध्यक्ष रहरसिंह थिङ र एफएम स्टेसनका लागि बनेको तर हाल जेसीबी, टिफरजस्ता गाडी पार्किङमा प्रयोग हुँदै आएको भवनका अध्यक्ष सोमबहादुर माझीको मिलेमतो रहेको पाइएको पनि टोलीको रिपोर्टमा उल्लेख छ ।

नेकपाले यस विषयमा प्रशासन र अन्य सम्बन्धित निकायको तत्काल ध्यानाकर्षण हुने अपेक्षा राखेको पनि प्रतिवेदनमा उल्लेख छ ।

# नेपाली जनप्रगतिशील मोर्चा बेल्जियमद्वारा नेता वीरजङ्गप्रति श्रद्धाञ्जली प्रकट

**काठमाडौँ ।** नेपाली जनप्रगतिशील मोर्चा बेल्जियमको बैठकले नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चन्द्रबहादुर चन्द 'वीरजङ्ग' प्रति गहिरो शोक व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गरेको छ । बैठकले नेता वीरजङ्गको क्रान्तिकारी यात्रा र उनको योगदानका बारेमा पनि छलफल गरेको छ ।

मोर्चाले अहिलेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको मूल्याङ्कन गर्दै नेपालको अबको अग्रगामी निकास वैज्ञानिक समाजवाद नै हो भन्ने विषयमा प्रतिबद्ध हुँदै अन्तर्राष्ट्रिय समर्थन जुटाउन अभियान चलाउने निर्णय पनि गरेको छ । बैठक मोर्चाका अध्यक्ष मेख गुरुङको अध्यक्षतामा बसेको जनाइएको छ ।

कोरोना महामारी सुरु भएपछि भर्चुअल रूपमा बस्दै आएको मोर्चाको बैठक कोरोना सङ्क्रमणका नियमहरू खुकुलो हुँदै गएकाले १७ अक्टोबर अर्थात् असोज ३१ गते भने भौतिक रूपमा नै बैठक भएको जनाइएको छ ।

# जनसांस्कृतिक महासङ्घ दोलखामा लामिछाने

**चरीकोट ।** अखिल नेपाल जनसांस्कृतिक महासङ्घ दोलखाको संयोजकमा राजकुमार लामिछाने चयन भएका छन् । जिल्ला सदरमुकाम चरीकोटमा आइतबार सम्पन्न मार्क्सवादी संस्कृतिकर्मीहरूको भेलाले लामिछानेको संयोजकत्वमा सात सदस्यीय जिल्ला सङ्गठन समिति निर्माण गरेको हो । समितिमा पदम थामी, पूजना बस्नेत, रजुना खत्री, लमु शेर्पालगायत संस्कृतिकर्मी रहेका छन् ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घका नवनिर्वाचित सदस्यहरूलाई बधाई तथा शुभकामना दिँदै भेलाका प्रमुख अतिथि जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले दलाल पुँजीवादलाई परास्त गरी वैज्ञानिक समाजवाद स्थापना गर्न जनसांस्कृतिक महासङ्घको महत्वपूर्ण भूमिका रहेको बताए । उनले नवनिर्वाचित टोलीले सांस्कृतिक आन्दोलन अघि बढाउन वैचारिक-सांस्कृतिक लालदस्ताको भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमका अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह 'प्रवीण' ले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै एकीकृत जनक्रान्तिका पेचकिल्लाका रूपमा जनसंस्कृतिकर्मीहरू निरन्तर लागिरहनुपर्ने बताए । उनले वैज्ञानिक समाजवादको स्थापना र त्यसलाई साम्यवादसम्म लैजान मार्क्सवादी संस्कृतिकर्मीहरूको भूमिका महत्वपूर्ण रहेको धारणा व्यक्त गरे ।

# मार्क्सवादी संस्कृतिकर्मीहरू साम्राज्यवादी हस्तक्षेपको प्रतिरोधका लागि तयार

चरीकोट (दोलखा)

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको आयोजनामा दोलखामा 'साम्राज्यवादी हस्तक्षेपविरुद्ध मार्क्सवादी संस्कृतिकर्मीहरूको भूमिका' विषयक विचारगोष्ठी तथा अन्तरक्रिया सम्पन्न भएको छ । महासङ्घको दोलखा जिल्ला समिति घोषणाको अवसर पारेर आइतबार चरीकोटमा आयोजित गोष्ठीका वक्ताहरूले साम्राज्यवादी ज्यादतीले सीमा नाघेकाले कोरिया, चीन, भियतनाम, क्युबा र अफगानिस्तानको प्रतिरोधबाट पाठ सिक्दै अझै माथि उठेर सबै क्षेत्रबाट यसको संयुक्त र एकीकृत प्रतिरोध गर्नुपर्ने धारणा राखे ।

विचार गोष्ठीका प्रमुख अतिथि अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले साम्राज्यवादको उद्भव नै उत्पीडित राष्ट्र र जनतामाथि शोषण, दमन, अन्याय, अत्याचार, व्यभिचार र केन्द्रीकृत लूटका लागि भएकाले लेनिन र माओको युगबाट अझै माथि उठेर जनप्रतिरोध गर्नुपर्ने धारणा राखे । साम्राज्यवादले राजनीतिक, भौगोलिक, सैनिक, सांस्कृतिक, आर्थिक, कूटनीतिक, औपनिवेशिक हस्तक्षेप गर्नुका साथै पछिल्लो अवधिमा मुलुकहरूका शासनसत्तामा दलालहरूसमेत निर्माण गरेर शोषण गरिरहेका उदाहरणहरू प्रस्तुत गर्दै उनले सुगौली सन्धिदेखि बिप्पा हुँदै एमसीसी सम्झौतासम्म आउँदा नेपालमाथि विभिन्न किसिमका साम्राज्यवादी हस्तक्षेपहरू तीव्रतामा बढिरहेकाले यसको चौतर्फी प्रतिरोध आवश्यक भएको धारणा राखे ।

साम्राज्यवाद सम्पूर्ण समस्याको स्रोत र आतङ्कवादको केन्द्र रहेका उदाहरणहरू प्रस्तुत गर्दै उनले उत्पीडित राष्ट्र र जनताहरूबीचको वैचारिक, राजनीतिक, सांस्कृतिक ध्रुवीकरण, वैचारिक प्रतिरोध र राष्ट्रिय युद्धहरूले नै साम्राज्यवादी चङ्गुलहरूबाट देश र जनताहरू स्वतन्त्र हुनसक्ने विकल्पहरू प्रस्तुत गरे । मार्क्सवादी संस्कृतिकर्मीहरूको केन्द्रीकरण, अन्तर्राष्ट्रिय स्तरदेखि राष्ट्रिय स्तरसम्म वैचारिक बहस र सिर्जनात्मक प्रतिरोधले साम्राज्यवादविरुद्ध सबैखाले प्रतिरोधको वातावरण निर्माण गर्ने उनको प्रस्ताव थियो ।

कार्यक्रमका अतिथि नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह 'प्रवीण' ले महासङ्घको माध्यमबाट पार्टीले ठूलो र व्यापक महत्वको विषय उद्घोष गरेर राष्ट्रिय बहस छेडेको धारणा राखे । दलाल संसद्वादका मतियार र वाहकहरू साम्राज्यवादका पुच्छर र दास भएकाले बहसमा सहभागी हुनबाटसमेत डराएको भन्दै नेता सिंहले नेकपाले साम्राज्यवाद र दलालहरूविरुद्धको बहस र आन्दोलनलाई जनताको घर र झुपडीसम्म पुऱ्याएर देश र जनतालाई मुक्त बनाएरै छोड्ने उद्घोष पनि गरे ।

आज साम्राज्यवाद उत्तरसाम्राज्यवाद अर्थात् मरणोन्मुख र समाप्तिको दिशातर्फ उन्मुख रहेको धारणा राख्दै नेकपाका केन्द्रीय सदस्य सिंहले साम्राज्यवाद जनताको शक्तिका अघिल्तिर कागजी बाघ मात्रै रहेकाले यसको पराजय र उत्पीडित देश र जनताको विजय सुनिश्चित रहेको बताए । हिजो साम्राज्यवाद विभिन्न देशका सत्ताहरूमा दलालहरू जन्माउने र दलाल बन्न अस्वीकार गर्नेहरूलाई फाँसीमा झुन्ड्याएर समाप्त पार्ने क्रूर प्रवृत्तिको रहेको उदाहरण सद्दाम हुसेन, ओसामा बिन लादेन, कर्नेल कद्दाफीलगायतको हत्याले प्रस्ट पारेको उनको भनाइ थियो । विश्वका सात अर्ब जनतामाथि साम्राज्यवादी हस्तक्षेप सैह्य नभएको र जनता एकजुट हुनासाथ साम्राज्यवादको अन्त्य अपरिहार्य रहेको उनले बताए । उनले भने, 'अबको भविष्य साम्राज्यवादको होइन, समाजवादको हो । साम्राज्यवादको अन्त्य र समाजवाद स्थापनाका लागि मार्क्सवादी संस्कृतिकर्मीको भूमिका बढेको छ । प्रतिरोधका सबै तरिकाहरू अपनाउन आवश्यक छ ।'

अन्तरक्रियात्मक गोष्ठीमा दोलखाका वामपन्थी बुद्धिजीवी बद्री चौलागाईंले जनसांस्कृतिक महासङ्घले अत्यन्त समसामयिक र अत्यावश्यक विषयमा बहस गराएको भन्दै धन्यवाद प्रकट गरे । यो बहसलाई गाउँदेखि अन्तर्राष्ट्रिय स्तरसम्म पुऱ्याएर साम्राज्यवादविरुद्ध व्यापक जनमत सिर्जना गर्नुपर्ने उनको धारणा थियो । निगम पुँजीवाद एकीकृत हस्तक्षेप गर्दै आएकाले देशभक्त र क्रान्तिकारी शक्तिले एकीकृत रूपमै प्रतिरोध गर्नुपर्ने र नेपालबाट नेपाल कम्युनिस्ट पार्टीको नेतृत्वमा त्यो सम्भव हुने उनको विश्वास थियो । संसद्वादीहरूलाई साम्राज्यवादी शक्तिका पाल्तु कुकुरको संज्ञा दिँदै चौलागाईंले साम्राज्यवादविरुद्धको प्रतिरोधमा अवसरवादी, संशोधनवादी सबै एक चिहान हुने उद्घोष पनि गरे ।

नेपाल पत्रकार महासङ्घ दोलखाका अध्यक्ष दीपशंकर चौलागाईं र सचिव दिलसागर केसीले नेकपा मुलुकको वैकल्पिक शक्ति रहेको र यसले अघि बढाएका आन्दोलनका हरेक क्रियाकलाप देश र जनताको भविष्यसँग गाँसिएको भन्दै आफूहरूले यो आन्दोलनमा तन, मन दिएर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

अखिल नेपाल जनसांस्कृतिक महासङ्घ जिल्ला सङ्गठन समिति दोलखाका संयोजक राजकुमार लामिछानेको अध्यक्षता र जितबहादुर थामीको सञ्चालनमा सम्पन्न कार्यक्रममा नेकपा दोलखाका सेक्रेटरी माधव गौतम 'आकाश', सहिद परिवारका सदस्य कर्णबहादुर थामी, नेकपा सिन्धुपाल्चोकका सदस्य कुमार श्रेष्ठ, नेकपा दोलखाका जिल्ला सदस्यहरूलगायत अतिथि थिए । उक्त कार्यक्रममा पूजना बस्नेत, सुजना खत्री, कुमार श्रेष्ठ, जित थामीलगायतले कविता वाचन गरेका थिए ।

# नेकपा दोलखाको राजनीतिक-वैचारिक प्रशिक्षण सम्पन्न

## माके, एमाले र काङ्ग्रेस परित्याग गरी १२ जना नेकपामा प्रवेश

**चरीकोट ।**

नेकपा दोलखाको राजनीतिक-वैचारिक प्रशिक्षण शनिबार चरीकोटमा सम्पन्न भएको छ । ७५ जना जिल्ला, गाउँ र नगर समितिका सदस्यलाई प्रशिक्षण दिँदै प्रमुख प्रशिक्षक नेकपाका केन्द्रीय सदस्य एवम् दोलखा-सिन्धुपाल्चोक इन्चार्ज पूर्णबहादुर सिंह 'प्रवीण' ले वैज्ञानिक समाजवाद साम्यवादमा पुग्ने अन्तिम र एक मात्र विकल्प भएकाले एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि तयार हुन निर्देशन दिए । कम्युनिस्टहरू एक हुनुपर्ने विषय नारा र हल्लाको विषय नभएर समग्र कम्युनिस्ट आन्दोलनको समीक्षा, बहस र सही निष्कर्षले मात्र सम्भव हुने धारणा राख्दै पार्टी केन्द्रीय सदस्य सिंहले भने, 'कम्युनिस्ट पार्टी एकताका लागि नेकपाको कार्यदिशा र नेतृत्व स्वीकार्नु आवश्यक छ ।'

जनताको शक्तिभन्दा बलियो र अपराजेय शक्ति केही नहुने धारणा प्रस्तुत गर्दै नेता सिंहले भने, ' विचारको हतियार सबैभन्दा ठूलो र शक्तिशाली हतियार हो । नेकपाले बोकेको विचार सबै हतियारभन्दा बलियो छ । यही हतियारले नेपालमा वैज्ञानिक समाजवाद स्थापना गर्नेछ ।'

नेकपाले वैज्ञानिक समाजवाद स्थापना गर्न एकीकृत जनक्रान्ति अघि बढाएपछि पुष्पकमल दाहालदेखि केपी वली, माधव नेपाल, शेरबहादुर देउवा हुँदै राजावादीहरूसम्मले समाजवादी फुर्को झुन्ड्याएर जनता झुक्याउन थालेको स्पष्ट पार्दै नेता सिंहले भने, 'केवल हल्ला चलाउनेहरूसँग सावधान !'

दलाल व्यवस्थाका रक्षक र पृष्ठपोषकहरू लुटेको धन बोकेर जनता भड्काउन गाउँ प्रवेश गर्न थालेको भन्दै उनले पैसा बाँडेर जनमत भड्काउन र जनताको अपमान गर्नेहरूलाई जनताले नछोड्ने धारणा पनि राखे । सरकारसँग भएको तीनबुँदे सहमति आवश्यकता र पूर्तिको सिद्धान्तमा आधारित रहेको प्रस्ट पार्दै उनले सरकारले यो सहमति इमानदारीसाथ लागू गर्नुपर्ने बताए । हात थापेर, मागेर खानु कम्युनिस्ट नैतिकता नभएको भन्दै उनले दलाल बन्नबाट जोगिएर उत्पादनमा लाग्ने पार्टीको योजना सफलतापूर्वक सम्पन्न हुँदै गएको र संयुक्त प्रगतिशील सरकार र जनमतसङ्ग्रहबाट वैज्ञानिक समाजवाद स्थापना हुनेमा विश्वास व्यक्त गरे । मङ्सिर ८ गते आठौँ पार्टी पुनर्गठन दिवसका दिन काठमाडौँमा पचासौँ हजार क्रान्तिकारी जनताले वैज्ञानिक समाजवादका नारा लगाएर संसारलाई झकझक्याउने उनको विश्वास थियो ।

पार्टी सदस्यहरूलाई प्रशिक्षण दिँदै नेकपा दोलखाका सेक्रेटरी माधव गौतम 'आकाश' ले संसदीय व्यवस्था भ्रष्ट र दलालहरूको व्यवस्था रहेको प्रमाणित भइसकेकाले वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न टोलटोलबाट विचारको राँको बाल्न सुरु भइसकेको बताए । वैज्ञानिक समाजवादी व्यवस्थामा असमान सन्धिसम्झौता खारेज भएर मुलुक स्वाधीन हुने, जनताको आत्मसम्मान र स्वाभिमान बढ्ने, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी सुनिश्चितता हुने प्रस्ट पार्दै सेक्रेटरी गौतमले दलाल सत्ताधारीहरू एमसीसीजस्तो राष्ट्रघाती सम्झौता लादेर आफ्नो अस्तित्व जोगाउन अन्तिम प्रयास गरिरहेको भए पनि एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादले तिनका दिवासपनाहरू चकनाचुर हुने धारणा राखे ।

प्रशिक्षण कार्यक्रममा अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीले कम्युनिस्ट पार्टी सबैभन्दा उच्च संस्कृति र सभ्यता स्थापना गर्ने दस्ता भएकाले सबै कम्युनिस्ट विचार, सांस्कृतिक, राजनीतिक, आर्थिकलगायत क्षेत्र प्रस्ट र सुसभ्य हुनुपर्ने धारणा राखे । क्रान्तिका नायक र महानायकहरू नै प्रतिक्रान्तिका मतियार, दलाल पुँजीवादी संस्कृतिका बाहक बनेको अवस्थामा नेकपाले जनतामा क्रान्तिकारी आशावाद जगाएको र वैज्ञानिक समाजवादसम्म पुग्ने सुस्पष्ट कार्यदिशा तय गरेर जनताको विजय सुनिश्चित गरेको बताए ।

प्रशिक्षण कार्यक्रमको अध्यक्षता जिल्ला सेक्रेटरी आकाश र सञ्चालन विशेष समिति सदस्य अर्जुन योगीले गरेका थिए । कार्यक्रममा जिल्ला सदस्य राजकुमार लामिछानेले सहभागीलाई स्वागत गरेका थिए ।

प्रशिक्षण कार्यक्रमकै अवसर पारेर नेकपा (माओवादी केन्द्र), नेकपा (एमाले), नेपाली काङ्ग्रेस पार्टी परित्याग गरी १२ जना नेकपामा प्रवेश गरेका थिए । नवप्रवेशीहरूलाई प्रमुख अतिथि पार्टी केन्द्रीय सदस्य सिंहले खादा ओढाई सम्मान र स्वागत गरेका थिए भने जिल्ला सेक्रेटरी आकाश, महासङ्घका सचिव सुवेदीले बधाई तथा शुभकामना दिएका थिए ।

# एमसीसी कार्यालय तुरुन्तै हटाऊ : नेकपा

**पाल्पा ।** नेपाल कम्युनिस्ट पार्टीले एमसीसी परियोजनाअन्तर्गत निर्माण भएको एमसीसीको कार्यालय हटाउन चेतावनी दिएको छ । सोमबार पाल्पाको रामपुरमा रहेको शाखा कार्यालयमा पुगेर नेकपा निकट मगर मुक्ति मोर्चा नेपालका केन्द्रीय महासचिव यनार्जन, पाल्पा जिल्ला सचिवालय सदस्य नेपाललगायत १५ भन्दा बढी नेता-कार्यकर्ताले कार्यालयकी शाखा प्रमुख सङ्गीता नेपाललाई तुरुन्तै त्यहाँबाट कार्यालय हटाउन माग गरिएको पत्र बुझाएका हुन् ।

पत्रमा एमसीसी परियोजना विवादित रहेको र नेपाली जनताले नस्वीकारेको अवस्थामा प्रपञ्च रचेर अगाडि बढ्न खोजिएको उल्लेख छ । जनताको हितमा नरहेको र विवादित रहेको एमसीसी परियोजनाको कार्यालय खोलिनु राष्ट्रियताविपरीत कार्य रहेको उल्लेख गर्दै पत्रमा कार्यालय खोलेर अटेर गरिएमा यसको परिणाम नराम्रो हुने चेतावनी पनि दिइएको छ । तुरुन्त कार्यालय हटाएर उक्त कार्यमा संलग्न नेपाली कर्मचारीहरूसमेत नेपाली राष्ट्रियताका पक्षमा लाग्नसमेत नेकपाले आह्वान गरेको छ ।

संस्मरण

# मानसपटलको केन्द्रमा अमर योद्धा कमरेड वीरजङ्ग



पूर्णबहादुर सिंह

कमरेड आदर्श दाइले २९ असोज, २०७८ बिहानै ७.४७ मा फोन गरेर सन्चो-बिसन्चो सोध्नुभयो। तीन मिनेट २३ सेकेन्डको कुराकानीमा दुःखद् खबर छ भन्नुभयो ! मैले के भो, के भो भनेँ। उहाँले कमरेड वीरजङ्ग दाइको निधन भएको दुःखद् खबर बताउनुभयो। म निःशब्द र स्तब्ध भएँ। मेरो स्पन्दन रोकियो। एक्कासि छाँगाबाट खसेझैँ भएँ। एक छिन त अपत्यारिलो लाग्यो। ई-रातो खबरको समाचार र पार्टी प्रवक्ता आदरणीय कमरेड प्रकाण्डको हस्ताक्षरित शोक वक्तव्य पढेँ। अनन्य भाइ कमरेड दिनेश र सहयोद्धा कमरेड प्रयासलाई पनि फोन गरियो। केही समयपछि आदरणीय कमरेड रणवीर दाइको पनि फोन आयो। दोलखा सेक्रेटरी कमरेड आकाशले शिवगढी जाने त होला भनेर सोध्नुभयो। त्यसपछि धेरै साथीको फोनको घन्टी निरन्तर बज्न थाल्यो। सामाजिक सञ्जाल र विभिन्न मिडियामा दुःखद् खबर छ्यापछ्याप्ती भयो। त्यो दुःखद् सत्य स्वीकार्न विवश भएँ। यद्यपि सबै सत्य सही हुँदैनन्। अफसोच ! सगरमाथाको देशको एक तारापुञ्ज, नेपाल आमाको सुपुत्र, होनहार योद्धा, दृढ, निष्ठावान् र कुशल नेताको भौतिक शरीर हाम्रो बीचबाट गुमेको दुःखद् खबरले अन्तस्करणबाट अश्रुधारासँगै विषाद पीडाको अनुभूति भयो। मेरो मानसपटलमा असमञ्जस्यताको भेलबाढी उर्लियो। नयनबाट अश्रुधारा झरी परेजस्तो, समीपका डाँडाहरू तुवाँलो र कुहिरोले टम्म ढाकेजस्तो र दिन अन्धकारमय भएजस्तो भइरहेको अनुभूति भयो। प्रकृतिले पनि महान् मान्छेको भौतिक असामयिक निधनमा शोकसन्तप्त परिवारजन, नेता, कार्यकर्ता र जनतासँगै आँसु बगाइरहेको भान भयो। सिङ्गो देश भावविह्वल र स्तब्ध भयो। सगरमाथाले गला अवरुद्ध भएको आवाजमा चित्कार गर्‍यो। हामी सबैले नयाँ सङ्कल्प गर्‍यौँ ! कमरेड वीरजङ्ग दाइ, तपाईंजस्तै निर्भीक भएर लडिरहनेछौँ। तपाईंको अन्तिम शब्दसन्देश 'नेपाली जनतालाई फेरि धोका नहोस्' आदरणीय महासचिव कमरेड विप्लवसँगै हामी सबैले प्रतिज्ञा गरेका छौँ, 'तपाईंको सपना साकार हुनेछ। आन्दोलनलाई धोका हुनेछैन।' हो हामी झुक्दैनौँ, हार्दैनौँ, धोका दिँदैनौँ र विजयी हुनेछौँ।

जन्मपछि मृत्यु अनिवार्य छ। यो प्रकृतिको सार्वभौम नियम हो। सबै जन्म र मृत्यु आम हुँदैनन्। कमरेड वीरजङ्गको जन्म र मृत्यु विशिष्ट छ। उहाँ हाम्रो पार्टीको धरोहर, क्रान्तिकारी योद्धा र कुशल नेता हुनुहुन्थ्यो। हरेक देशको कम्युनिस्ट आन्दोलन अन्तर्राष्ट्रियतावादी र विश्व-कम्युनिस्ट आन्दोलनको अङ्ग हो। उहाँको मृत्युले आज मुलुक र विश्व-सर्वहारा वर्गले एक दुर्लभ योद्धा एवम् नेतृत्व गुमाएको छ। यसले आन्दोलनमा अपूरणीय क्षति पुगेको छ। यसले नेपाली कम्युनिस्ट आन्दोलनमा धक्का पनि पुगेको छ। उहाँको मृत्यु स्वाभाविक नभएर विश्व-साम्राज्यवाद र नेपालमा पराकाष्ठामा पुगेको दलाल पुँजीवादी सत्ता मूल कारक बनेको छ। उहाँले परिवार, निजी जीवन, स्वास्थ्य आदि गौण बनाउनुभयो। उहाँले पूरा जीवन आत्मत्यागमय ढङ्गले देश, जनता र क्रान्तिमा समर्पित गर्नुभयो। क्रान्तिमा घाइते हुनुभयो। भोक, निद्रा, तुच्छ व्यक्तिगत वैभव र ऐसआरामलाई गौण ठान्ने देश, जनता र क्रान्तिप्रतिको दृढता र कार्यतत्परता उहाँका मूल विशेषता हुन्। लामो समय सामाजिक दलाल पुँजीवादी (फासिवादी) सरकार एवम् नेपाली अनुहारका सिदेमान र ज्योति बसुको जेल-हिरासतमा उहाँलाई थुनियो। नियमित उपचारको अभाव, मानसिक यातना र भौतिक कष्टका कारण नै उहाँको मृत्यु स्वाभाविक नभएर फरक प्रकारको हत्या हो। कमरेड गोन्जालोलाई साम्राज्यवादीहरूले आजीवन काराबास राखेर हत्या गरे तर उहाँलाई जेल-हिरासतबाट मुक्त गरेर।

मानिस विचार, भावना र निष्ठाको योग पनि हो। समान लक्ष्यले भावनात्मक सामीप्य कायम हुन्छ भने विचारले निष्ठावान् एवम् दृढ बनाउँछ। पीडाहरू आक्रोशमा बदलिन्छन्। त्यो आक्रोश भनेको देश, जनता र क्रान्तिको सपना पूरा गर्नु पनि हो। सपना- आदर्श, उद्देश्य, नयाँ भविष्यको आशा र नयाँ सङ्कल्प पनि हो। यो निद्रामा देखिने सपना होइन। यो नयाँ जनक्रान्तिको भविष्य, जीवन र सङ्कल्पको सपना हो। 'सपना ती होइनन्, जो सुतेर देखिन्छन्। सपना ती हुन् जसले सुत्न दिँदैनन्', एपीजे अब्दुल कलामले भनेझैँ क्रान्तिकारीहरूका सपना राष्ट्र, क्रान्ति र जनताका खातिर आत्मत्यागमय ढङ्गले समर्पित भएर सङ्घर्ष, बलिदान र विजय हो। प्रतिक्रान्तिलाई नयाँ क्रान्तिमा, निराशालाई नयाँ आशामा र आमजनअपेक्षा एवम् विश्वासलाई पूर्ण विश्वासमा बदल्ने सुन्दर सपना हो। सपनाको मृत्युले मानिसको जीवनमा सबैभन्दा असह्य पीडा दिन्छ तर दर्शक मात्र बन्ने जिन्दगीका लागि। हामी त जिन्दगीमा भाग लिइरहेका छौँ। हाम्रो सपना मरेको छैन र हामी मर्न पनि दिँदैनौँ।

२०१७ साल फागुनमा रोल्पाको इरिबाङमा जन्मिनुभएका कमरेड वीरजङ्ग (चन्द्रबहादुर चन्द) एक स्थापित एवम् परिचित नाम हो। विद्यार्थीकालमै पञ्चायती कालरात्रीका विरुद्ध राजनीतिक यात्राको थालनी गर्नुभएका कमरेड वीरजङ्ग नेकपा (मशाल), नेकपा (एकताकेन्द्र), नेकपा (माओवादी), नेकपा-माओवादी र नेकपाको पोलिटब्युरो सदस्य (हाल केन्द्रीय सदस्य) हुनुहुन्थ्यो। उहाँले दस वर्षसम्म चलेको महान् जनयुद्ध, २०६२/६३ को जनआन्दोलन र एकीकृत जनक्रान्तिमा अविस्मरणीय एवम् नेतृत्वदायी भूमिका निर्वाह गर्नुभयो। महान् जनयुद्धको येनान रोल्पामा जन्मिएर वर्गसङ्घर्ष र अन्तरसङ्घर्षमा श्रेष्ठ विचारयुक्त एवम् उदात्त भावनासहित होमिएको एक होनहार योद्धा, कुशल र दुर्लभ नेता हुनुहुन्थ्यो- कमरेड वीरजङ्ग। कुनै औपचारिक उपमा र हैसियतले व्यक्तिलाई खासै फरक पार्दैन। उसको दृढता, समर्पण र क्रियाशीलतालाई अरूले पछ्याउँदै आउने गर्छन्। क्षमता आममानिसमा हुन्छ तर विशिष्ट क्षमता विरलैमा। महान् जनयुद्धमा फरक कार्यक्षेत्र एवम् भूमिकामा रहे पनि साबिक नवलपरासीको विद्यार्थीको जिल्ला सम्मेलन २०७३ असारमा हामी औपचारिक रूपले नजिकबाट परिचित भएका हौँ। भयानक विचलन, महापतन र प्रतिक्रान्तिलाई नयाँ क्रान्तिमा पुनर्सङ्गठित गर्ने एकीकृत जनक्रान्तिको महाअभियानअन्तर्गत २०७५ साल भदौ-असोजमा 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' को विशिष्ट चुरे अभियानका क्रममा हाम्रो सहकार्य प्रारम्भ भयो। कलिलै अवस्थामा क्रान्तिको घाँटी निमोठ्ने दिवासपना देखेर सामजिक दलाल पुँजीवादी सरकारले नेकपामाथि अघोषित प्रतिबन्ध लगाउँदै घोषित युद्ध नभए पनि फासिवादी दमन गरिरहेको सन्दर्भमा पार्टीले पूर्व-पश्चिम 'सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान' (भदौ-असोज) सञ्चालन गर्ने उद्घोष गरेको थियो। पार्टीले मेरो ठोस जिम्मेवारी ऐतिहासिक राष्ट्रिय अभियानमा एउटा टिम लिडरका रूपमा दिएको कुराले मलाई खुसी, गौरव र जिम्मेवारीबोधको अनुभूति भएको थियो। त्यो अवधि क्रान्तिकारी विद्यार्थी आन्दोलनमा २२ वर्ष, मूलतः समग्र आन्दोलनमा दुई दशकको पूर्णकालीन राजनीतिक जीवनमा एउटा प्रक्रियाको अन्त्य र नयाँ प्रक्रियाको थालनी पनि थियो। वास्तविक जीवनमा दर्शक होइन, हरेक मोर्चाको जिन्दगीमा भाग लिइरहेको एउटा योद्धा कहिल्यै जिम्मेवारीरहित र भूमिकाविहीन हुन सक्दैन। सङ्घर्ष, बलिदान र विजयको इतिहासको रचयिता अखिल (क्रान्तिकारी) को २१ औँ ऐतिहासिक राष्ट्रिय सम्मेलनबाट नयाँ टिमलाई जिम्मेवारी हस्तान्तरण गर्दै मेरो नेतृत्वमा ४२ जना साथीहरू बिदा भएका थियौँ। सङ्क्रमणकालीन पाँच महिना मैले मार्क्सवादी अध्ययनमा आफूलाई अभ्यस्त बनाएँ। कतिपय साथीहरू सम्मेलनपूर्व नै पार्टी जिम्मेवारीमा गइसकेका थिए। म पनि नयाँ सङ्कल्प र उत्साहसहित ३० साउन, २०७५ मा उपत्यकाबाट अभियानको कार्यक्षेत्रतर्फ प्रस्थान गरेको थिएँ। एकीकृत जनक्रान्तिमा ठूलो महत्व राख्ने त्यो अभियानमा मैले सबै साथीलाई निःसर्त र निःस्वार्थ होमिन सल्लाह तथा सुझाव दिएँ। त्यो अभियानाको मूल उद्देश्य र सन्दर्भ नयाँ भए पनि अभियानमा सहभागिता र अनुभवका दृष्टिले महान् अभियानको अभियन्ता बनेको मेरा लागि त्यो दर्जनौँमा अर्को अवसर थियो। हरेक आन्दोलन आफैँमा अभियान पनि हो। त्यो अभियान एउटा विशाल आन्दोलन पनि हो। महान् माओले 'अभियानहरू रूपमा दोहोरिएको जस्तो देखिए पनि त्यसमा परिस्थितिको व्यापक फेरबदल, मात्रामा विशालता र गुणमा छलाङ पैदा भइरहेको हुन्छ' भनेजस्तै सर्वहारा वर्गको अग्रदस्ता र श्रमिक जनताको आस्था एवम् विश्वासको धरोहर सच्चा कम्युनिस्टहरूको पार्टी नेकपाले नयाँ परिस्थितिमा ऐतिहासिक कार्यभार पूरा गर्ने मूल उद्देश्यसहित त्यो अभियान सञ्चालन गरेको थियो। राजनीतिक क्रान्तिमा सहभागी बन्ने कुरा रहर र बाध्यता दुवै होइन। यो त जसले देश र जनताप्रतिको आफ्नो उत्तरदायित्वबोध गर्छ त्यसले खेल्ने खेल नभएर क्रान्ति हो। क्रान्ति आफैँबाट रूपान्तरणको थालनी गर्ने समग्र प्रक्रिया हो। केही मानिस त्यसलाई अर्ती एवम् उपदेश मात्र दिने महावाणी र उद्धृत उक्ति ठान्दछन्। माओले भन्नुभएको थियो, 'क्रान्तिकारी युद्ध यस्तो विषाणुनाशक ओखती हो जसले शत्रुको विषलाई मात्र समाप्त पार्ने होइन, हामीभित्र रहेका फोहोरमैलालाई पनि पखालेर हामीलाई निरोगी पार्छ।'

(माओ त्सेतुङका उद्धृत उक्तिहरू, युद्ध र शान्ति, दीर्घकालीन युद्धका विषयमा, पृ. ३३, मे १९३८)।

समग्र क्रान्ति र त्यसभित्रको अभियान दुस्मनको फासिवादी दमनका विरुद्ध प्रतिरोध, पार्टीमा शुद्धीकरण, जनतामा सङ्गठन विस्तार र सुदृढीकरण गर्ने रणनीतिक तथा कार्यनीतिक महत्व बोकेको थियो त्यो अभियानले पनि। त्यो अभियान रूप र सार तथा मात्रा र गुण दुवै हासिल गर्न सफल भएको थियो। म साउन ३० गते पार्टी सम्पर्कमा पुगेको थिएँ। उपत्यकाबाट जाने साथीहरूको कुनै निधो नभएकाले मैले एकजना साथी लिएर गएको थिएँ। साउन ३१ गते पाल्पाको दोभान-बगाहमा अभियानको औपचारिक उद्घाटन भएको थियो। उद्घाटन कार्यक्रममा तीनवटा केन्द्रीय टिम लिडर, अभियान टिमका सदस्यहरू र स्थानीय कमरेडहरूको सहभागिता रहेको थियो। नेकपाका लुम्बिनी ब्युरोका तत्कालीन इन्चार्ज कमरेड वीरजङ्गको अध्यक्षतमा केन्द्रीय सदस्य कमरेड विजयले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। विशेष जिल्लाका सेक्रेटरी कमरेड विश्वासले अभियात्रीहरूलाई स्वागत गर्नुभएको थियो। पार्टीका तत्कालीन पोलिटब्युरो सदस्य कमरेड वीरजङ्गले अभियानको ब्यानर उद्घाटनसहित अभियानको उद्देश्य, औचित्य, महत्व, अभियात्रीको भूमिका, जिम्मेवारी, पार्टीयोजना र परिस्थितिबारे सबैलाई बोध गराउनुभएको थियो। महान् जनयुद्धको पुनःस्मृति गराउने गरी अभियात्री सबैलाई रातो टीका लगाएर स्वागत पनि गरिएको थियो। अभियान टिमका तर्फबाट छोटो अनुभूति र प्रतिबद्धता पनि व्यक्त गर्ने अवसर मलाई प्राप्त भएको थियो। त्यसपछि कार्यक्षेत्रको भौगोलिक जानकारी लिएर बेलुकाको खानापछि हामी गन्तव्यतर्फ प्रस्थान गरेका थियौँ। त्यो अभियानले नै मलाई कमरेड वीरजङ्गको वैचारिक स्पष्टता, वर्गीय पक्षधरता, निष्पक्षता, क्रियाशीलता, कार्यतत्परता र कुशलता, उहाँमा अन्तरनिहित विशेषताहरूसँग चिरपरिचित हुने अवसर प्रदान गरेको थियो। त्यसपछि मेरो कार्यक्षेत्र पनि पार्टीले लुम्बिनीमा नै ठोस गरेको थियो। त्यसपछि हाम्रो करिब दुई वर्ष अविस्मरणीय सहकार्य भएको थियो। उहाँसँगको त्यो सहकार्यले मलाई थुप्रै प्रेरणा मिल्यो। २०७७ चैतमा उहाँ चितवन जेलमा हुनुहुन्थ्यो। म लुम्बिनीको विद्यार्थी अभियान टिमसहित भेटघाटमा गएको थिएँ। हामीले समसामयिक अवस्थाबारे अवगत गराएका थियौँ। कमरेड वीरजङ्गले 'दलालहरूले सहमति कार्यान्वयन गर्दैनन्, पार्टीले नयाँ ढङ्गले सोच्नै पर्दछ' भन्नुभएको थियो। यो वार्ता र सहमतिका बारेमा आदरणीय महासचिव कमरेड विप्लवले 'यो सहमति कसैले कसैलाई जित्ने मनसायबाट गरिएको होइन। त्यसैगरी कसैले जितेको र कसैले हारेको रूपमा लिनु हुँदैन। यो सरकार र विद्रोही शक्तिका बीचमा आवश्यकता र पूर्तिको सिद्धान्तमा गरिएको सहमति हो। यसमा दुवै पक्षका फाइदा छन् र दुवै पक्षका केही त्याग पनि छन्' भनेर खुलस्त गर्नुभएको विषय मैले बताएको थिएँ। हालसम्म त्यो सहमतिको दुई नम्बर बुँदाबाहेक अरू केही कार्यान्वयन भएको छैन। हाम्रा नेता-कार्यकर्ताहरू झूट्टा मुद्दामा अझै जेलमा हुनुहुन्छ। यद्यपि अरू सहमति कार्यान्वयन गर्ने सवालमा वर्तमान सरकार पनि उदासीनजस्तो देखिन्छ। विभिन्न तत्वहरूले त्यो लागू नहोस् भन्ने ढङ्गले चलखेल गरिरहेका छन्।




त्यसपछि उहाँ जेलमुक्त हुनुभयो। पार्टीको केन्द्रीय समितिको दसौँ योजनामा म लुम्बिनीबाट स्थानान्तरित भएँ। १८ वैशाख, २०७८ मा उहाँको घरमा तत्कालीन लुम्बिनी ब्युरो इन्चार्ज आदरणीय कमरेड कृति दाइसहित सबै कमरेडहरूका बीचमा उहाँले लामो जेलजीवनका अनुभूति बताउनुभयो। त्यो पनि शिक्षाप्रद एवम् प्रेरणादायी छ। त्यो नै आदरणीय कमरेड वीरजङ्ग दाइसँगको मेरो अन्तिम भेट हुन गयो। फरक एवम् टाढा कार्यक्षेत्रका कारण उहाँ काठमाडौँमा उपचारमा हुँदा मैले भेट्न पाइनँ। उहाँसँग पार्टी केन्द्रीय समितिको बैठक र केन्द्रीय प्रशिक्षणमा भेट्ने अभिलाशा थियो तर त्यहाँ पनि भेट हुन सकेन। कमरेड वीरजङ्ग दाइ, तपाईंसँग भौतिक रूपले फेरि भेट्न नसके पनि म तपाईंले दिएको प्रेरणा कहिल्यै बिर्सनेछैन। अमिट छन् तपाईंको प्रेरणा र सहकार्य। तपाईं र आदरणीय कमरेड कृतिजतिको नेता र कार्यकर्ता सबै क्षेत्रमा हुँदा क्रान्तिको विजय समीप हुन्छ। पार्टीको कार्यदिशा, रणनीति, कार्यनीति, नीति, योजना, कार्यक्रम, विधि र पद्धतिप्रतिको दृढता र कार्यतत्परता कमरेड वीरजङ्ग र लुम्बिनीबाट सबैले सिक्नै पर्दछ। महान् जनयुद्धकालमा विशेष क्षेत्र तत्कालीन केन्द्रीय आधारइलाका (राप्ती) र आदरणीय कमरेड विप्लवसँग सहकार्य गर्ने र सिक्ने अवसर प्राप्त भएको थियो। नयाँ ढङ्गले पहिलोपटक पृथ्वीको विशाल भूभागमा वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सफल अक्टोबर क्रान्तिको विजयपछि विश्वव्यापी रूपमा र खास गरेर चीनमा रुसबाट सिकौँ, चिनियाँ क्रान्तिकालमा येनानबाट सिकौँ भन्ने नारा गुन्जिएको थियो। आज हामी सबैले कमरेड वीरजङ्ग र लुम्बिनीबाट सिक्नु नै पर्दछ। हामी सबैले नयाँ सङ्कल्प गरिरहेका छौँ, कमरेड वीरजङ्ग दाइ, तपाईंजस्तै अविचलित एवम् निर्भीक भएर लडिरहनेछौँ। मार्क्सले भन्नुभएको छ, 'कम्युनिस्टहरू आफ्ना दृष्टिकोण र उद्देश्यहरूलाई लुकाउनु घृणास्पद कार्य ठान्दछन्। उनीहरू हाकाहाकी घोषणा गर्दछन्- सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक ध्वस्त पारेपछि मात्रै उनीहरूको उद्देश्य पूर्ति हुनसक्छ। साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होऊन्। सर्वहारा वर्गले यसमा आफ्ना हतकडीसिवाय अरू केही गुमाउनु पर्दैन, बरु सम्पूर्ण संसार नै उनीहरूले प्राप्त गर्न सक्दछन्।'

मार्क्स-एङ्गेल्स सङ्कलित रचना, खण्ड १, पृ. ८५।

तपाईंको अन्तिम शब्दसन्देश 'नेपाली जनतालाई फेरि धोका नहोस्' आदरणीय महासचिव कमरेड विप्लवसँगै हामी सबैले प्रतिज्ञा गरेका छौँ- 'तपाईंको सपना साकार हुनेछ र आन्दोलनलाई धोका हुनेछैन' भन्ने उद्घोषलाई हामी आत्मसाथ गरिरहनेछौँ। जीवन-व्यवहारमा बदल्नेछौँ। पार्टीको क्रान्तिकारी विचार, वैज्ञानिक कार्यदिशा, ठोस योजना र महान् जनताका अगाडि त्यो हल्ला महान् जनयुद्धको आयु तोक्ने र नेतृत्वको टाउकाको मूल्य निर्धारण गरेको भन्दा कुनै फरक होइन। महान् मार्क्सले 'विश्व-इतिहासमा ती सबै महत्वपूर्ण घटनाहरू तथा व्यक्तिहरू दुईपल्ट अविर्भूत हुन्छन् भन्ने हेगेलको भनाइलाई पहिलोपल्ट दुःखान्त नाटकका रूपमा र अर्कोपल्ट प्रहसनका रूपमा' (मार्क्स-एङ्गेल्स सङ्कलित रचना, खण्ड १, पृ. १३३) भनेझैँ आज दलालहरूको त्यो भ्रमपूर्ण हल्ला दुःखान्त नाटक र प्रहसनजस्तै भइरहेको छ। दलाल पुँजीवादको अन्त्य र वैज्ञानिक समाजवाद स्थापना अवश्यम्भाबी छ। एकीकृत जनक्रान्ति निरन्तर अघि बढिरहेको छ। कमरेड वीरजङ्ग, तपाईंका असीम योगदानहरूको इतिवृत्त केवल यसमा सम्भव छैन। म दायित्वबोध एवम् जिम्मेवारीका साथ आगामी दिनमा जारी राख्नेछु। कमरेड वीरजङ्ग दाइ, तपाईंप्रति अन्तःस्करणबाटै शब्द श्रद्धाञ्जली ! शोकाकुल ममतायी आमा, तपाईंको स्नेही भाइ तथा आदरणीय पार्टी महासचिव कमरेड विप्लव, सपरिवारजन, नेता, कार्यकर्ता, आमजनतालगायत सबैमा गहिरो समवेदना !! कमरेड वीरजङ्ग, तपाईंको मृत्यु ओजपूर्ण छ, तपाईं अमर हुनुभएको छ। कमरेड वीरजङ्ग- लालसलाम !!!

कविता

## परदेशीको कथा



सीता विक 'सम्झना'

आँखा नचिम्लिएरै
बिहान भएको त्यो रात
आफन्तको मीठो साथ
कहाँ पुरानो भएको छ र
सम्झनामा घुमिरहेको छ हजूर
धेरैपटक दसैँ आयो
तिहार आयो
घर फर्किने पत्तै छैन
म केही वर्षअघि
परदेसिएको मान्छे
आमाका साना
सुन बेचेर पासपोर्ट किनेँ
गाउँबाट सहर छिरेँ
देश छोडेर परदेश हिँडेँ
ठूलाठूला सपना बोकेँ
पराईको मुलुक फिरेँ
पैसाले केही खुसी त दियो
देशको माया दिँदैन रहेछ हजूर
आफ्नो भाषाभेषको माया
दिँदैन रहेछ हजूर
म केही वर्षअघि
परदेसिएको मान्छे
भन्दै थिइन् आमा त
गहभरि आँसु बगाउँदै-
छिटै फर्किनु है बाबू
बुढेसकालले भेटिसको
तिमीबिना एक्लो हुन्छु
यतै आफ्नै खेत जोत
कतै सानो काम खोज
हुनत हो नि
मलाई पनि रहर त थियो
देशमै बस्ने
तर
फरक छ देशको कथा
जागिर खान 'पावर' लाउनुपर्ने
नेताहरूको घरआँगन धाउनुपर्ने
बाध्यता नै बन्यो
झोला बोकी परदेश आउनुपर्ने
आफ्नो घरआँगन
बिरानो बनाइछोडे
मेरी आमा तिमी
निरास र निसाइलो गाउँमा
बाटो हेरिरहेकी हौली
निष्ठुरी सन्तान भन्दै सराप दिँदै
आँसु छरिरहेकी हौली
तर म विवश छु आमा
पराईको देशमा
श्रम बेच्दैछु
पसिनाको मूल्य के हो
बुझ्दैछु
म केही वर्षअघि
परदेसिएको मान्छे
हो, म सोच्दैछु
आफ्नो श्रम पराईको देशमा बेच्दिनँ अब
यो साल त यस्तै भयो
अर्को वर्ष यता बस्दिनँ अब
आफ्नै घर फर्किएर
बाँझो खेत खन्छु आमा
परदेशीको कथा ब्यथा
सबै-सबैलाई भन्छु आमा
आफ्नै भूमिमा पसिना बगाई
तिम्रै काखमा रम्छु आमा
आफ्नै माटो प्यारो छ
आफ्नै देशमा जम्छु आमा
अब म देशप्रेमी बन्छु आमा
देश लुट्ने चुसाहाको
मुटु घोच्ने काँडा हुन्छु आमा
यो साल त यस्तै भयो
अर्को साल त पक्का स्वदेशमै हुन्छु आमा
म केही वर्षअघि
परदेसिएको मान्छे
यस्तै छ परदेशीको कथा !

## राष्ट्रिय जागरण ....

वरिष्ठ केन्द्रीय सदस्य तथा महान् जनयुद्धका होनहार योद्धा कमरेड चन्द्रबहादुर चन्द 'वीरजङ्ग' को यही असोज २८ गते बेलुका ९:३० बजे उपचारकै क्रममा दुःखद् निधन भएको खबरले हामीलाई स्तब्ध बनाएको छ। एक जोदाहा, इमानदार, कुशल नेताको निधनले सिङ्गो क्रान्तिकारी आन्दोलनलाई अपूरणीय क्षति पुऱ्याएको छ। यस दुःखद् घडीमा कमरेड वीरजङ्गप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ।'

लोहनीको वक्तव्यमा अगाडि भनिएको छ, 'नेपाली जनताले उहाँको त्याग, बलिदान र समर्पणको सदैव स्मरण गर्नेछन्। हामी देशभक्त, जनतन्त्र र जनजीविकाका पक्षधर नेपाल कम्युनिस्ट पार्टी, पार्टीका महासचिव, आदरणीय आमालगायत सम्पूर्ण परिवारमा गहिरो समवेदना व्यक्त गर्दछौँ। साथै उहाँले छाडेर गएका बाँकी कार्यभार र सपना पूरा गर्न नेपालका क्रान्तिकारी जनताले उहाँको पदचापलाई पछ्याइरहनेछन्।'

## नेकपा नेता वीरजंगको ....

आबद्ध व्यक्तित्व, सामाजिक कार्यकर्ता र स्थानीय जनसमुदायले अश्रुपुरित हुँदै सामूहिक रूपमा जनप्रिय नेता वीरजङ्गलाई बिदा गरेका हुन्।

श्रद्धाञ्जली कार्यक्रममा पार्टी महासचिव विप्लवले नेता वीरजङ्गले अन्तिम समयमा 'आन्दोलन र क्रान्तिलाई धोका नहोस्' भनी एकीकृत जनक्रान्ति र जारी वर्गसङ्घर्षप्रति चिन्ता व्यक्त गरेको स्मरण गराउँदै भने, 'कमरेड, तपाईंको सपना हामी पूरा गर्नेछौँ। देश, जनता, हाम्रो वर्ग र जारी क्रान्तिलाई धोका हुनेछैन।'

महासचिव विप्लवले नेता वीरजङ्गलाई क्रान्तिकारी र इमानदार योद्धाका रूपमा स्मरण गरे। सहयोद्धा र अभिभावक दुवै भूमिका एकसाथ निर्वाह गरेको स्मरण गर्दै महासचिव विप्लवले योद्धा वीरजङ्गका योगदानहरूको जति प्रशंसा गरे पनि कमै हुने बताए।

नेता वीरजङ्गप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नेकपाका प्रवक्ता प्रकाण्डले शोकसन्तप्त पार्टी महासचिव विप्लव, आमा, नेता वीरजङ्गका परिवारका अन्य सदस्य र पार्टीपङ्क्तिप्रति हार्दिक समवेदना प्रकट गरे। उनले भने, 'हामी कमरेड वीरजङ्गका अधुरा सपना र सदीच्छा पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ।'

श्रद्धाञ्जली कार्यक्रममा लुम्बिनी प्रदेशका मुख्यमन्त्री कुलप्रसाद केसी 'सोनाम' ले नेता वीरजङ्ग कर्मठ, इमानदार र लगनशील रहेको बताए। उनले जनयुद्धदेखि हाल जारी एकीकृत जनक्रान्तिसम्म नेता वीरजङ्गको अनुकरणीय र अतुलनीय योगदान रहेको बताए।

श्रद्धाञ्जली कार्यक्रममा नेकपा मओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण', पूर्वसभामुख एवम् माओवादी केन्द्रका प्रवक्ता कृष्णबहादुर महराले प्रेषण गरेको शोक तथा समवेदनापत्र वाचन गरिएको थियो।

कार्यक्रममा नेकपाका जवस मोर्चाका तर्फबाट पार्टी केन्द्रीय सदस्य एवम् अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष बन्धु चन्द, नेकपा माकेका नेता एवम् पूर्वमन्त्री चन्द्रप्रकाश खनाल, सङ्घीय सांसद अभिशेकप्रताप शाह, पूर्वसांसद, संसद् सदस्य र प्रदेश सांसदहरू विनोदकुमार उपाध्याय, रामलोटन तिवारी, इलियस मुसलमान, राष्ट्रिय सभा सदस्य विमला घिमिरे, स्थानीय उद्योग वाणिज्य सङ्घ र सामाजिक सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी थिए।

त्यसैगरी श्रद्धाञ्जलीसभामा शिवराज नगरपालिकाका मेयर नेत्रराज अधिकारी, कपिलवस्तु महाराजगन्ज नगरपालिकाका मेयर अब्दुल कलाम मुसलमान, राष्ट्रिय जनमोर्चा कपिलवस्तु जिल्ला अध्यक्ष दधिराम आचार्य, क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य पिताम्बर आचार्य, वामपन्थी बुद्धिजीवी मेघराज ज्ञवाली, स्थानीय जनसमुदाय, विभिन्न सामाजिक व्यक्तित्वहरूले नेता वीरजङ्गप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका थिए।

यसैबीच नेता वीरजङ्गको स्मरण र सम्मानमा नेकपा केन्द्रीय कार्यालयको आयोजनामा शिवगढीमा र देशभरका सम्पूर्ण जिल्लामा जिल्ला समितिहरूको आयोजनामा आगामी कात्तिक १० गते श्रद्धाञ्जलीसभा हुने जानकारी पार्टी केन्द्रीय कार्यालयले दिएको छ।

भारतको दिल्लीस्थित म्याक्स अस्पतालमा मुटुरोगको उपचार गराइरहेकै अवस्थामा २८ गते राती ६१ वर्षको उमेरमा नेकपाका पूर्वपोलिटब्युरो सदस्य एवम् वर्तमान केन्द्रीय सदस्य वीरजङ्गको असामयिक निधन भएको थियो। विगतमा भएका ग्रामीण वर्गसङ्घर्ष, पञ्चायती निरङ्कुशता र दलाल संसदीय व्यवस्थाविरुद्ध जनयुद्ध हुँदै एकीकृत जनक्रान्तिको प्रतिबन्धको समयमा समेत लामो समयसम्म हिरासत र जेल जीवन व्यतीत गरेका नेता वीरजङ्गलाई जेलभित्रै मुटुको रोगले गाँजेको थियो। दुईपटकसम्म उनको मुटुको शल्यक्रिया भएको थियो। प्रतिबन्धको समयमा हिरासतभित्रै उनलाई कोरोना सङ्क्रमणसमेत भएको थियो।

२०१७ साल फागुनमा रोल्पाको इरिबाङमा जन्मिएका नेता वीरजङ्गको सम्पूर्ण जीवन राजनीतिमै व्यतित भएको छ। नेपालको कम्युनिस्ट आन्दोलनमा वीरजङ्गलाई क्रान्तिकारी, अत्यन्त इमानदार छवि भएका व्यक्तित्वका रूपमा चिनिन्छ। नेता वीरजङ्ग नेकपाका महासचिव विप्लवका सहोदर दाजु पनि हुन्। वीरजङ्गका आमा, श्रीमती, दुई छोरा-बुहारी छन्।

## केन्द्रीय जनपरिषदद्वारा ....

दुईदुईपटक गिरफ्तार गरी लामो समय जेल र हिरासतको यातना दिएको र जेल-हिरासतको यातनाले उनको कमजोर स्वास्थ्य अवस्था झन् बिग्रँदै गएको उल्लेख छ।

वक्तव्यमा भनिएको छ, 'हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीका वरिष्ठ केन्द्रीय सदस्य तथा नेपाल कम्युनिस्ट पार्टीका महासचिव कमरेड विप्लवका जेठा दाइ कमरेड वीरजङ्ग (चन्द्रबहादुर चन्द) को गएराती उपचारका क्रममा दिल्लीस्थित मेक्सिस अस्पतालमा दुःखद् निधन भएको खबरले हामी सबैलाई स्तब्ध बनाएको छ। कमरेड वीरजङ्ग नेपाली क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका एक अथक योद्धा हुनुहुन्थ्यो। रोल्पा जिल्लाको इरिबाङमा २०१७ साल फागुनमा जन्मिनुभएका कमरेड वीरजङ्ग नेकपा मशालदेखि एकताकेन्द्र, माओवादी हुँदै माओवादी नेतृत्वको विचलनपछि पुनर्गठित नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व तहमा रहेर कुशल नेतृत्व गर्दै आउनुभएको थियो।'

वक्तव्यमा अगाडि भनिएको छ, 'उहाँ पञ्चायतविरोधी आन्दोलनदेखि जनयुद्ध हुँदै माओवादी जनयुद्धको नेतृत्वको विचलन र आत्मसमर्पणका विरुद्ध निरन्तर सङ्घर्ष गर्दै आउनुभएको थियो। साथै वर्तमान दलाल पुँजीवादी सत्ताका विरुद्ध पनि अविराम सङ्घर्ष गर्दै आउनुभएको थियो। त्यसैले यो प्रतिक्रियावादी सत्ता र सरकारको आँखाको कसिङ्गर बन्दै आउनुभयो। दुई लाइन सङ्घर्ष र वर्गसङ्घर्षमा अत्यन्त कुशल भूमिका र जिम्मेवारी निर्वाह गर्दै आउनुभएका कमरेड वीरजङ्ग जनयुद्धमा जनमुक्ति सेनाको बटालियन कमिसार हुँदै सेना र सङ्गठनमा पनि कुशल कमान्डर र कमिसारको भूमिका निर्वाह गर्नुभएको थियो। शान्तिप्रक्रियापछि प्रचण्डको विचलन र आत्मसमर्पणपछि लगातार क्रान्तिकारी आन्दोलनको नेतृत्व गर्दै लुम्बिनी ब्युरो इन्चार्ज, मध्यपश्चिम कमान्ड इन्चार्जको भूमिका पनि कुशलतापूर्वक पूरा गर्दै आउनुभएको थियो। पछिल्लो समयमा केपी ओलीको कथित कम्युनिस्ट सरकारले नेकपामाथि प्रतिबन्ध लगाएपछि उहाँलाई एक नम्बरको निशाना बनायो र दुईदुईपटक गिरफ्तार गरी लामो समय जेल र हिरासतको यातना दियो। जेल-हिरासतको यातनाले उहाँको कमजोर स्वास्थ्य अवस्था बिग्रँदै गयो। ३ बुँदे सहमतिपछि पार्टीको पहलमा अस्वस्थ अवस्थामै रिहा हुनुभयो। बाहिर निस्कसकेपछि उहाँको स्वास्थ्यस्थिति झन् पछि झन् बिग्रँदै गयो र नेपालमा उपचार सम्भव नभएपछि नेपालका डाक्टरहरूले दिल्लीस्थित मेक्सिस अस्पतालमा रिफर गरे। उहाँको मुटुको अप्रेसनपछि स्वास्थ्यमा सुधार भएन र अन्त्यमा यही २०७८ असोज २८ गते राती अस्पतालमै उहाँको दुःखद् निधन भएको छ। उहाँको यो निधनले सिङ्गो सर्वहारा वर्गीय आन्दोलन, पार्टी र क्रान्तिमा अपूरणीय क्षति पुगेको छ। हामीले एउटा कर्मठ योद्धा, साहसी, इमानदार, क्रान्तिकारी, जोदाहा नेता गुमाउन पुगेका छौँ। उहाँको यो निधनले हामी सबैलाई निकै मर्माहत बनाएको छ।'

शोक वक्तव्यमा भनिएको छ, 'उहाँ ९३ वर्षीया आमा, श्रीमती, दुई छोराहरू, दुई दिदीहरू, दुई भाइहरू र एक बहिनी तथा बुहारी, नातीनातिनाहरू, पार्टीका सहयोद्धा, कार्यकर्ता सबैलाई छोडेर दिवंगत हुनुभएको छ। दिवंगत कमरेड वीरजङ्गप्रति केन्द्रीय जनपरिषद् नेपाल हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँको शोकसन्तप्त परिवार, आफन्तजन र सिङ्गो पार्टीपङ्क्तिमा हार्दिक समवेदना व्यक्त गर्दछ। साथै उहाँले छाडेको अधुरो क्रान्तिको जिम्मेवारी पूरा गर्ने प्रण पनि यसै वक्तव्यमार्फत गर्न चाहन्छौँ।'

## एसीसी कार्यालय हटाउन ....

हुन्।

विगतमै नेपाल सरकार र अमेरिकाबीच भएको राष्ट्रघाती एमसीसी सम्झौता संसद्बाट पारित गराउन विभिन्न तत्वहरू सक्रिय भइरहेका छन्। सम्झौतामा उल्लेख गरिएका घातक बुँदाहरूका आधारमा नै एमसीसी सम्झौता नेपालको सार्वभौमिकता, स्वाधीनता, संविधान, कानुन, सुरक्षा, अन्तर्राष्ट्रिय मैत्रीविपरीत रहेको स्पष्ट हुन्छ। यस राष्ट्रघाती सम्झौताको विरोध र खारेजीको माग गर्दै विगत लामो समयदेखि नै नेपाल कम्युनिस्ट पार्टीसहित विभिन्न राष्ट्रप्रेमी, देशभक्त तथा प्रगतिशील पार्टीहरू, नागरिक समाज, सामाजिक अभियन्ता, बौद्धिक व्यक्तित्वका साथै विभिन्न सङ्घसंस्थाहरूले सङ्घर्ष गर्दै आएका छन्।

जनभावनाविपरीत एमसीसी सम्झौता कार्यान्वयनको पूर्वतयारीका लागि मकवानपुरसहित कैयौँ जिल्लामा एमसीए कार्यालय खोलिएको छ। यस विषयमा नेपाल कम्युनिस्ट पार्टीसहित अन्य पार्टी तथा विभिन्न सङ्घसंस्थाले गम्भीर आपत्ति जनाएका छन्। साथै राष्ट्रघाती सम्झौतालाई जबर्जस्ती लाद्ने कुचेष्टा नगर्न चेतावनीसमेत दिएका छन्।

ज्ञापनपत्र बुझाउने पार्टी, बौद्धिक तथा नागरिक सङ्घसंस्थामा नेपाल कम्युनिस्ट पार्टी, मकवानपुर, सेक्रेटरी राम घलान 'वाटर', नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) मकवानपुर सेक्रेटेरी, रामचन्द्र नेपाली 'पारस', नेपाल कम्युनिस्ट पार्टी माले मकवानपुर उपसचिव, हरिकृष्ण अधिकारी, नेकपा मसाल मकवानपुर प्रवक्ता रामहरि धिताल, नेपाल कम्युनिस्ट पार्टी, मकवानपुर संयोजक माननाथ तिमल्सिना, राष्ट्रिय जनमोर्चा नेपाल अध्यक्ष, नीर कुमार सिंतान, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपाल, मकवानपुर संयोजक गणेश रसाइली, नेमकिपा मकवानपुर प्रतिनिधि दीपेन्द्र श्रेष्ठ, जनता समाजवादी पार्टी प्रतिनिधि जीवन लामा, माओवादी जनमुक्ति पार्टी प्रतिनिधि जीवन घिमिरे, बौद्धिक मञ्च नेपाल मकवानपुरका अध्यक्ष, विमलकेशरी पौडेल, राष्ट्रिय जनसरोकार मञ्च नेपाल मकवानपुरका संयोजक उमेश गुणी, नागरिक सरोकार समिति मकवानपुरका संयोजक, केशव गौतम, मानवअधिकार संरक्षक मञ्च मकवानपुरका संयोजक अरुण खतिवडालगायत रहेका छन्।

## नेकपाका प्रवक्ता र ....

महान्यायाधिवक्ता पनि सहभागी थिए।

स्रोतका अनुसार पछिल्लो छलफलमा विगतमा भएको समझदारीअनुसार अघिल्लो छलफलपछि भएको प्रगतिका विषयमा सरकारी प्रतिनिधिले ब्रिफिङ गर्दै रिपोर्ट प्रस्तुत गरेका थिए भने नेकपाले पनि जेल र हिरासतमा रहेका आफ्नो पार्टीका नेता-कार्यकर्ता र झूट्टा मुद्दाहरूका बारेमा रिपोर्ट प्रस्तुत गरेको थियो।

छलफलमा गृहमन्त्री खाँडले अघिल्लो साता भएको छलफल र प्रगतिका विषयमा प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष रिपोर्टिङ गरेको, प्रधानमन्त्री देउवाले सकारात्मक कामको प्रगतिप्रति धन्यवाद दिएको र यसलाई सफलतामा पुऱ्याउन तदारुकतासाथ अघि बढ्न निर्देशन दिएको बताएका थिए। आजको छलफलमा पनि सहमति कार्यान्वयनका लागि जारी वार्ता, भेट र छलफललाई परिणाममुखी बनाउन निरन्तर सजीव सम्बन्धमा रहिराख्ने समझदारी बनेको जानकारी नेकपा स्रोतले दिएको छ।

गतवर्ष फागुन २१ गते नेकपा र सरकारबीच तीनबुँदे सहमति भएको थियो। सरकारका तर्फबाट नेकपामाथि लगाइएको प्रतिबन्ध फुकुवा गर्नेबाहेक अन्य बुँदा कार्यान्वयनमा नआएको भन्दै व्यापक जनगुनासो बढिरहेको समयमा नेकपा र सरकारी प्रतिनिधिबीच भेटवार्ता र छलफलको प्रक्रिया सकारात्मक रूपमा अघि बढिरहेको नेकपा स्रोतको कथन छ।

## सहिद–बेपत्ता योद्धाका ....

पूरा गर्ने धारणा पनि राखे। महासचिव विप्लवले भने, 'संसदीय पुँजीवाद कि वैज्ञानिक समाजवाद ? जनताले रोज्न पाउनुपर्छ।'

भेटघाट कार्यक्रममा सहिद परिवारकी आमा तुलसा पाण्डे र स्थानीय जनताले फूलमाला लगाएर महासचिव विप्लवलाई स्वागत गरेका थिए। कार्यक्रममा सैनामैनाका नेकपा नेता, कार्यकर्ता र जनताको उत्साहपूर्ण उपस्थिति थियो।

उक्त भेटघाटमा नेकपा केन्द्रीय सदस्य तथा रूपन्देही जिल्ला इन्चार्ज कृति, केन्द्रीय कार्यालय सचिव असल, रूपन्देही सेक्रेटरी विश्वास, सैनामैना सेक्रेटरी वर्षालगायत सहभागी थिए।

## जनमतसंग्रह ....

अधिकारीको स्मृतिमा जाजरकोट जिल्लाले प्रकाशन गर्ने 'शेरबहादुर अधिकारी स्मृति प्रतिष्ठान' लाई आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। शेरबहादुर अधिकारीको मृत्युपछि नेपाल शिक्षक महासङ्घको रिक्त भएको उक्त पदमा सङ्गठनका सचिव मदनराज जोशीलाई सिफारिस गर्ने निर्णय गरिएको सङ्गठनका केन्द्रीय उपाध्यक्ष गुणाखर भट्टराईले बताए।

बैठकले सङ्गठनलाई आत्मनिर्भर गराउने गरी विभिन्न उत्पादनका क्षेत्रको सम्भाव्यता अध्ययन गरी रिपोर्ट पेस गर्न सम्पूर्ण प्रदेश समितिलाई निर्देशन दिएको छ। बैठकले शिक्षकहरूको ऐतिहासिक पृष्ठभूमि समेटेर वैयक्तिक विवरण सङ्कलन गर्ने र समसामयिक शैक्षिक तथा पेसागत विषयसहित शैक्षिक बुलेटिन प्रकाशन गर्ने निर्णय लिएको छ।

बैठक सङ्गठनका अध्यक्ष घनश्याम पाठकको अध्यक्षता र महासचिव रमेश रूपाखेतीको सञ्चालनमा सम्पन्न भएको थियो।

## पार्टी एकता ....

जोसँग मिल्छ उसैसँग एकता हुन्छ। यस विषयमा सम्झौता हुँदैन।

सङ्गठनमा पनि नयाँ रूपले सोच्नुपर्छ। पार्टीसँग सर्त राख्ने होइन, काममा लाग्ने, आफ्नो विषय पनि राख्ने हुनुपर्छ। तथ्यगत आलोचना राम्रै कुरा हो तर आलोचनाभन्दा समाधान मुख्य विषय हो।

हाम्रो क्रान्ति तलबाट उठेको विद्रोह होइन। सचेततापूर्वक माथिबाट उठाइएको आन्दोलन हो। त्यसैले धोकाको कल्पना गर्न सकिन्न। चुनबाङमै हामीले आधा शक्ति मात्र काठमाडौँ जाऔँ भनेका थियौँ। चुनावमा पनि सबै नजाऔँ भनेका थियौँ। कमरेडहरू, अनुसरणले क्रान्ति गर्दैन। अनुसरण त जसले पनि गर्छ। हामी क्रान्ति गर्दछौँ। क्रान्ति अन्वेषण पनि हो। समाजवादले सत्ता जन्मायो, शासक जन्मायो तर श्रमिक जन्माउन सकेन। त्यो सीमालाई आजैबाट चिर्दै जानुपर्छ। वैज्ञानिक समाजवादको भविष्य सुनिश्चित छ।

(२०७८ असोज ११ देखि १४ गतेसम्म चितवन पर्सामा सम्पन्न केन्द्रीय प्रशिक्षणमा व्यक्त विचारको सम्पादित अंश- सम्पादक)

# प्रवक्ता प्रकाण्डले भेटे उपचाररत क्रान्तिकारी माओवादीका नेता किरणलाई काठमाडौँ

नेकपाका प्रवक्ता प्रकाण्डले श्वास-प्रश्वाससम्बन्धी समस्या बढेर नर्भिक अस्पतालमा भर्ना भई उपचार गराइरहेका नेकपा (क्रान्तिकारी माओवादी) का महासचिव मोहन वैद्य 'किरण' लाई भेटेर पार्टीका तर्फबाट शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्।

पार्टीस्रोतले दिएको जानकारीअनुसार प्रवक्ता प्रकाण्डले नेता किरणलाई भेटेर स्वास्थ्यलाभको कामना गर्नुका साथै समसामयिक राजनीतिका विषयमा पनि कुरा गरेका छन्। क्रान्तिकारी माओवादीका महासचिव किरण दमको समस्या बढेर आइतबार नर्भिक अस्पतालमा भर्ना भई उपचार गराइरहेका छन्। अस्पताल स्रोतले नेता किरणको स्वास्थ्य सुधारोन्मुख रहेको जनाएको छ।

नेता किरण र प्रवक्ता प्रकाण्डबीच उनी स्वास्थ्यलाभ गरी फर्किएपछि मुलुकको सङ्कटग्रस्त वर्तमान राजनीतिलाई निकास दिन तय हुने आगामी योजना तथा कार्यक्रमबारे छलफल गरी निष्कर्ष निकाल्ने विषयमा समेत छलफल भएको नेकपाको उच्च स्रोतले जनाएको छ। यसैबीच नेता किरण उपचारपछि बासस्थान फर्किएका छन्।

# 'संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद'

**काठमाडौँ।** नेपाल कम्युनिस्ट पार्टीका महासचिव विप्लवले जनमतसङ्ग्रह जनताको लोकप्रिय कार्यनीति भएको बताएका छन्। उनले नेकपा रूपन्देहीको विस्तारित बैठकमा प्रशिक्षण मन्तव्य राख्दै क्रान्ति शान्तिपूर्ण पनि हुने र जनमतसङ्ग्रह मुर्दाहरूले नभई क्रान्तिकारीहरूले गर्ने बताए।

महासचिव विप्लवले खास समयमा जनताको बलमा रूपान्तरण सम्भव हुने र बन्दुक इच्छाको कुरा नभई बाध्यता भएको बताए। उनले जनमतसङ्ग्रह एकीकृत जनक्रान्तिअन्तर्गतको एउटा नयाँ कार्यनीति भएको पनि प्रस्ट पारे।

महासचिव विप्लवले भने, 'तीनबुँदे सहमति नभएको भए पनि हामी जनमतसङ्ग्रहको कार्यनीति अघि साथ्र्यौं। केपीको सरकार ढल्नुको कारण संसदीय व्यवस्थाको असफलता भएकाले त्यसको विकल्पमा जनमतसङ्ग्रहमार्फत वैज्ञानिक समाजवादको कार्यनीति बनाएका हौँ।' विप्लवले त्यसका लागि नेकपासहितको प्रगतिशील संयुक्त सरकार आवश्यक भएको पनि बताए। उनले आवश्यक परे प्रगतिशील संयुक्त सरकारको नेतृत्व गर्न आफ्नो पार्टी तयार रहेको पनि बताए। विप्लवले अगाडि भने, 'बन्दुक रहर होइन, बाध्यकारी हतियार हो। राज्यले नसुनेपछि जनताका लागि यो बाध्यकारी परिणाम हो।'

महासचिव विप्लवले जनमतसङ्ग्रहको चुनावमा जनताले जित्ने ठोकुवा गर्दै भने, 'जनमतसङ्ग्रहको चुनाव कसैको दयाले होइन, जनताको तागतले हुन्छ। जनताले जित्ने गरी हुन्छ।' संसदीय व्यवस्था असफल भएको विषय पार्टीले अहिले नभएर जनयुद्धकालदेखि नै भनिरहेको स्मरण गराउँदै विप्लवले जनमतसङ्ग्रहमा वैज्ञानिक समाजवादी पक्षधरहरूले चुनाव जित्ने मात्रै नभएर त्यसको रक्षा गर्ने गरी जनता एकीकृत हुने धारणा राखे। उनले जनमतसङ्ग्रहको कार्यनीतिबाट कोही पनि आतङ्कित हुनु नपर्ने र अबको राष्ट्रिय राजनीति यसैमा केन्द्रित हुने बताए।

# असफल व्यवस्थाको चुनाव होइन, व्यवस्था रोज्ने जनमतसङ्ग्रह गराऊ : रणवीर

**मन्थली (रामेछाप)**

नेकपाका केन्द्रीय सदस्य एवम् रामेछाप-सिन्धुली पार्टी इन्चार्ज भरत बम 'रणवीर' ले आफ्नो पार्टी यो असफल दलाल पुँजीवादी व्यवस्था र यसले गराउने चुनावमा नजाने प्रस्ट पारेका छन्। यो व्यवस्था असफल भइसकेकाले वैज्ञानिक समाजवाद स्थापना भएरै छोड्ने विश्वास उनले व्यक्त गरे।

नेकपा रामेछापले मङ्गलबार जिल्ला सदरमुकाम मन्थलीमा आयोजना गरेको जिल्लास्तरीय राजनीतिक-वैचारिक प्रशिक्षणमा प्रमुख अतिथि रणवीरले दलाल पुँजीवादी व्यवस्था पूर्ण रूपमा असफल भइसकेकाले आफ्नो पार्टी असफल व्यवस्थाको चिहानमा एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवाद स्थापना गर्ने नयाँ कार्यक्रम लिएर अघि बढिरहेको प्रस्ट पार्दै वैज्ञानिक समाजवाद स्थापनाका लागि व्यवस्था रोज्ने जनमतसङ्ग्रह गराउन सरकारलाई चुनौती दिए। उनले जनमतसङ्ग्रहमा दलाल पुँजीवादी व्यवस्थाले हार्ने र वैज्ञानिक समाजवादले विजय हासिल गर्नेमा पूर्ण रूपमा विश्वास प्रकट गरे।

यतिबेला नेपालमा नयाँ वैकल्पिक विचार र कार्यक्रम लिएर अघि सार्ने पार्टी नेकपा मात्रै रहेकाले संसदीय व्यवस्थाका मतियारहरूले विचार र कार्यक्रमबाट पराजित भएर आफ्नो पार्टीमाथि प्रतिबन्ध लगाएको भए पनि अन्त्यमा प्रतिबन्ध हटाउन बाध्य भएको पनि प्रस्ट पारे। नेकपाको नेतृत्वमा बन्ने प्रगतिशील संयुक्त सरकारले गराउने जनमतसङ्ग्रहमा जनताको विजयको विकल्प नरहेकाले गाउँगाउँमा पुगेर जनमतसङ्ग्रहको वातावरण तयार पार्न जिल्ला नेता-कार्यकर्तालाई निर्देशन दिए।

विशिष्ट प्रकारको शक्ति सन्तुलनका कारण पुरानो सत्ताले तीनबुँदे सहमति गरी मुलुकमा राजनीतिक समस्या रहेको स्वीकार गर्नु र नेकपासँग संवाद गरेर समाधान गर्ने सहमति गर्नु नेकपाको राजनीतिक विजय रहेको उनले बताए। पुरानो सत्तालाई केही नदिईकनै र क्रान्तिकारी शक्तिले केही नछोडीकनै भएको यसप्रकारको सहमति विश्वमै दुर्लभ किसिमको रहेको र माओवादी केन्द्रलगायतले भ्रम छरेजस्तो नभएर नयाँ उचाइबाट भएको सहमति भएकाले यसले देश र जनतालाई अग्रगामी निकासतिर लग्ने धारणा उनले राखे।

नेता रणवीरले भने, 'पुँजीवाद बलियो भएर होइन, कम्युनिस्ट फुटाएर शासन गरिरहेको छ। अब हामी नयाँ कार्यदिशामा शक्ति सम्पन्न कम्युनिस्ट आन्दोलन निर्माण गरिरहेका छौँ। नेता र जनतालाई एउटै नीति लादेकाले समाजवादी व्यवस्थाहरूमा समस्या आयो। नक्कली कम्युनिस्ट अर्थात् संसद्वादी, संशोधनवादी कम्युनिस्टको बिगबिगी अन्त्य गरेर र त्यसलाई उल्ट्याइदिएर क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा वैज्ञानिक समाजवाद स्थापना गर्ने अभियानमा छौँ। यसमा जनताले साथ दिनुपर्छ।'

दलाल पुँजीवादी सत्ता पुरानै व्यवस्था हो भन्ने उदाहरण प्रस्तुत गर्दै उनले भने, 'सत्ता फेरिएको छैन। अर्थनीति उस्तै छ। अन्तर्राष्ट्रिय सम्बन्ध उस्तै छ। अर्धऔपनिवेशिक र नवऔपनिवेशिक नीति उस्तै छ। संस्कृतिमा कुनै परिवर्तन छैन। वैज्ञानिक समाजवादी व्यवस्थाले यसलाई उल्ट्याइदिन्छ।'

नेकपा रामेछापका सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न प्रशिक्षणमा अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घका अध्यक्ष हरि श्रेष्ठ, अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय सचिव अशोक सुवेदीलगायतले आआफ्नो क्षेत्रमा प्रशिक्षण दिएका थिए।

नेकपा रामेछापले मङ्गलबार नै विभिन्न जवसहरुको भेला सम्पन्न गरेको छ। भेलाहरु पार्टी सेक्रेटरी इन्द्र श्रेष्ठको अध्यक्षता तथा नेकपाका केन्द्रीय सदस्य रणवीरको प्रमुख आतिथ्यमा सम्पन्न भएका छन्। पार्टीका पूर्वसेक्रेटरी तथा विशेष समिति सदस्य कुलदीप मगर 'अभिलाष' को स्वागतमा सम्पन्न भेलामा ७९ वर्षीय पुष्पराज पौडेल 'मजदुरमित्र' को संयोजकत्वमा १३ सदस्यीय अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, शङ्कर भुजेलको संयोजकत्वमा १२ सदस्यीय अखिल नेपाल युवा सङ्गठन, मनीषा भुजेलको संयोजकत्वमा ७ सदस्यीय अखिल क्रान्तिकारी र श्याम घिमिरेको संयोजकत्वमा ११ सदस्यीय अखिल नेपाल क्रान्तिकारी किसान महासङ्घ रामेछाप गठन भएको छ।

# जनपत्रकार सङ्गठन म्याग्दीमा बादल

**म्याग्दी।**

जनपत्रकार सङ्गठन नेपाल म्याग्दीको प्रथम जिल्ला भेला सम्पन्न भएको छ। बेनीबजारमा आयोजित भेलाले बादल शाहीको संयोजकत्वमा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य एवम् म्याग्दी-बागलुङ जिल्ला इन्चार्ज विप्लवको प्रमुख आतिथ्यमा सम्पन्न भेलामा जनपत्रकार सङ्गठन नेपाल राष्ट्रिय सम्मेलन आयोजक समितिका सदस्य रमाकान्त बास्तोला र साहित्यकार ध्रुव शर्मा उपस्थित थिए।

सङ्गठनको उपाध्यक्षमा मनीषा परियार, सचिवमा मिलन बोहोरा, सहसचिवमा विशाल परियार, कोषाध्यक्षमा अनिता र सदस्यहरूमा दलप्रसाद तिलिजा, सुमन थापा, विक्रम बोहोरा, मिडियाना विश्वकर्मा, सपना मगर, कृष्णराज पौडेल रहेका छन् भने ध्रुवराज शर्मालाई समितिको सल्लाहकार चयन गरिएको छ।

# नेता–कार्यकर्तालाई बाढीपहिरो प्रभावितको उद्धारमा लाग्न नेकपाको निर्देशन

**काठमाडौँ।** नेपाल कम्युनिस्ट पार्टीले भीषण वर्षाका कारण पहिरो, बाढी, कटान र डुबानका कारण देशमा जनधनको अपूरणीय क्षति भएको र प्राकृतिक प्रकोपबाट मृत्युवरण गर्ने नागरिकहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरी घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ। नेकपाले मृतकका आफन्तजनहरूप्रति गहिरो समवेदना पनि व्यक्त गरेको छ।

पार्टी प्रवक्ता प्रकाण्डले प्रेस विज्ञप्तिमार्फत राज्यको कमजोर अवस्थाका कारण पहिरो, बाढी, डुबान र कटानबाट प्रभावित जनताको उद्धार र राहतको कार्यमा संलग्न हुन सिङ्गो पार्टीपङ्क्तिलाई विशेष निर्देशन गरेका हुन्। प्रवक्ता प्रकाण्डले मृतकका परिवार हरूलाई उचित राहतको व्यवस्था गर्न, घाइतेहरूको निःशुल्क प्रभावकारी उपचार, बेपत्ता नागरिकहरूको तीव्रतामा खोजी र जोखिमीको आतङ्कमा बसेका बस्तीहरूको सुरक्षित पुनर्बासको व्यवस्था गर्न नेपाल सरकारसँग विशेष माग गरेका हुन्।

पार्टी प्रवक्ता प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'गत आइतबारबाट देशमा भएको भीषण वर्षाका कारण डोटीमा ७ जना, डँडेल्धुरामा १ जना, कालीकोटमा १ जना, सुनसरीमा ३ जना, धनकुटामा ६ जना, इलाममा ७ जना र पाँचथरमा ६ जना गरी ३१ जना नागरिकको दुःखद् निधन हुन पुगेको छ। बभ्काङ जिल्लाको थराला गाउँपालिका ४ मा ६ वटा घर पहिरोमा पर्दा २३ जना नागरिक बेपत्ता हुन पुगेका छन्। बाढी, पहिरो र कटानमा परी कैलालीमा ४ जना, हुम्लामा ६ जनासमेत गरी देशैभरि ४३ जना नागरिक बेपत्ता भएका छन्। कर्णाली नदीमा आएको बाढीका कारण कर्णाली करिडोरको कालीकोट खण्डको जितेस्थित फेरी बगाएर यातायात अवरुद्ध भएको छ। देशैभरि बाढी र डुबानले किसानहरूले लगाएको धानबालीमा ठुलो नोक्सान पुऱ्याएको छ। पहिरो, बाढी, कटान र डुबानका कारण देशमा जनधनको अपूरणीय क्षति भएको यो विपत्को घडीमा मृत्युवरण गर्ने ३१ जना नागरिकप्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ साथै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना पनि गर्दछ। मृतकका आफन्तजनहरूप्रति गहिरो समवेदना व्यक्त गर्दछ।'

प्रवक्ता प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'मृतकका परिवारहरूलाई उचित राहतको व्यवस्था, घाइतेहरूको निःशुल्क प्रभावकारी उपचार, बेपत्ता नागरिकहरूको तीव्रतामा खोजी र जोखिमीको आतङ्कमा बसेका बस्तीहरूको सुरक्षित पुनर्बासको व्यवस्था गर्न नेपाल सरकारसँग हाम्रो पार्टी विशेष माग गर्दछ।'

प्रकाण्डले विज्ञप्तिको अन्त्यमा भनेका छन्, 'राज्यको कमजोर अवस्थाका कारण पहिरो, बाढी, डुबान र कटानबाट प्रभावित जनताको उद्धार र राहतको कार्यमा संलग्न हुन सिङ्गो पार्टीपङ्क्तिलाई विशेष निर्देशन पनि गर्दछौँ।'


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
**पुल महाशाखा**

**पुल योजना सेक्टर नं. २, ललितपुरको सूचना**

१) पुलहरुमा जथाभावी दिशा-पिसाब र फाहोर नफालौं।
२) पुलको तलमाथि खोलाबाट बालुवा, गिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ। पुलको ५०० मिटर तल माथि माटो बालुवा आदि नझिकौं।
३) पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं।
४) मानव शरिरमा रहेको रक्त स्नायु तन्त्रजस्तै पुल सडकको अभिन्न अंग हो। एक ठाउँमा रहेको रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुन सक्छ।



**भन्सार विभागको अनुरोध**


चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृत गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com








शुभकामना
@)&& ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{f]kfjg cj;/df ;DkÚ{bfhbf0 tyf lbblalxgLx¿df xflb{s dªuNdo zesfdgf JoQm ub{5'.

तारा प्रसाद भट्टराई, काठमाडौं



शुभकामना
@)&& ;fnsf]a8f bz}+ze blkfjnL tyf 57 kj{f]kfjg cj;/df ;DkÚ{bfhbf0 tyf lbblalxgLx¿df xflb{s dªuNdo zesfdgf JoQm ub{5f}F
दि यूनाइटेड गोल्ड मार्ट प्रा. लि.
THE UNITED GOLD MART [P] LTD.
पुस्तौं देखिको विश्वास पुस्तौं सम्म...
प्रमुख कार्यालयः चिप्लेढुंगा, पोखरा ०६१-५३५७९८/८२ काठमाडौ शाखाः पाको, न्यूरोड, ०१-४२६६८५५/४२२३६९८
पोखरा शाखा-२: न्यूरोड, पोखरा ०६१-५३५७९८ पोखरा शाखा-३: चाँदी पसल, मोहरिया टोल ०६१-५२०४८८ पोखरा शाखा-४: महेन्द्र पुल, पोखरा ०६१-५३८९४८



**नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी**

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा नेपाल आयल निगम लिमिटेड**

**नेपाल आयल निगम लिमिटेड**
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ